# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क २० पूर्णाङ्क १६५ २०७६ पुस ७ गते सोमबार Monday, 23 Dec, 2019 पृष्ठ ८ मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीका प्रदेश सदस्य रमेश अधिकारीको दुर्घटनामा परी निधन



खोटाङ । नेकपा (क्रान्तिकारी माओवादी)का प्रदेश १ का सदस्य तथा खोटाङ जिल्ला सेक्रेटरी समेत रहेका रमेश अधिकारीको बलेरो जीप दुर्घटनामा परी निधन भएको छ । जिल्लाको रावाबेंशी गाउँपालिका ४ डुम्रेधारापानीमा शनिबार दिउँसो ना १ ज ३७४७ नम्बरको बलेरो जीप दुर्घटनामा परेको थियो । उक्त दुर्घटनामा परी अधिकारीको घटनास्थलमै निधन हुन पुगेको थियो ।

घाइते भएका चालक रामबहादुर कुँवरको पनि उपचारको क्रममा निधन भएको बाँकी ५ पेजमा

## क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठकका निर्णय सार्वजनिक

# भारतीय हस्तक्षेपका विरुद्ध चरणबद्ध संघर्ष गर्ने घोषणा

### अतिक्रमित भूमि फिर्ता गर्न "कालापानी जाऔं" अभियान चलाउने



काठमाडौं । २०७६ मङ्सिर २६ देखि २९ गते सम्पन्न नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको पूर्ण बैठकले लिएका निर्णयहरू सार्वजनिक भएको छ । पार्टीका महासचिव मोहन वैद्य'किरण'ले एक सार्वजनिक प्रेस विज्ञप्ति जारी गरी बैठकले गरेका महत्वपूर्ण निर्णयहरू सार्वजनिक गरेका हुन् । बैठकले भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि फिर्ताको माग गर्दै 'कालापानी जाऔं' अभियान सञ्चालनसहित भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध चरणबद्ध संघर्ष सञ्चालन गर्ने निर्णय गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

बैठकले पहिलो चरणमा पौष महिनामा पार्टी, जबस मोर्चाका बैठक बस्ने, विभिन्न पक्षसित अन्तर्क्रिया गर्ने तथा कार्यगत एकताका लागि छलफल चलाउने र आफ्नै पहलमा देशका विभिन्न शहरहरूमा विरोध प्रदर्शन कार्यक्रम सञ्चालन गर्ने, दोस्रो चरणमा माघदेखि देशव्यापी रूपमा पार्टी, संयुक्त मोर्चा, जबस मोर्चासहितलाई समावेश गरी विभिन्न संयुक्त अभियानहरू सञ्चालन गर्ने र तेस्रो चरणमा देजमो तथा सबै जनवर्गीय मोर्चाहरूको संयुक्त पहलमा "कालापानी जाऔं" अभियान चलाउने लगायतका संघर्षका कार्यक्रम गर्ने विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा वर्तमान कम्युनिस्ट नामधारी सरकार राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या समाधान गर्न असफल बन्न गएको र बाँकी ८ पेजमा

## सीमा अतिक्रमणको बिरुद्ध प्रधानमन्त्रीलाई ज्ञापनपत्र



● रवि पाण्डेय

नवलपरासी । क्रान्तिकारी माओवादी सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा - नेपाल जिल्ला संगठन समिति पश्चिम नवलपरासीले सिमा अतिक्रमणको बिरुद्ध प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । बुधवार सो मोर्चाका जिल्ला संयोजक राजु प्रसाद खनालको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले जिल्ला प्रशासन मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र पठाएको हो ।

पश्चिम नवलपरासीको सुस्ता भुमिमा भारतीय पक्षले गरेको सिमा अतिक्रमण तथा सिमाक्षेत्रको दशगजामा भारतीय सुरक्षाकर्मीले अस्थायी चेकपोष्ट बनाएको भन्दै मोर्चाले ध्यानाकर्षण स्वरूप ज्ञापनपत्र बुझाएको जिल्ला संयोजक खनालले जानकारी बाँकी ४ पेजमा

## क्रान्तिकारी विद्यार्थीहरूद्वारा गृहमन्त्री थापाको राजीनामा माग

बुटवल । मोहन बैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारी रूपन्देहीले मंगलवार बुटवलमा प्रदर्शनसहित विरोध सभा गरेको छ । बांकेको कोहलपुरमा विद्यार्थीमाथि प्रहरीले गरेको दमनका बिरुद्ध क्रान्तिकारीले प्रदर्शन गरेको हो । प्रर्दशनपछि आयोजित सभामा बोल्दैं नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य एवं विद्यार्थी फ्याक्सन इन्चार्ज निरज केसीले कोहलपुरमा विद्यार्थीमाथि प्रहरीबाट भएको दमनको विरोध गर्दैं दमन



गर्ने प्रहरीलाई कारवाही गर्न आग्रह गरे । उनले प्रहरीले विद्यार्थीमाथि दमन होइन भारतले मिचेका सीमा जोगाउन लाग्नुपर्नेमा जोड दिए । बाँकी ७ पेजमा

## राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिबारे क्रान्तिकारी माओवादीको ताजा विश्लेषण

### भारतीय विस्तारवादी हस्तक्षेपका विरूद्ध चरणबद्ध संघर्ष सञ्चालन गर्ने

काठमाडौं । २०७६ मङ्सिर २६ देखि २९ गतेसम्म नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको पूर्ण बैठक सम्पन्न भएको छ । बैठकले भारतीय विस्तारवादका विरुद्ध चरणबद्ध संघर्ष सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकले पहिलो चरणमा पौष महिनामा पार्टी, जवस मोर्चाका बैठक बस्ने, विभिन्न पक्षसित अन्तर्क्रिया गर्ने तथा कार्यगत एकताका लागि छलफल चलाउने र आफ्नै पहलमा देशका विभिन्न शहरहरूमा विरोधप्रदर्शन कार्यक्रम सञ्चालन गर्ने, दोस्रो चरणमा माघदेखि देशव्यापी रूपमा पार्टी, संयुक्त मोर्चा, जबस मोर्चा सहितलाई समावेश गरी विभिन्न संयुक्त अभियानहरू सञ्चालन गर्ने र तेस्रो चरणमा देजमो तथा सबै जनवर्गीय मोर्चाहरूको संयुक्त पहलमा 'कालापानी जाऔं' अभियान चलाउने लगायतका कार्यक्रम गर्ने निर्णय गरेको छ ।


बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्न पार्टी महासचिव मोहन वैद्य किरणले जारी गरेको विज्ञप्तिमा वर्तमान कम्युनिस्ट नामधारी सरकार राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या बाँकी ४ पेजमा

(२०७६ मार्ग २६ देखि २९ सम्म सम्पन्न के.स.को बैठकमा नेकपा (क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'द्वारा प्रस्तुत तथा पारितराजनैतिक प्रतिवेदनको अंश)

**वर्तमान राजनीतिक परिस्थिति**

१– आ-आफ्ना स्वार्थ र प्रभुत्वका निम्ति विभिन्न साम्राज्यवादी तथा शक्ति केन्द्रहरूका बीच विभिन्न क्षेत्रमा चल्दैआएका प्रतिस्पर्धा र अन्तर्विरोधहरू अहिले पनि जारी नै छन् । यी प्रतिस्पर्धा तथा अन्तर्विरोध एकातिर व्यापार युद्ध र अर्कोतिर विभिन्न देशमा आ-आफ्नो प्रभुत्व विस्तार गर्नका लागि तिव्र बन्दै गएका छन् । अहिले थप कुरा के छ भने हङकङमा सुपुर्दगी विधेयकका विरुद्ध चल्दै आएको आन्दोलनलाई अमेरिकाले समर्थन गरेको छ भने चीनले त्यसको विभिन्न रूपमा प्रतिवाद गर्दै आएको छ । त्यसैगरी, बोलिभियामा गत अक्टोबरको निर्वाचनमा चौथो पटक राष्ट्रपति बनेका वामपक्षीय इभो मोरालेसलाई राजीनामा दिन वाध्य गराई जेनिन अनेसको नेतृत्वमा अन्तरिम बाँकी ३ पेजमा

## नेपालका कम्युनिस्टहरूले बिर्सेका जोसेफ स्तालिन



● भरत पोखरेल

जोसेफ भिसारियोनोभिक स्तालिन दिसम्बर १८, १८७८ मा रुसको गोरीमा जन्मेका थिए । उनी १९२२ देखि १९५३ सम्म लेनिन पछि सोभियत सँघ कम्युनिस्ट पार्टीको महासचिव रहे । स्तालिनले सन १९२० को दसकमा रुसमा पञ्चवर्षिय योजनाको सुरुवात गरेर कृषिमा आधारित रुसलाई औद्योगिक सोभियत सँघमा परिवर्तन मात्र गरेनन् सोभियत सँघलाई विश्वको महाशक्ति नै बनाए । दोस्रो विश्व युद्धको बेला दिसेम्बर १९४३ मा नाजी सेना मस्को पुगेको थियो र स्तालिनलाई आत्मसमर्पण गर्ने आदेश दिँदा स्तालिनले मस्कोमा आफ्ना सेनालाई एक कदम पनि पछि हट्ने होइन भनेर ठूलो बलिदान गर्दै नाजी फौजलाई लखेटेर बर्लिन पुर्याइ दिए । स्तालिनका छोरा याकोबलाई हिटलरका सेनाले बर्लिनमा नाजी यातना गृहमा आत्मसमर्पण गरे छाड्ने भनेका थिए तर स्तालिन मानेनन् र याकोबलाई नाजीहरूले मारे ।

दोस्रो विश्वयुद्धमा हिटलरलाई हराउन बेलायत, अमेरिका र रुसको संयुक्त गठबन्धन बनेको थियो । यसको नेतृत्व स्तालिन, चर्चिल र रुजबेल्टले गरेका थिए र यो गठबन्धनले दोस्रो विश्वयुद्ध जितेको थियो । स्तालिनको मृत्यु मार्च ५, १९५३ मा भयो । वर्तमान समयमा स्तालिनको महत्व रुसमा झन बढेको रुसीहरू भनिरहेका छन् । रुसीहरूले स्तालिनको शालिकहरू थपिरहेका छन् । यही गएको मार्चमा रुसको सर्वाधिक विश्वसनीय सर्भे सेन्टर लेभादाले स्तालिन बारे एउटा बाँकी ५ पेजमा

# सरकारले अमेरिकासँग गरेको एमसीसी सम्झौताको चौतर्फी विरोध



काठमाडौं । नेपाल सरकार र अमेरिकाको मिलेनीअम च्यालेन्ज कर्पोरेशन (एमसीसी) बीच अढाइ बर्षअघि भएको सम्झौता भएको अहिले आएर धेरै विवादित बन्न पुगेको छ । उक्त विवादीत सम्झौताबारे सत्तारुढ नेकपाको बैठकबमा नेताहरूबीच चर्काचर्कि समेत भएको छ । नेकपाको यसै साता सुरु भएको स्थायी समिति बैठकमा एमसीसीको विषयमा चर्को विवादित भएको हो ।

अमेरिकासँगको विशाल अनुदान सम्झौता, मिलेनीअम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) लाई प्रतिनिधिसभामा अनुमोदनका निम्ति दर्ता गरिएको छ महिनाभन्दा धेरै भइसकेको छ । सम्झौता भएको महिनौ पछि अहिले आएर यो विषयमा सत्तारूढ दलमै चर्काचर्की हुनुको कारण के होला । यो विषय अहिले धेरैको चासो बन्न पुगेको छ । यो विवादमा मुख्यत दुई प्रकृति देखिएको कतिपयको ढम्याई रहेको छ । सम्झौताको पक्षमा प्रधानमन्त्री पक्षधर देखिएका छन भने सम्झौताको विपक्षमा नेकपाका अन्य नेताहरू देखिएका छन् । बाँकी ५ पेजमा

## राष्ट्रिय स्वाधीनताको आन्दोलनको दिशा

ब्रिटिश साम्राज्यवादले भारत छोडेर गए पनि भारतीय विस्तारवादी शासकहरूले नेपालको राष्ट्रिय स्वाधीनता ,क्षेत्रीय अखण्डता र सार्वभौमिकता माथि निरन्तर हस्तक्षेप गर्दै आएका छन् । सन् १९५० को असमान सन्धिदेखि सबै असमान सन्धि सम्झौताहरू सिमा विवादहरू, पटकपटक नेपाललाई भारतले गर्ने नाकाबन्दी यसको उदाहरणहरू हुन् । आज लिम्पियाधुरा, सुस्तालगायत ७१ ठाउँमा भारतीय शासकहरूले नेपालको सिमा मिचेको कुरा सिमा विज्ञहरूले बताइरहेका छन् । नेपालको कालापानी क्षेत्रमा वर्षौदेखि भारतीय सेना बसिरहेको छ । भारत सरकारले नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापनी क्षेत्रलाई आफ्नो भूभागमा पारेर नक्सा बनाएको थियो । अहिले पनि भारत सरकारले आफ्नो संविधानको धारालाई खारेज गरेर काश्मिरलाई भारतको प्रान्त बनाएपछि पनि पुनः नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई आफ्नो भूभागमा पारेर राजनैतिक नक्सा प्रकाशित गरेको छ । नेपाल पक्षबाट त्यसको विरोध हुँदा भारतीय मन्त्रीहरूले नेपालको कुनै भूभाग नमिचिएको आफ्नो भूमिको मात्र राजनैतिक नक्सा बनाएको भनेर बोलिरहेका छन् ।

यता नेपाली देशभक्त जनताहरूले पनि भारतीय विस्तारवादी शासकहरूद्वारा नेपालको राष्ट्रिय स्वाधीनता, क्षेत्रीय अखण्डता र सार्वभौमिकतामाथि हुँदै आएको हस्तक्षेपको विरुद्ध सयौं वर्षदेखि निरन्तर सङ्घर्ष गर्दै आएका छन् । सन् १९५० को असमान सन्धि, राष्ट्रघाती महाकाली सन्धि, कोशी र गण्डक सम्झौतालगायत सबै असमान सन्धि सम्झौताहरूको विरुद्धमा देशभक्त नेपालीहरूले विरोध गर्दै आएका छन् । लिम्पियाधुरा, सुस्तालगायत जहाँ जहाँ सिमा अतिक्रमण भएका छन् त्यस्को पनि देशभक्त नेपालीहरूले विरोध गर्दै आएका छन् । अहिले भारत



● रामसिंह श्रीश ●

सरकारले नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई आफ्नो देशको भूभागभित्र पारेर नयाँ नक्सा प्रकाशित गरेपछि नेपालका देशभक्त जनताहरूले भारतीय विस्तारवादी हस्तक्षेपको विरुद्धमा जोडदाररूपमा सङ्घर्ष गरिरहेका छन् र यो आन्दोलनलाई एउटा सहि दिशामा विकास र विस्तार गर्न जरुरी छ । नेपालको राष्ट्रिय स्वाधीनताको आन्दोलनको सहि दिशा के हुन सक्छ ? त्यस बाँकी ४ पेजमा

## सम्पादकीय

# "कालापानी जाऔं" अभियान

सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरूको पार्टीको रूपमा मोहन वैद्य'किरण'ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) स्थापित छ । यो पार्टीले लामो समयदेखि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई प्रमुखताका साथ उठाउँदै आएको छ । पार्टीको हालै सम्पन्न केन्द्रीय समितिको बैठकले राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई प्रमुखताका साथ उठाउने नीति लिंदै सोही अनुरूपका संघर्षका योजना तथा कार्यक्रमहरू समेत तय गरेको र नेपालमा भारतीय विस्तारवादले गरेको हस्तक्षेप तथा अतिक्रमणका विरुद्ध चरणबद्ध संघर्ष गर्ने उद्घोष गरेको छ ।

सामन्त, दलाल तथा नोकरशाही पुँजीपति वर्गको रूपमा रहेको सत्तासिन घरेलु प्रतिक्रियावादी वर्ग र भारतीय विस्तारवादको रूपमा रहेको वैदेशिक रूपमा प्रतिक्रियावादी वर्गका विरुद्ध लडेर मात्रै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ भन्ने विश्लेषण र निष्कर्ष निकाल्दै आएको क्रान्तिकारी माओवादीले पछिल्लो केन्द्रीय समितिको बैठकबाट घरेलु दलाल प्रतिक्रियावादी सत्ता तथा व्यवस्थाका साथै वैदेशिक प्रतिक्रियावादको रूपमा रहेको भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्धको संघर्षलाई घनिभूत रूपमा अगाडि बढाउनु पर्ने ठहर गरेको छ । र, चरणबद्ध संघर्षको उठानको तयारीमा जुटेको छ ।

संघर्षको एउटा उत्कर्षको रूपमा "कालापानी जाऔं" अभियान सञ्चालन गर्ने समेत निर्णय गरेको छ। क्रान्तिकारी माओवादीको यो निर्णयलाई सच्चा देशभक्तहरूले अत्यधिक रूपमा मन पराएका छन् । र, क्रान्तिकारी माओवादीका नीति तथा कार्यक्रमहरूलाई नजिकबाट निहालिरहेका छन् ।

लिम्पियाधुरा-लिपुलेक-कालापानी लगायतको नेपाली भूमि आफ्नो नक्सामा गाभी भारतले नयाँ राजनीतिक नक्सा जारी गरेपछि नेपालमा राष्ट्रिय स्वाधीनताको आन्दोलन चर्किरहेको छ । तर यहाँको सरकारले ठोस र प्रभावकारी पहल नगर्दा एकातिर सरकार नाङ्गिन पुगेको छ र उसको दलाली चरित्र उदाङ्गो हुन पुगेको छ भने जनस्तरबाट समेत विकसित आन्दोलनहरूले राजनीतिक नेतृत्व नपाउँदा जारी आन्दोलन धर्मराउँदो अवस्थामा पुगिरहेको छ । यस पृष्ठभूमिमा एउटा राजनीतिक पार्टीको स्तरबाट अतिक्रमित भूमि फिर्ताको माग गर्दै कालापानी जाऔं भन्ने अभियान सहित संघर्षका कार्यक्रमहरू घोषणा भएपछि नागरिक समाज तथा आन्दोलनरत अन्य पक्ष समेत उत्साहित बनेका छन् । त्यसमाथि विचार र राजनीतिक रूपमा श्रेष्ठ रूपमा स्थापित पार्टीले राष्ट्रिय स्वाधीनताको पक्षमा आन्दोलनरत सत्ताइतरका राजनीतिक पार्टी तथा नागरिक समाजसँग समेत छलफल, वार्ता गरी वृहत् राष्ट्रिय राजनीतिक आन्दोलनको उठानका निम्ति ठोस पहल अगाडि बढाएपछि थप उत्साहको सञ्चार भएको छ । र, अब छिट्टै एउटा सशक्त राष्ट्रिय स्वाधीनताको आन्दोलन उठ्ने आशा र विश्वास आम जनमानसमा देखिएको छ ।

यस अवस्थामा नेकपा (क्रान्तिकारी माओवादी), सम्बद्ध देजमो तथा जबस मोर्चाका नेतृत्वहरूले चौतर्फी रूपमा सच्चा देशभक्त र क्रान्तिकारी शक्तिलाई गोलबन्द गरी वृहत् राष्ट्रिय राजनीतिक आन्दोलन उठानका निम्ति विशेष जोड दिन जरुरी देखिएको छ । विश्वभर छरिएर रहेका नेपालीहरूले विभिन्न देशमा भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध गरिरहेका आन्दोलनहरूलाई पनि संगठित गर्न जरुरी छ । वृहत् राष्ट्रिय राजनीतिक आन्दोलनको ज्वारभाटाको उठान नगरी र यो मुद्दालाई अन्तर्राष्ट्रियकरण नगरी अतिक्रमित भूमि फिर्ता हुने देखिएको छैन । तसर्थ, सम्पूर्ण सच्चा देशभक्त नेपालीहरूले एकजुट भएर राष्ट्रिय स्वाधीनताको आन्दोलनको उठानमा जोड दिनु पर्दछ। त्यस अर्थमा नेकपा (क्रान्तिकारी माओवादी)ले लिएको पहल र घोषणा गरेका संघर्षका कार्यक्रमहरू ऐतिहासिक र दुरगामी महत्वका छन् । यसमा जनसहभागिता र स्वीकार्यताको दायरालाई फराकिलो बनाउने गरी पहलदमी अगाडि बढाउन जरुरी छ ।



**परिवर्तनको सम्वाहक**

मूलबाटो

**सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।**

www.moolbato.com


# संसदीय सरकारको प्रमुख कामः उपभोग्य वस्तु सबै आयात युवा जनशक्ति सबै निर्यात



● घननाथ सापकोटा ●

पछिल्लो दुईदशकयता नेपाली युवा युवतीहरू रोजगारीको लागि विदेसिने कार्य अत्यधिक बडेर गएको छ । खासैमा भन्नुपर्दा उनीहरूले भित्र्याएको रेमिट्यान्सबाट देसको अर्थतन्त्र धानिएको छ । जुन देसको जल्दोबल्दो युवाशक्ति विदेस पलायन हुन्छ भने त्यो देसको आर्थिक,सामाजिक,राजनैतिक विकास कसरी हुन्छ ? हाम्रो देस नेपालले उपभोग्यबस्तु सबै आयात गर्दछ । नेपाली जनताका छोराछोरी मात्र निर्यात गर्दछ । साँच्चै देसको आर्थिक उन्नति गर्ने हो भने उपभोग्यवस्तु सबै निर्यात गर्ने र अरु देसका युवाहरू समेत आयात गरेर देसको उन्नतिमा लगाउन पर्दथ्यो । दक्षिणकोरिया, मलेसिया, अष्ट्रेलिया, साउदीअरब, डेनमार्क, कतार, कुबेत, इराक आदि देसहरूले अरु देसका युवाहरूलाई श्रमरोजगार दिएर देसको आर्थिक विकास गरेका छन् । उत्पादित बस्तु निर्यात गरेका छन् । यसरी पुँजीको विकास गरेका छन् । हाम्रो देसले युवाशक्ति निर्यात गर्दछ यसकारण कङ्गाल भएको छ । हाम्रो देसका नेताहरू युवाहरू विदेस पलायन हुनुलाई गर्व मान्दछन्, विभिन्न देसमा श्रम रोजगार खुला गरेर देसका युवाहरूलाई विदेश पठाउनमा उनीहरू गौरवको विषय ठान्दछन् । ओली सरकारले समृद्ध नेपाल र सुखी नेपालीको नारा अगाडि सारेका छ । यो नारा नारामा मात्र सिमित हुन गएको छ । समृद्ध नेपाल सुखी नेपाली त सत्तामा गएका र सत्तामै पहुँच भएका व्यक्तिलाई मात्र हुन गएको छ । आम श्रमजीवी जनतालाई यो नारा आकासको फल आँखाँ तरी मर हुन गएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम आफ्ना पार्टीका कार्यकर्तालाई राष्ट्रको ढुकुटी बाँडेर आजभोली गुपचुप भएको छ । यसरी देसको युवाशक्ति पलायन हुनका निम्नकारणहरू बुझ्न सकिन्छ ।

१) सुशासनः– कुनै पनि देसको नागरिक ढुक्क र सुखसङ्ग बाँच्नको लागि त्यो देसमा सुशासन हुनुपर्दछ । नागरिक ढुक्क र सुखसङ्ग बाँच्यो भने मात्र उसले देसलाई श्रम र सेवा गर्न सक्दछ, तबमात्र देश उन्नतिको बाटोमा अगाडि बड्दछ । नेपालमा राज्यको तर्फबाट मौलिक हक अन्तर्गत जनताले पाउन पर्ने शिक्षा , स्वास्थ्य , रोजगार र सुरक्षाको प्रत्याभूति यहाँ छैन । यी सबै विषयहरू सत्ता सरकारका आफन्तहरूको लागि मात्र भएको छ । शिक्षामा प्राप्त हुने छात्रवृत्ति पहुँच हुँनेका लागि, स्वास्थ्य पहुँच हुनेका लागि, रोजगार पहुँच हुनेका लागि, न्याय पहुँच हुनेका लागि । यी माथिका विषय सत्ताभन्दा बाहिर रहेका पार्टीका मान्छे र सर्वसाधारण जनताले च्याउन पनि पाँउदैनन् । सत्तामा बसेका मान्छेले यहाँ जे गरेपनि हुन्छ जस्तोसुकै अपराध गरेपनि उनीहरूलाई छुट हुन्छ । प्रहरी प्रशासन र न्यायालयले उनीहरूका विरुद्धमा उजुरी दर्ता गर्दैन । सामान्य जनताले सामान्य गल्ती गर्दापनि कार्बाइ गर्ने गोली हान्नेसमेत गरिन्छ । तपाँइँ भन्नुहोला सत्ताका मान्छेहरू पनि धमाधम कार्बाइमा परेका छन् । यो त अति भएर यो देसमा सुशासन छ भनेर राष्ट्रिय अन्तर ाष्ट्रियरूपमा आँखाँमा छारो हाल्न एकाध घटना बाहिर ल्याइएको हो । होइन भने यस्ता अपराधीहरू त यो देसमा कति छन् कति, भ्रष्टाचार कति मौलाएको छ । चुनाव आफ्नो प्रभावमा पार्न दलाल कमिसनखोरबाट कमिसन लिएर देसमा महङ्गी बढाएर जनताको ढाड सेकाइएको छ । देसको सम्पुर्ण ढुकुटी सत्तामा बसेका व्यक्तिहरूले आफ्नो निजि प्रयोजनको लागि राँइ दाँइ छ । ३३ किलो सुनकाण्ड, वाइडबडीकाण्ड, एनसेलकाण्ड, आयलनिगमकाण्ड , जनमुक्तिसेनाको क्याण्टेण्टमेण्टकाण्ड, अजय सुमार्गीकाण्ड, बालुवाटार जग्गाकाण्ड, टुँडिखेल जग्गाकाण्डआदि । यसको विरोध गर्ने र भिन्न विचार राख्ने व्यक्तिलाई सत्ताधारीले अरिङ्गाल बनेर जाइ लाग भन्छ र सत्ताबाट संरक्षित चुल्ठे मुन्द्रेहरू घर घेरा हाल्ने ,चोक चौतारामा लाठि,भाला गरेर आतङ्क फैलाउने काम गरिन्छ । यस परिस्थितिमा कसरी बस्छ युवा देसमा ?

२) वैज्ञानिक तथा व्यावहारिक शिक्षाको अभाव :– नेपालको शिक्षा व्यावहारिक र वैज्ञानिक छैन । विद्यार्थीले हासिल गरेको शिक्षा जीवनोपयोगी छैन । हाम्रो शिक्षानीति नै अरु देसको नक्कल गरिएको छ । कृषि, पर्यटन, पशुपालन, सानासाना घरेलुउद्योग सञ्चालनको लागि उपयोगी शिक्षाको अभाव छ । आजभन्दा १०–१५ वर्ष अगाडि नितान्त जागिर खानको लागि पढ्ने भन्ने हुन्थ्यो भने हाल आएर विदेश जानकोलागि पढ्ने भन्ने सोचको विकास भएको छ । +२ गरेपछि युवाहरूको ध्यान विदेसतिर तानिन थाल्दछ ।

३) बेरोजगार :–सरकारले आफ्नो देसको युवा जनशक्तिलाई देसमा रोक्नको लागि रोजगार सृजना गर्नुपर्दछ तर सरकार यो काम गर्दैन । देसको ढुकुटी तलबभत्ता, विदेसभ्रमण र भ्रष्टाचारमा स्वाहा पार्दछ । देसमा उद्योगधन्दाहरू खोलेर रोजगार सृजना गर्नपट्टी ध्यानै छैन । विदेसी दातृराष्ट्रहरूले खोलिदिएको राष्ट्रिय उद्योगधन्दाहरूपनि कौडीको मुल्यमा बेचेर खाए । देसमा भएका केहि सिमित रोजगारहरू सत्तामा भएका व्यक्तिका आफन्तहरूलाई ठिक्क छ , युवाहरू रोजगारको लागि विदेसिन वाध्य छ । अनि कसरी बस्दछ युवा देसमा ?

४) विभेद :– देसमा विभेद चर्को छ । हिजो राणा र पञ्चायतका पालामा जुन खालको विभेद थियो त्यै अझ विकास भएर गएको छ । उपल्लो जातले तल्लो जातलाई हेप्ने , धनीले गरिबलाई, पढेकोले नपढेकोलाई, पाहाडले मधेसलाई, हाकिमले तल्लो स्तरको कर्मचारीलाई, सहरमा बसेकोले गाउँमा बसेकालाई यो कारणले पनि युवा विदेसिएको छ ।

५) अस्वस्थ राजनीति :– नेपालमा स्वस्थ राजनीति छैन । राजनीति देस र जनताको भन्दापनि सत्ता प्राप्त गर्न र दलिय स्वार्थ र निजी स्वार्थको लागि गरिञ्छ, शान्तिपूर्णरूपमा आफ्ना पार्टीका विचार, सिद्धान्त जनताका बिचमा राखेर जनताको मन जित्न भन्दापनि पैसा र शक्तिको बलमा आफु सत्तामा पुग्ने र अरु विचारमाथि कानुनको डण्डा लगाएर हुन्छ कि, गुण्डागर्दी गरेर हुन्छ कि समाप्त पार्ने खेल नै नेपालमा छ । २०७३ को भरतपुर महानगरपालिकाको चुनावलाई हेरे उदाहरण काफी छ । थ्रेसहोल्ड लगाएर हुन्छ कि अरु षडयन्त्र गरेर हुन्छ देसका पहुँच भएका ठुला पार्टीबाहेक अरुलाई यहाँ प्रतिस्पर्धाको राजनीतिबाट वञ्चित गरिएको छ । राजनीतिमा अपराधीकरण र भ्रष्टिकरण बढेर गएको छ । सत्तामा बसेका सांसद र मन्त्रीहरू नागरिक हत्या र भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । यो देसको सभामुखलाई यौन दुराचारको

*बाँकी ४ पेजमा*

# आदिवासी जनजाति आन्दोलन र कम्युनिस्ट पार्टी



● खगेन्द्र छन्त्याल ●

अक्सर आदिवासी भन्दा जनजाति पनि झुन्डेर आउने जनजाति भन्दा आदिवासी पनि संगै आउने गरेको देखिन्छ ! तर आदिवासी र जनजाति फरकफरक हुन ! आदिवासी शव्दले भूगोल संग सम्बन्ध राख्दछ ! जनजाति शव्दले समाज बिकासको चरण संग सम्बन्ध राख्दछ ! सरल शब्दमा भन्नुपर्दा कुनै निश्चित भूगोलमा आदिकाल देखि बस्दैआएको व्यक्ति, समुदायलाई आदिवासी भनिन्छ ! त्यस्तै हिन्दु वर्णाश्रम व्यवस्था भन्दा बाहिर रहेको, बसाईको निम्ति आ-आफ्ना निश्चित भूगोल रहेको, आ-आफ्नै बेग्लाबेग्लै भाषा,संस्कार र संस्कृति भएको, मातृसतात्मक सत्ताको छाप रहेको, कविलाई समाजदेखि माथि उठेको तर आफुलाई रास्ट्रको रूपमा बिकास गर्न नसकेको साथै राज्यको मुलधारमा नसमेतियको मानव समुदायलाई जनजाति भनिन्छ ! यद्धपि ९ नेपालको सन्दर्भमा नेपालका जनजातिहरू नै नेपालका आदिवासी हुन नेपालका आदिवासी भनेकै नेपालका जनजाति समुदाय हुन ! तर सबै ठाउका आदिवासीहरू जनजाति हुदैनन् र सबै जनजातिहरू सम्बन्धित ठाउको आदिवासी हुनसक्दैनन् !

सुनिन्छ , प्राय नेल्शन मन्डेला भन्नुहुन्थ्यो ९ दक्षिण अफ्रिकामा कालाहरू आ-आफ्नै भूभागमा , आ-आफ्नै धर्म,भाषा संस्कार र सस्कृतिमा रमेका थिए ! उनीहरू स्वतन्त्र थिए,सम्पन थिए र खुशी थिए, शुखी थिए ! कालान्तरमा इंगल्याण्ड वाट केहि गोराहरू हातमा बाईबल लिएर आय र कालाहरूलाई भने ९ हात थाप र आँखा चिम्ल ! गोराहरूले भनेजस्तै कालाहरूले हात थापेर आँखा चिम्ले ! जव कालाहरूले आँखा खोलि हेरे आफ्ना हातमा बाईवल भेटे, गोराहरूको हातमा दक्षिण अफ्रिका ! ठिक त्यसरी नै, नेपालका आदिवासी जनजातिहरू आ-आफ्नै भूभागमा, आ-आफ्नै भाषा,धर्म,संस्कार र संस्कृतिमा मख्ख थिए ! बाह्रौ सताब्दीको अन्त्यतिर हिन्दु( मुसलमान युद्धको त्रासले भागेका हिन्दु आर्यहरू जव दक्षिण तिर बाट हातमा हिन्दु ग्रन्थ लिएर नेपाल प्रवेश गरे त्यतिवेला देखिनै नेपालका आदिवासी जनजातिहरूलाई असहज, अप्ठ्यारो र उकुसमुकुसको अनुभूति भयो ९ टाठा,बाठा स्वभावका आगन्तुक हिन्दु आर्यहरूले याहाका आदिवासी जनजातिलाई भने हात थाप, आँखा चिम्ल ! भोला,भाला, सोझा,सिधा आदिवासी जनजातिहरूले आगन्तुक हिन्दु आर्यहरूको आगाडी आँखा चिम्लेर हात थापे ! जव उनीहरूले आँखा खोलि हेरे आफ्ना हातमा मनुस्मृति,गीता आदि ईत्यादि हिन्दु ग्रन्थहरू भेटे आगन्तुक हिन्दु आर्यहरूको हातमा नेपाल देखे ! ' राज्यसत्ता भन्दा तलका कुराहरू सबै भ्रम हुन ' भन्ने माओका शिक्षालाई माओ जन्मनु भन्दा अघि नै बुझेका आगन्तुक हिन्दु आर्य हरूले सोझा स्वभावका आदिवासी जनजातिहरूको हातमा हिन्दु ग्रन्थ राखिदिएर उनीहरूलाई लट्ठ पारेर षड्यन्त्रपूर्ण ढंगले नेपालको राज्यसत्ता आफ्नो हातमा लिए !

तत्पश्चात नेपाललाई ' चार जात छत्तिस बर्ण को फुलवारी ' त भनियो तर याहा सबै फूलहरूले स(सम्मान फुल्ने र फक्रिने मौका पाएनन ! केहि फूलहरू ढकमक्क फुलेर बारीमा मात्र होईन वारिपारि डाडाकाडा बिस्तार भए ! बाँकी फूलहरू ओईलिएर, सडेर अझ उखेलिएर नामोनिशाना मेटिए ! हिन्दु धर्मलाई रास्ट्रिय धर्म र नेपाललाई हिन्दु अधिराज्य घोषणा गरियो ! आदिवासी जनजातिका आ-आफ्नै मातृ धर्म का साथै अन्य धर्म र तिनका अनुयायीहरूलाई दुस्मनको ब्यबहार गरियो तत्कालिन नगन्य संख्याका नेपालीको बीच तेत्तिस करोड हिन्दु देवीदेवताका मठ मन्दिर निर्माण गर्ने र तिनमा अनिवार्य पुजापाठ गर्न उर्दी जारि गरियो ! स्कुल,कलेज, दोबाता,चौबाटा,सडकपेटी, आर्मी ब्यारेक, पुलिस चौकी, घर,जंगल,कतै बाकि राखिएन जता ततै हिन्दु मठ मन्दिर स्थापना गरिए ! नेपाली आदिवासी जनजातिका मौलिक परम्परा, संस्कार, संस्कृतिलाई जवर्जस्ती कुल्चेर हिन्दु संस्कार, संस्कृतिलाई स्थापित गरियो ! हिन्दु संस्कृति अनुसारको चाड दशैं मान्न बाध्य पारियो ! पन्ध्र दिन सम्म दशैको उत्सव गरेर नेपाललाई हिन्दुमय बनाउन प्रयास गरियो ! दशैं मान्न नचाहने आदिवासी जनजातिहरूलाई मृत्यु दण्ड सम्म दीईयो ! ' एउतै भाषा एउतै भेष ' को नारा दिएर आदिवासी जनजातिहरूको आ-आफ्ना भाषा प्रयोग गर्न पाउने अधिकारमाथि बन्चरो प्रहार गरियो ! र खस भाषालाई रास्ट्रिय भाषाको मान्यता दिएर सरकारी कामकाजी भाषा बनाईयो ! आदिवासी जनजातिका सबै भाषालाई रद्दीको टोकरीमा मिल्काईयो ! खस भाषालाई अस्विकार गर्नेहरूका निम्ति कडा कानुन बनाईयो !

आगन्तुक हिन्दु आर्यहरूले जात अनुसारको सामाजिक मर्यादा र पेशा निर्धारण गरे ! तोकिएको मर्यादा र पेशा बिपरित गरेमा डरलाग्दो दण्डको घोषणा पनि गरे ! उनीहरूले ब्राहमण सबभन्दा ठुलो जात, त्यसपछि क्षेत्रि र आदिवासी जनजाति अनि दलित को मर्यादा कायम गरे ! एउटै देशका उही मान्छेलाई पहिलो, दोस्रो, तेस्रो र चौथो दर्जाका मान्छेमा परिणत गरियो ! दोस्रो,तेस्रो र चौथो दर्जाका मान्छेहरूले छोएको चिज पहिलो दर्जाका मान्छेले खान नहुने , चौथो दर्जाको मान्छेले छोएको दोस्रो र तेस्रो दर्जाको मान्छेले पनि खान नहुने कडा ब्यबस्था गरियो ! त्यसलाई पालना गर्न गराउनका निम्ति विभिन्न एन,कानुन हरू निर्माण गरियो ! उनीहरूले ब्राह्मणको काम शासन सत्ता चलाउने, क्षेत्रिकोकाम राज्यसत्ताको सुरक्षा गर्ने र अन्य अर्थात आदिवासी जनजाति र दलितको काम बस्तुभाउ पाल्ने, भारि बोक्ने, निर्माणका काम गर्ने र ब्यापार व्यवसायको काम गर्ने तोकियो !

' बन कुखुराले घर कुखुरा खेदे झैं ' नेपालको शासन सत्ता आफ्नो हातमा लिएर मालिक बनेका आगन्तुक हिन्दु आर्यहरूले भाषिक, धार्मिक,सांस्कृतिक, सामाजिक, राजनैतिक क्षेत्रमा जस्तै आर्थिक क्षेत्रमा पनि याहाका आदिवासी जनजातिहरूलाई खेद्ने काम गरे ! उजाड भूमिलाई दुख्ख कस्ट गरि समथर, उब्जाउ खेतीयोग्य र बस्ति योग्य जमिन निर्माण गरि राहतको सास फेर्दै उज्यालो भबिस्यको सपना बोकेर आज सुतेको एउटा आदिवासी जनजाति भोलिको झिसमिसे मै जंगल तिर खेदिन बाध्य हुन्छ ! जंगलमा पुगेर भाग्यको खेल भन्दै पुर्पुरोमा हात राखेर फेरि मेहनत गरि, पसिना बगाई कहालीलाग्दो जंगललाई जब खेति योग्य र बस्ति योग्य बनाउछ पुनस उ त्यहा बाट पनि खेदिन्छ र खोलाको किनारमा पुग्छ ! आगन्तुक हिन्दु आर्यहरूको बर्बर शाशन सत्तामा पिल्सियका नेपाली आदिवासी जनजातिहरूको वास्तविक जीवन कहानी हो यो !

बाह्रौं शताव्दी देखि हाल सम्म ब्यबस्थामा सामान्य परिवर्तन भए ! शासन सत्तामा केहि हेरफेर भए ! कागजी एन,कानुनमा अंशत परिवर्तन भए ! घुम्ने कुर्सीमा बस्ने मान्छेहरूको अनुहार फेरिए ! तर आगन्तुक हिन्दु आर्यहरूले उति बेला बनायका जातीय नजिरहरू ब्यबहारत कुनैपनि फेरियनन ! न पेशामा फेरिए,

*बाँकी ३ पेजमा*

# राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिबारे क्रान्तिकारी माओवादीको ताजा विश्लेषण



सरकार बनाएर फेरि निर्वाचन गराउने षडयन्त्रमा अमेरिका लागेको छ र अन्य पक्षले त्यसको विरोध गरिरहेका छन् ।

२ – आज मुख्यतः पश्चिमी देशहरू र साथै अन्यत्र पनि श्रम र पुँजीका बीचको अन्तर्विरोध चर्कँदै गएको छ । यो अन्तर्विरोध सामाजिक उत्पादन तथा व्यक्तिगत वितरण र श्रमको शोषण तथा मुनाफा वृद्धिसित सम्बन्धित छ । अहिले यो अन्तर्विरोध आर्थिक असमानता, बेरोजगारी र भ्रष्टाचार विरुद्धको आन्दोलनमा सङ्केन्द्रित बन्दै गइरहेको छ । अहिले यस प्रकारका आन्दोलन चिले, इक्वेडर, लेवनान, फ्रान्स लगायतका देशहरूमा चर्किंदै गएका छन् र तिनमा स्वःस्फूर्त विद्रोहका केही लक्षणहरू पनि देखिएका छन् ।

३ – विश्वमा जारी रहिआएको अहिलेको प्रमुख अन्तर्विरोध साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूका बीचको अन्तर्विरोध हो । यो एसिया, अफ्रिका तथा दक्षिण अमेरिकामा चल्दैआएका विभिन्न खाले राष्ट्रिय मुक्ति तथा जनवादी आन्दोलनसित सम्बन्धित छ । विभिन्न देशमा चल्दै आएका यस प्रकारका आन्दोलनहरूबारे हामीले बारंबार उल्लेख गर्दै आएका छौं ।

४ – केही दशक यता विश्वमा जलवायु परिवर्तनको समस्या गंभीर बन्दै आएको छ । यो समस्या ठूला राष्ट्रहरू मुख्यतः साम्राज्यवादीहरूले पैदा गरेको हरितगृह ग्यास उत्सर्जन सम्बन्धी समस्या हो । यसले एकातिर, व्यापक रूपमा जलवायु प्रदूषण र अर्कोतिर बढ्दो तापमानको कारण हिमालय पग्लेर समुद्री किनाराका शहरहरू डुब्ने खतरा तिब्र तुल्याइदिएको छ । साथै जलवायु प्रदूषणका कारण समुद्रमा अक्सिजनको मात्रा घट्दै जाँदा समुद्री जीवजन्तुको संहार हुने जटिल स्थिति पैदा हुँदै गएको छ । यस निम्ति अमेरिका प्रमुख जिम्मेवार बन्न गएको छ । त्यसले पेरिस जलवायु संझौताबाट बाहिरिने प्रक्रिया अगाडि बढाएको छ र यसै अगस्तमा भएको जी-७ को जलवायु परिवर्तन सम्बन्धी सम्मेलन पनि बहिष्कार गर्न पुगेको छ । हालै स्पेनको मेड्रिडमा भएको विश्व जलवायु सम्मेलनमा यसबारे गंभीर छलफल गरी २०१५ को पेरिस संझौताको कार्यान्वयनको पक्षमा विभिन्न प्रस्तावहरू पारित गरिएका छन् । यस सम्मेलनमा अमेरिकाको सरकार बाहिरिएको छ ।

५ – आज एकातिर विश्व साम्राज्यवाद आर्थिक, राजनीतिक तथा सांस्कृतिक सङ्कटको भुमरीमा फस्ने प्रक्रिया कायमै छ र वस्तुगत रूपमा साम्राज्यवादका विरुद्धको सङ्घर्षका लागि आधार तयार बन्दैगएको छ भने अर्कोतिर आत्मगत रूपमा विश्व सर्वहारा आन्दोलन कमजोर अवस्थामै रहेको छ । तर पनि एसिया, युरोप र अमेरिकाका विभिन्न देशहरूमा क्रान्तिकारी माओवादी आन्दोलनलाई सङ्गठित तथा एकतावद्ध तुल्याउनेमा विभिन्न पहल जारी नै रहेको छ ।

६ – अहिले दक्षिण एसियाली क्षेत्रमा अमेरिका, चीन र भारतका बीचको त्रिकोणात्मक सङ्घर्ष अझ बढ्दै गएको छ । चीनले ल्याएको एउटा क्षेत्र एउटा बाटो (द्यभति बलम च्यबम क्ष्लत्षब्तत्षखभ) का विरुद्ध अमेरिकाले हिन्द प्रशान्त रणनीति (क्ष्लमय( एबअषष्अ क्तचबतभनथ) अगाडि सारेको छ । चीनले अघिसारेको रणनीति मूलतः आर्थिक र अमेरिकाले अघिसारेको रणनीति सैन्य पक्षसित सम्बन्धित रहेका छन् । भारत चीनप्रति भन्दा अमेरिका प्रति नरम देखिंदै आएको छ । यस स्थितिमा हालै चीनका राष्ट्रपतिको भारत भ्रमणको बेला उनले एकातिर एक्काइसौं शताव्दी“एसियाली शताव्दी” हुने तथा त्यसका लागि चीन-भारत सहयोग अनिवार्य रहने कुरा बताएर र अर्कोतिर दुई जोड एक (त्धय उगिक यलभ) अर्थात् पहिले चीन तथा भारत मिल्ने अनि नेपाललाई मिलाउने भनेर भारतीय प्रधान मन्त्रीलाई आकर्षित गर्न खोजेका छन् । यी विषयप्रति हामी गंभीर हुनु जरुरी छ, हामी दुई जोड एक होइन त्रिपक्षीय ढङ्गले अगाडि बढ्न आवश्यक हुन्छ । नेपाल वस्तुतः राष्ट्रिय स्वाधीनता, असंलग्नता र सर्वहारा अन्तर र्राष्ट्रियतावाद प्रति प्रतिवद्ध हुन जरुरी छ ।

७ – हालै भारतको संसदद्वारा पारित नागरिकता संशोधन कानुनको विषयलाई लिएर भारतमा व्यापक रूपमा विरोध प्रदर्शन भइरहेका छन् । यस कानुनमा एकातिर ३१ दिसेम्बर १४ अघि भारतमा प्रवेश गरेका गैरमुस्लिम आप्रवासीलाई नागरिकता दिने तथा मुस्लिम समुदायलाई बहिष्कृत गर्ने र अर्कोतिर पूर्वोत्तर क्षेत्रमा वाह्य घुसपैठ गराई त्यहाँका जातीय समुदायको साँस्कृतिक पहिचानमा सङ्कट निम्त्याउने प्रावधान रहेका छन् । यसको असर नेपालमा पनि पर्न सक्छ । सारतः यो कानुन हिन्दु फासीवादको पक्षमा रहेको छ ।

८ – सिङ्गो नेपाल राष्ट्र र वैदेशिक प्रतिक्रियावाद – मुख्यतः भारतीय विस्तारवादका बीचको अन्तर्विरोध निरन्तर चर्कँदै गएको छ । यो अन्तर्विरोध एकातिर सन् १९५० तथा गोर्खा भर्तीकेन्द्रको स्थापना लगायतका असमान सन्धि संझौता, जलविद्युत लगायत प्राकृतिक स्रोत साधनमाथि गरिएको हस्तक्षेप, जनसङ्ख्या तथा सीमा अतिक्रमण, व्यापार तथा पारवहन समस्या आदि विषयहरूमा आधारित रहेको छ । हालै भारतले महाकाली पूर्व लिम्पियाधुरा, कालापानी तथा लिपुलेक सम्मको अखण्ड नेपाली भूभागलाई गाभेर नयाँ नक्सा बनाई आफ्नो प्रभुत्ववादी तथा हस्तक्षेपकारी चरित्रलाई निर्लज्ज रूपमा उजागर गरेको छ । कालापानी क्षेत्रमा भारतको सैन्य शक्तिले कब्जा जमाएर बस्दा र त्यसको जनताबाट वारंवार विरोध भइरहँदा पनि विभिन्न समयका दलाल सरकारले त्यस तर्फ चासो दिएका छैनन् । स्मरण रहोस्, समग्र कालापानी क्षेत्रलाई भारतमा गाभेर भारतद्वारा बनाइएको नक्सा सरकारी कार्यालयमा टाँसिएकोमा गत वर्ष हाम्रो पार्टीले आन्दोलन संचालन गरेको थियो । अहिले भारतले नयाँ नक्सा बनाए पश्चात् त्यस विरुद्ध देशमा जनआन्दोलन विकसित हुँदै गइरहेको छ । परन्तु वर्तमान सरकारले त्यस विषयलाई गंभीरतापूर्वक नलिई आफ्नो दलाली चरित्रको प्रदर्शन गरिरहेको छ । देशको राष्ट्रिय स्वाधीनताको प्रश्न भौगोलिक अखण्डता तथा सार्वभौमिकताका साथै आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षसित पनि जोडिएको छ । यस प्रश्नमा एकातिर भारतीय विस्तारवाद र अर्कोतिर त्यसको दलाली गर्ने दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गीय राज्यसत्ता र वर्तमान सरकार सबै दोषी छन् । हामीले तिनका विरुद्ध सङ्घर्ष चलाउनु पर्दछ ।

९ – आम जनसमुदाय र दलाल तथा नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको प्रतिनिधित्व गर्ने वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था बीचका अन्तर्विरोध पनि कायमै छन् र ती बढ्दै जान थालेका छन् । वर्तमान सत्ता, व्यवस्था र सरकारले मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत जनवर्गका हक अधिकारलाई कुण्ठित तथा अवरुद्ध गर्दै आएको छ । पहिचान सहितको सङ्घीयताको प्रश्न गंभीर बन्दै गएको छ । नेकपा विप्लव समूहलाई प्रतिबन्ध लगाइएको छ । विभिन्न आन्दोलनको प्रक्रियामा नेता, कार्यकर्ता, जनता आदिको गिरफ्तारी गर्ने यातना दिने, जेलमा हाल्ने काम हुँदै आएको छ । अहिलेको उपनिर्वाचनको बहिष्कार आन्दोलनमा पनि अनेकौं नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूलाई गिरफ्तार गरी प्रहरी हिरासतमा राख्ने काम गरिएको छ । वस्तुतः संसदीय लोकतन्त्र जनताका लागि अधिनायकवाद र प्रतिगामीहरूको अभिजाततन्त्र बन्न गएको छ ।

१० – जनजीविकाका समस्या गंभीर बन्दै आएका छन् । बेरोजगारी, अभाव, गरिवी, भ्रष्टाचार, महङ्गी, कमिशनतन्त्र, करवृद्धि आदिले जनताको ढाड सेकिएको छ । विश्वविद्यालय जस्ता शैक्षिक संस्थाहरूमा व्यापारीकरण, शुल्कवृद्धि र भ्रष्टाचारका समस्या जटिल बन्न गएका छन् । वास्तवमा आज जनजीविकाको समस्या असीमित मुनाफा र आर्थिक असमानता, बेरोजगारी र भ्रष्टाचारमा अभिव्यक्त हुन गइरहेको छ ।

११ – पुरानो सत्ता तथा व्यवस्थाको संरक्षक तथा पक्षधर राजनीतिक शक्तिहरूका बीच पनि निरन्तर सङ्घर्ष चल्दै आएको छ । यो सङ्घर्ष मुख्यतः सरकारमा को जाने भन्ने विषयमा आधारित रहेको छ । साथै, उनीहरूका बीचको सङ्घर्ष वर्तमान संविधानलाई यथावतै राख्ने र पुनरुत्थानवादी वा साम्राज्यवादी-विस्तारवादी कोणबाट संशोधन गर्ने विषयसित पनि सम्बन्धित रहेको छ । हामीले सत्ताधारी वर्गका बीच विद्यमान अन्तर्विरोधहरूबाट फाइदा उठाउने तर्फ आवश्यक ध्यान दिनु पर्दछ । परन्तु, हाम्रो जोड वर्तमान सत्तामा सुधार होइन त्यसको विकल्पमा सङ्घीय जनगणतन्त्रको स्थापनाका निम्ति सङ्घर्ष गर्ने कुरामा हुनु पर्दछ ।

१२ – वस्तुतः आज वर्तमान कम्युनिस्ट नामधारी सरकारका विरुद्ध जनताको आक्रोश तथा असन्तुष्टि बढ्दै जान थालेको छ । साथै, वर्तमान सत्ता र व्यवस्था पनि आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा अनेकौं सङ्कटहरूको भुमरीमा फस्तै गएको छ । यसरी क्रान्तिको तयारीका लागि वस्तुगत आधार बलियो बन्दै जान थालेको छ । परन्तु, कम्युनिस्ट आन्दोलनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि अनेकौं चुनौतीहरू रहिआएका छन् । जनतालाई बदलिइरहने सरकारको मात्र होइन वर्तमान सत्ता र व्यवस्था समेतको विरोध र विकल्पमा उभिन र नयाँ जनवादी क्रान्तिको तयारी गर्न हामीले विशेष परिश्रम गर्नु पर्ने आवश्यकता छ । कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकताबद्ध तुल्याउने र जनतालाई सचेत तुल्याउनेबारे विशेष जोड दिनु पर्दछ ।

१३ – अहिले राष्ट्रियता, जनतन्त्र तथा जनजीविका र मुख्यतः राष्ट्रिय स्वाधीनताको रक्षा, सीमा अतिक्रमणको विरोध, कालापानीबाट भारतीय सेनालाई फिर्ता गर्ने प्रश्नलाई लिएर जनस्तरमा विरोध तथा आक्रोशका आवाजहरू उठिरहेका छन् । हामीले तिनलाई सही दिशा प्रदान गर्ने, सङ्घर्षलाई अगाडि बढाउने, आफ्नै पहलमा आन्दोलनको सञ्चालन गर्ने र मिल्न सकिने शक्तिसित मिली संयुक्त रूपमा जाने नीति अवलम्बन गर्नु पर्दछ । साथै हामीले पहिचान सहितको सङ्घीयताका साथै विभिन्न जनवर्गहरूका हक हित लगायत भ्रष्टाचार महङ्गी, वेरोजगारी आदि विषयलाई समेत समेटेर सङ्घर्षलाई अगाडि बढाउनु पर्दछ ।

## आदिवासी...

न सामाजिक मर्यादामा फेरिए, न भाषा,धर्म र सस्कार संस्कृतिमा फेरिय ! न राजनैतिक, आर्थिक क्षेत्रमा नै फेरिए सबै यथावत छन !बाह्रौ सताव्दीको अन्त्यमा तत्कालिन आगन्तुक हिन्दु आर्यहरूले बनाएको जातीय नजिर नेपालमा आज एक्काईसौ सताव्दी सम्म किन कसरी कायम रह्यो ? वास्तवमा खारेज हुनुपर्ने यी काला नजिरहरू ब्यबहारमा सामान्य परिवर्तन सम्म पनि किन भएनन् ? यी महत्वपूर्ण प्रश्न हुन ! यी प्रश्नहरूको सहि जवाफ नै नेपालका आदिवासी जनजाति समस्या समाधानका प्रस्थान बिन्दु हुन ! त्यसकारण यी प्रश्न हरूका बारेमा छलफल र बहस चलाउनु आजका आदिवासी जनजाति आन्दोलनकर्मी हरूको कर्तब्य हो !

वास्तवमा राज्यसत्ता नै सबथोक हो ! राज्य सत्तामा जुन बर्ग छ त्यो बर्गले राज्यका सबै चिजहरू आफ्नो अनुकुल बनाउनु स्वभाविक हो ! अब हामीले बुझ्नु पऱ्यो बाह्रौ शताव्दी देखिहाल सम्म नेपालको राज्य सत्ताको बर्गीय धरातल एउतै रह्यो ! त्यो धरातल भनेको बुर्जुवा प्रतिक्रियावादी धरातल नै हो ! नेपालका आदिवासी जनजातिहरू माथि बर्तमानमा भैरहेको सबै खाले शोषण,दमन,अन्याय,अत्याचार र विभेदको कारक भनेको बाह्रौ शताव्दी देखिको प्रतिक्रियावादी राज्यसत्ताको निरन्तरता हो ! बाह्रौ शताब्दी देखि हाल सम्म बुर्जुवा प्रतिक्रियावादी धरातलकामा टिकेको राज्यसत्ता अन्तर्गत विभिन्न ब्यबस्थाहरू परिवर्तन भए ! विभिन्न सरकारहरू परिवर्तन भए ! सरकारको नेतृत्व गर्ने विभिन्न व्यक्तिहरू परिवर्तन भए ! तर मुलरूपमा बुर्जुवा प्रतिक्रियावादी राज्यसत्ता परिवर्तन भएन ! त्यो राज्यसत्ता धोस्त भएन !

विभिन्न जातरजाति र धर्म, बर्गका जनताले परिवर्तनको अनुभूति गर्नको निम्ति बुर्जुवा प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गतको ब्यबस्था,सरकार र व्यक्ति परिवर्तन होईन स्वयं प्रतिक्रियावादी राज्यसत्ता नै परिवर्तन भएर त्यसको ठाउमा सर्वहारा बर्गीय क्रान्तिकारी राज्यसत्ता स्थापना भएको हुनुपर्ने थियो, त्यो भएन ! त्यसको कारण त्यो राज्य सत्ता द्वारा हुने सबैखाले कूकर्महरू जीवित रहे ! त्यसखालको प्रतिक्रियावादी राज्यसत्तालाई धोस्त नपारिकन आदिवासी जनजातिहरू माथिको सबैखाले विभेद, अन्याय,अत्याचारको अन्त्य हुनेवाला छैन ! बुर्जुवा प्रतिक्रियावादी स्वार्थका निम्ति बनेका बिधि,बिधान, एन,कानुन र तिनका नजिरहरू त्यो बर्ग सत्तामा रहुन्जेल खारेज नहुनु अस्वभाविक होईन ! बुर्जुवा प्रतिक्रियावादी बर्ग घमण्डी,ब्यईमान र पाखण्डी हुन्छ ! त्यो बर्गको पेशा भनेकै शोषण,दमन, अन्याय र अत्याचारमा रमाउनु हो ! त्यसको बिपरित सर्वहारावर्ग सरल र ईमान्दार हुन्छ ! सबै खाले अन्याय,अत्याचार र विभेदहरूको अन्त्यको निम्ति संघर्ष गर्नु सर्वहारा क्रान्तिको पेशा हो !

बुर्जुवा ब्यबस्था भित्रका सबै समस्याहरूको एकमुष्ठ समाधान हो सर्वहारा क्रान्ति ! सर्वहारावर्गको अग्रदस्ता हो कम्युनिस्ट पार्टी ! त्यसकारण सर्वहारा क्रान्तिको नेतृत्व कम्युनिस्ट पार्टीले गर्दछ ! (यद्दपि नेपालमा विभिन्न कालखण्डमा कम्युनिस्ट नामका तत्वहरू प्रतिक्रियावादी सत्तामा जाने र जनता माथि शासन गर्ने गरेको पाईन्छ ! वास्तवमा ति कम्युनिस्ट होईनन कम्युनिस्टका बद्नाम गर्ने कलंकहरू हुन् ) सबै प्रकारका अन्तरविरोध संगै जातीय अन्तरविरोधको हल गर्नेकाम पनि सर्वहारा क्रान्तिले गर्दछ !

जातीय अन्तरविरोधको हल बिशुद्ध जातीय आन्दोलनले गर्न सक्दैन ! बिशुद्ध जातीय आन्दोलन अन्तत साम्प्रदाईक दलदलमा फस्दछ ! साम्प्रदाईकता जातीय अन्तरविरोधको समाधान होईन झन् ठुलो समस्या हो ! जातिय अन्तरविरोधको हल रास्ट्रिय, अन्तरास्ट्रिय हण्डीमा चल्ने सरकारी,गैर सरकारी आदिवासी जनजाति संघ संस्था वाट पनि सम्भव छैन ! उनीहरू जतिसुकै आदिवासी जनजाति हक अधिकारका निम्ति भनेर उफ्रिय पनि उनीहरू वाट कुनैपनि दिन आन्दोलनमा घात हुनसक्छ ! किनकी उनीहरू आदिवासी जनजाति हक अधिकार प्रति होईन आफ्नो दाना(पानि प्रति बढी सचेत देखिन्छन ! उनीहरूको लगाम आ-आफ्ना अन्नदाताहरूको हातमा हुन्छ ! अन्नदाताहरूको स्वार्थमा थोरै धक्का लाग्ने बित्तिकै उनीहरूको लगाम खिचिन्छ !

समस्या निश्चित जातिमा होईन, व्यक्तिमा होईन चिन्तन र दृस्टीकोणमा हुन्छ ! लेनिन रुसी जातिको हुनुहुन्थ्यो ! रुसी जाति तत्कालिन सोभियत संघको उत्पीडक जाति हो ! तर उहाले तत्कालिन सोभियत संघमा उत्पीडित जातिलाई आत्मानिर्णयको अधिकार दिनुभयो ! त्यस्तै माओ हान जतिको हुनुहुन्थ्यो ! हान जाति चीनको उत्पीडक जाति हो ! माओले हान उच्च जातीय अहंकारवाद को सधै बिरोध गर्नुभयो ! र वहाले चीनमा उत्पीडित जातिलाई स्थानीय स्वशासन दिनुभयो ! नेपाल र संसारको सम्बन्धमा पनि यहि कुरा सत्य हो ! नेपालका सबै ब्राह्मणहरू ब्राह्मणवादी होईनन र सबै आदिवासी जनजातिहरू आदिवासी जनजाति आन्दोलन प्रति ईमान्दार छैनन् !

कतिपय ठाउमा सुनिन्छ जातीय आन्दोलन र कम्युनिस्ट पार्टी प्रतिधुर्वीय चिज हुन यी दुई संगै रहन सक्दैनन् ! उनीहरू भन्छन कम्युनिस्ट पार्टी जातीय आन्दोलनको निम्ति होईन त्यो त बर्गीय आन्दोलनको निम्ति मात्र हो, यो गलत बुझाई हो ! हो, कम्युनिस्ट पार्टी बर्गीय आन्दोलनको निम्ति हो त्यो सत्य हो ! तर कम्युनिस्ट पार्टी बर्गीय आन्दोलनको निम्ति मात्र चाही होईन ! सबैखाले शोषण,दमन,अन्याय, अत्याचार र विभेदका बिरुद्ध हो कम्युनिस्ट पार्टी ! कम्युनिस्ट पार्टीले आवस्यकतामा लिंगीय मुक्ति आन्दोलन लड्न सक्दछ, जातीय मुक्ति आन्दोलन लड्न सक्दछ, क्षेत्रिय मुक्ति आन्दोलन लड्न सक्दछ र रास्ट्रिय मुक्ति आन्दोलन लड्न सक्दछ ! किनकी यी सबै लिंगीय,जातीय,क्षेत्रिय र रास्ट्रिय मुक्ति आन्दोलनहरू न्याय,स्वतन्त्रता र समानताका निम्ति गरियका आन्दोलन हुन र यी आन्दोलनहरू बर्गीय मुक्ति आन्दोलनकै अभिन्न अंगहरू हुन !

# क्रान्तिकारी पत्रकार महासंघ नवलपरासीले अन्तर्क्रिया गर्ने

नवलपरासी । क्रान्तिकारी पत्रकार महासंघ- नेपाल जिल्ला शाखा पश्चिम नवलपरासीले राष्ट्रिय स्वाधीनताको आन्दोलनमा पत्रकारहरूको भुमिका बिषयक अन्तरक्रिया गर्ने भएको छ । यही पुष ७ गते सोमवार (आज) परासीस्थित नेपाल पत्रकार महासंघको सभा हलमा कार्यक्रम हुने आयोजक क्रान्तिकारी पत्रकार महासंघ पश्चिम नवलपरासीका अध्यक्ष संजय तिवारीले बताए । कार्यक्रममा जिल्लामा रहेका सबै संचारमाध्यम, पत्रकार एंव राजनैतिक दलका जिल्लास्थित प्रमुख तथा प्रतिनिधि , मानव अधिकारवादी , नागरिक समाजका अगुवाबीच अन्तरक्रिया गरिने तिवारीले जानकारी दिए । अन्तरक्रियामा लिम्पियाधुरा -कालापानी -लिपुलेकमा भारतीय पक्षबाट गरिएको अतिक्रमण तथा सुस्ता क्षेत्रको अतिक्रमित भुमि फिर्ता र कालापानीमा भारतीय सेनाबारे सर्वपक्षीय बृहत छलफल समेत गरिने उनले बताए । त्यस्तै कार्यक्रमकै सिलसिलामा आइतवार महासंघको बैठक समेत आयोजना गरिएको तिवारीले जानकारी दिए । क्रान्तिकारी पत्रकार महासंघले श्रमजिवी पत्रकारकृो हकहितकृ वकालतका साथै जनपक्षीय पत्रकारिताका एंव राष्ट्रियता जनतन्त्र र जनजिविकाको पक्षमा अभियान संचालन गर्दै आएको छ ।

# सीमा रक्षाका लागि क्रान्तिकारी माओवादी कैलालीद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

कैलाली । सीमा रक्षाका लागि नेकपा (क्रान्तिकारी माओवादी) कैलाली जिल्ला पार्टीले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । क्रान्तिकारी माओवादीले कैलाली जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएको देजमो नेपालका केन्द्रीय सदस्य तथा प्रदेश सदस्य टंक कोईरालाले जानकारी दिनु दिए ।

राष्ट्रिय स्वाधीनता र सीमा रक्षाका लागि सरकारको ध्यानाकर्षण गराउन क्रान्तिकारी माओवादीले सुदुरपश्चिम प्रदेशका विभिन्न जिल्लामा जिल्ला प्रशासन कार्यालय मार्फत ज्ञापनपत्र बुझाएको पार्टीका प्रदेश सेक्रेटरी चिन्तकले जानकारी दिए ।

# सीमा अतिक्रमणका विरुद्ध बैतडीमा विरोध प्रदर्शन

बैतडी । सीमा रक्षाका लागि नेकपा (क्रान्तिकारी माओवादी)ले बैतडी जिल्लामा बिरोध प्रर्दशन गरेको छ । ४ पौषमा क्रान्तिकारी माओवादी पार्टीले बैतडीको गोठलापानीमा बिरोध प्रर्दशन तथा कोण सभा सम्पन्न गरेको छ । बैतडीको गोठलापानीमा बिरोध प्रर्दशन तथा कोण सभा गरिएको क्रान्तिकारी माओवादी बैतडी जिल्ला सदस्य महानन्द भट्टले जानकारी दिए ।

कोणसभा सम्बोधन गर्दै क्रान्तिकारी माओवादी जिल्ला सेक्रेटरी जयलाले राष्ट्रिय स्वाधीनता र सीमा रक्षाका लागि जस्तोसुकै आन्दोलन गर्न तयार रहेको बताए । भारतले कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका भुभागमा गरेको हस्तक्षेपको सरकारले अन्तर्राष्ट्रिय रूपमा कुटनीति पहल मार्फत् सीमा विवाद समाधान गर्नु पर्ने बताए । कोणसभाको सञ्चालन पार्टीका बैतडीका युवा नेता टिकाराम ओडले गरेका थिए ।

## संसदीय...

आरोप लाग्छ । मन्त्रीलाई चुनाव आफ्नो कब्जामा पार्न जिउँदै मान्छेलाई रौतहटको राजापुरको इँटाभट्टामा हालेर मारेको आरोप लाग्छ । गौर हत्याकाण्ड,यस्ता त कति छन् कति ! कसरी बस्दछ युवा देसमा ।

६) ज्ञान क्षमताको कदर नहुनु :– नेपाली युवाहरूले आफ्नो घर खेत गरेर देस विदेस गएर अध्ययन गरेर केहि ज्ञान क्षमता हासिल गरेका हुन्छन् । ति युवाहरूले हासिल गरेको ज्ञान क्षमताको कदर र सदुपयोग देसले गरेको छैन । न त उसको क्षमता अनुसार रोजगार दिएको छ । न त कुनै वैज्ञानिकलाई आफ्नो ज्ञान, अनुभव प्रदर्शन गर्ने अवसर तथा वातावरण प्रदान गरेको छ ! कसरी बस्छ युवा देसमा ?

७) सुरक्षाको ग्यारेण्टी नहुनु :– कुनै पनि व्यक्तिलाई कुनैपनि गाउँमा स्थायित्व हुनको लागि सुरक्षाको पुर्णरूपमा ग्यारेण्टी हुनुपर्दछ । यहाँ दिनहुँजसो सडक दुर्घटनाबाट नागरिक मरिरहन्छन, यहाँ नागरिक अपहरण हुन्छ । राज्य र तस्कर दुबैबाट गोली हानेर मान्छे मारिन्छ । यहाँ भारतीयहरू दिन दाहाडै देसभित्र पसेर नेपाली नागरिकलाई गोली हानेर मारिन्छ । महिला तथा वालिकाहरू बलात्कार हुने घटना यो देसमा सामान्य बनेको छ । महिलाहरूलाई एसिड छर्कने, दाइजोको नाममा मारिने घटना दैनिकीजस्तो भएको छ । महिलाहरू विदेशमा बेचिन्छन् । भारतबाट मजदुरी गरेर ल्याएको ज्याला रकम सिमानामा लुटिन्छ अनि कसरी बस्दछ युवा ?

८) जनमुखी प्रहरि प्रशासनको अभाव :– यो देसको प्रहरीले निष्पक्षरूपमा जनतालाई न्याय दिँदैन, प्रहरी कोहि न कोहिबाट प्रभावित बन्दछ वा बन्न वाध्य पारिन्छ । कञ्चनपुरकि निर्मला पन्तलाई प्रहरीले न्याय दिएन, रौतहटको राजापुर घटनामा पनि प्रहरी चुकेकै छ । , यि त उदाहरणमात्र हो । यस्ता घटना कति छन् कति पुलिस सेनाको काम जनतालाई सुरक्षा दिने, देसको सार्वभौमसत्ताको रक्षा गर्नु हो, जनता न्याय नपाएर रोइरहेका छन् । देसीविदेसीले प्रत्यक्ष सिमा अतिक्रमण गरेको छ । सेना, प्रहरी विद्यालय पेट्रोलपम्पलगायत उद्योग स्थापना गरेर व्यवसायतिर लागेको छ । व्यवसाय त अन्य नागरिकले गर्ने होलानि ? गाउँगाउँमा प्रहरीले जनतालाई न्यायको प्रत्याभूति गराउने अन्यायमा परेका नागरिकले सर्वसुलभ तबरबाट न्याय प्राप्त गर्ने अन्याय गर्नेले कानुन बमोजिमको सजाय हुनुपर्नेमा सानासाना विषयलाई लिएर जनतालाई थकाउने, गलाउने र पैसा सङ्कलन गर्नेमा मात्र ध्यान गएको देखिन्छ । प्रहरीको काम गराइमा कहिँ न कहिँ त्रुटि भएकै कारणले होला जनतालाई मुस्कान सेवा दिने भनेर भनियो , यो नारा कागजमा मात्र सिमित हुन गएको छ । कसरी बस्छ युवा देसमा ?

९) न्यायमा जनताको पहुँच नहुनु :– यो देसको न्याय जनताको पहुँचमा छैन । न्याय प्रणाली परम्परावादी खालको , खर्चिलो र ढिलासुस्ती छ । सत्ताधारी र पहुँचवालाहरूबाट प्रभावित छ । तपाईंको कम्मल गाईले खाइदियो भन्ने खालको छ । सर्वसाधारणले अन्यायमा पर्दा मैले न्याय पाँउछु भन्ने ढुक्कता छैन । कतिपय अवस्थामा न्याय सम्पादन गर्नेहरूले न्यायालयमा आर्थिक अपचलन भएको विषय स्वीकारिएको पनि छ । कसरी बस्दछ युवा देशमा ?

१०. खर्चिलो भड्किलो जीवनशैली :– देसमा कुनैपनि उपभोग्य वस्तुको उत्पादन छैन । सबै वस्तु बाहिरबाट आयात गरिन्छ । बाहिरबाट आयात गरेको वस्तुहरू महङ्गा पर्न जान्छन् । सत्तामा पहुँच भएकाहरू लुट भ्रष्टाचार गरेर खर्चिलो र भड्किलो जीवनशैली अपनाइरहेका हुन्छन् । अरु सामान्य नागरिकले पनि त्यसको देखासिकि गर्दा ऋण लागेर वा उक्त खर्चको जोहो गर्न विदेश भासिन पर्ने हुन गएको छ ।

११.वैदेशिक हस्तक्षेप :–हाम्रो देसमा आर्थिक, भौतिक, राजनैतिक, सांस्कृतिकरूपमा वैदेशिक हस्तक्षेप चर्को छ । मुख्य गरेर भारतले हाम्रो भूमि हजारौँ ठाउँमा मिचेको छ । नेपाली भूमि कालापानीमा आफ्नो सैन्य ब्यारेकै राखेको छ । भर्खरमात्र नेपाली भूमि लिपुलेक, कालापानी , लिम्पियाधुरा आफ्नो नक्सामा समावेश गरेर सार्वजनिक गरेको छ । नेपालको दलाल सरकारले नेपाली भूमि फिर्ता गर्न कुनै पहलै गरेको छैन । हस्तक्षेपका विरुद्ध आवाज उठाउँदा हाम्रा नागरिक मार्दछ । समयसमयमा आर्थिक नाकाबन्दी लगाउँछ । जसका कारण यो देस बस्नलायक भएन भनेर युवाहरूले भनिरहेका छन् ।

१२. झञ्झटिलो प्रशासन :– यो देसमा केहि व्यवसाय, उद्योगधन्दा खोलौँ भनेर लाग्दा झञ्झटिलो प्रशासन संयन्त्र छ । पचासौँ ठाउँमा चर्को कर तिर्नुपर्ने, हरेक हरेक ठाउँमा प्रशासनिक अड्चन खडा गरेर उत्पादन सुरु हुने वेलासम्म स्वीकृति गराउन विलम्व हुन्छ कतै स्थापना भइहाले पनि विभिन्न प्रशासनिक झञ्झट र राजनैतिक पार्टीहरूलाई चन्दा दिँदा व्यवसाय धराशायी हुने गरेको छ ।

१३. सार्वजनिक ठाउँमा दुर्व्यवहार :– गाडीमा यात्रा गर्दा होस् या डक्टरसङ्ग स्वास्थ्य जाँच गर्न जाँदा पनि वृद्ध जेष्ठ नागरिकलाई दुर्व्यवहार गरिन्छ ए वुढा भाडा ल्याउ भनेर निच भाषा प्रयोग गरिन्छ । डक्टरले पनि जेष्ठ नागरिकले आफ्नो समस्या राख्दा अब २५ वर्षको भइने होइन क्यारे भनेर चित्त दुख्ने भाषा र व्यवहार गरिन्छ । सार्वजनिक ठाउँमा महिलाहरूमाथि पनि दुर्व्यवहार गरिन्छ । जेष्ठ नागरिक र महिलाहरूलाई विशेष सुविधाको व्यवस्था गरिएको छैन । गरिब, निमुखालाई हुने खानेले हेप्ने काम गरिन्छ । कुनै पनि सार्वजनिक ठाउँमा सक्नेले निमुखालाई हेप्ने काम प्रशस्त गरिन्छ । ठाउँ कुठाउँ चर्को गाडीका हर्न प्रयोग गरिन्छ, ठाउँ कुठाउँबाट सडकमा ओभर टेक् गरिन्छ । आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकार प्रशस्त हनन गरिन्छ । कसरी बस्दछ युवा देसमा ?

१४.फोहोर व्यवस्थापन :– हामी जहिँ तहिँ देख्न सक्दछौँ बाटो घाटो खोला नहर पाटी पौवा सार्वजनिक स्थल , पानीका स्रोत धारामा यत्रतत्र फोहोर फालिएको छ जसले गर्दा वातावरण दुर्गन्धित र प्रदुषित बन्न गएको छ । जथाभावी अव्यवस्थित तबरबाट उद्योगधन्दा सञ्चालन गरिएको छ जसको नियमन कहिँबाट भएको छैन । जथाभावी रासायनिक विषादी छर्नाले वायुमण्डल प्रदुषण भएको छ । कसरी बस्दछ युवा देसमा ?

निष्कर्ष :– यि यावत् समस्याहरू छन् फेरि पनि यो पङ्क्तिकारले एउटा कथा पढेको थियो । जङ्गलको एक रुखमा एकजोडी कागको वास थियो, त्यसै रुखमा एउटा ठुलो सर्प पनि बस्दथ्यो । त्यो सर्पले कागले बच्चा कोरल्ने बित्तिकै गुँडमा गएर कागका बच्चा खाइदिन्थ्यो , सर्प कागभन्दा बलियो पनि थियो । कागका भालेपोथीले कहिल्यै पनि आफ्नो सन्तानको मुख देख्न पाएका थिएनन् । एकदिन दिक्क भएर पोथी कागले भाले कागसङ्ग रुँदै भनि यो दुष्ट सर्पले हाम्रा सबै सन्तान खाइदियो हामीले कहिल्यै सन्तानको मुख देख्न पाएनौँ यसकारण हामी अन्तै बसाइँ जाऔँ यस ठाउँलाई छोडौँ भनेर पोथी कागले भनि , त्यसपछि एकछिन विचार गरेर भाले कागले भन्यो हामी यो शत्रुबाट डराएर हाम्रो घर छाडेर भाग्नु हुन्न बरु यो दुष्ट हाम्रो शत्रु सर्पलाई धुलो पिठो पारेर मारेर हामी आनन्दसङ्ग हाम्रो घरमा बस्नु पर्दछ । पोथी कागले भनि उ हामीभन्दा बलियो छ यो कसरी सम्भव होला र त्यसपछि भाले कागले म कुनै पनि जुक्ति लगाएर यो काम सफल गरेरै छाड्छु भनेर उडेर गयो । एक पोखरीमा राजकुमारीले हिराको हार पोखरीको डिलमा फुकालेर राखेर नुहाउन लागेकी थिइन कागले उक्त हिराको हार टिपेर चुच्चोमा लिएर उड्यो र त्यहि आफ्नो शत्रु सर्प बस्ने ठाउँमा खसालिदियो । उता राजकुमारीको हार कागले टिपेर लगेको राजकुमारीका पालेपहराहरूले देखेका थिए । उनीहरू कागको पिछा गर्दै गए कागले हिराको हार खसालेको रुखमा चढे हार खसालेको ठाउँमा ठुलो सर्प रहेछ मान्छेलाई देख्ने बित्तिक्कै सर्पले फणा उठायो उसलाई ति पालेहरूले कम्मरको डण्डा निकालेर टाउकामा हानेर मारिदिए र हिराको हार निकालेर लगे । त्यसदिनदेखि कागका भालेपोथीलाई दुख दिने सर्प मारियो र उनीहरू आनन्दसङ्ग बस्न थाले । हामी पनि समस्या छ भनेर आफ्नो देस आफ्नो घर छाडेर विदेस लाग्ने होइन कागका भालेपोथीजस्तै ज्ञानखुबी, क्षमता प्रदर्शन गरेर यि माथिका यावत् समस्या र यि समस्या पैदा गर्ने पात्र विशेष विरुद्ध सङ्घर्ष गरेर हाम्रो देस नेपाललाई हामीमात्र होइन हाम्रा भावी पुस्तालाई बस्न योग्य बनाउने जिम्मा तपाइँ हामी युवाको काँधमा आएको छ । समस्या र क्षणिक स्वार्थ सुविधा देखेर विदेस लाग्ने हैन यो देश हामीले नबनाए कसले बनाउने ? अहिले नबनाए कहिले बनाउने ? हामी जुन देसमा गएको छौँ त्यहाँ पनि त्यहाँका जनताले दुख कष्ट मेहनत गरेर त्यस अवस्थामा पुर्‍याएका छन् । ति देसहरू पनि हिजो हाम्रो देसजस्तै भोक, रोग, अशिक्षा, भ्रष्टाचार अवश्य थियो यसका विरुद्ध सङ्घर्ष गरेर नै यस अवस्थामा आएको हो । यो कुरा हामी नेपालीले बुझेर शिक्षा लिनु जरुरी छ । राजनैतिक तबरबाट यि समस्यालाई समाधान खोज्न पर्दा जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादले मात्र यि यावत् समस्याबाट नेपाली जनता मुक्त हुने छन् । जनगणतन्त्र प्राप्त गर्नको लागि मार्क्सवाद–लेनिनवाद–माओवादी विचारले युक्त भएको क्रान्तिकारी कम्युनिष्ट पार्टीमा सङ्गठित भएर विशाल जनसङ्घर्षबाट यो लक्ष्य प्राप्त गर्न सकिन्छ । नेपालमा यो कामको जिम्माको अभिभारा मोहन वैद्य (किरण) ले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) लाई छ । यसकारण सबै क्रान्तिकारी नेपाली जनता यहि पार्टीमा सङ्गठित भई सबैप्रकारका समस्याबाट नेपाल र नेपाली जनतालाई मुक्त बनाउनै पर्दछ । ढिलो चाँडो अर्को विकल्प नेपाली जनता अगाडि छैन ।

## भारतीय...

समाधान गर्न असफल बन्न गएको र भारतीय विस्तारवादद्वारा बनाइएको नयाँ नक्सामा लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नेपाली भू-भागलाई भारतमा गाभिएको गंभीर स्थितिमा मुख्यतः राष्ट्रिय स्वाधीनता र पहिचान सहितको सङ्घीयता लगायत उत्पीडित वर्ग र समुदायका जनतन्त्र तथा जनजीविकाका समस्यालाई लिएर सङ्घर्ष अगाडि बढाउने, आफ्नै पहलकदमीमा सङ्घर्ष सञ्चालन गर्ने र मिल्न सकिने पक्षसित कार्यगत एकता वा संयुक्त मोर्चा गर्ने निर्णय लिइएको उल्लेख गरिएको छ ।

यस्तो छ विज्ञप्तिको पूर्णपाठः

२०७६ मङ्सिर २६ देखि २९ गतेसम्म नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको पूर्ण बैठक महासचिव कमरेड किरणको अध्यक्षतामा सम्पन्न भयो । बैठकले भयो । बैठकमा लिइएका महत्वपूर्ण निर्णयहरूबारे प्रेस विज्ञप्ति मार्फत निम्नानुसार सार्वजनिक रूपमा जानकारी गराइएको छ :

१. बैठकको प्रारम्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका विभिन्न जनआन्दोलन, क्रान्ति र दश वर्षको जनयुद्धमा सहादत प्राप्त गरेका सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति एक मिनेट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२. बैठकमा पोलिट ब्युरो सदस्य कमरेड श्रीनाथ अधिकारीको गत असार र केन्द्रीय सल्लाहकार कमरेड राममणि अधिकारीको गत भाद्र महिनामा दुःखद निधन भएकोमा उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकप्रस्ताव पारित गरिएको छ । यसैगरी एक नं प्रदेश समितिका सदस्य क. रमेश अधिकारीको दुर्घटनामा परी असामयिक तथा दुःखद निधन भएकोमा १ मिनेट मौन धारण गरी उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

३. महासचिव कमरेड किरणद्वारा वर्तमान राजनीतिक परिस्थिति, पार्टी कामको समीक्षा र आगामी कामको रूपरेखाबारे उल्लेख गरिएको राजनीतिक प्रतिवेदन प्रस्तुत गरियो । व्यापक छलफल गरी आवश्यक संशोधन तथा परिमार्जन सहित सो प्रतिवेदन सर्वसम्मत रूपमा पारित भयो ।

४. सो प्रतिवेदनमा गत समयमा सङ्गठन र सङ्घर्षका क्षेत्रमा भएका कामको आवश्यक समीक्षा सहित कतिपय सीमा, समस्या र कमी कमजोरी रहे पनि पार्टी काममा प्रगति हुँदै गएको कुरा दर्शाइएको छ ।

५. वर्तमान कम्युनिस्ट नामधारी सरकार राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या समाधान गर्न असफल बन्न गएको र भारतीय विस्तारवादद्वारा बनाइएको नयाँ नक्सामा लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नेपाली भू-भागलाई भारतमा गाभिएको गंभीर स्थितिमा मुख्यतः राष्ट्रिय स्वाधीनता र पहिचान सहितको सङ्घीयता लगायत उत्पीडित वर्ग र समुदायका जनतन्त्र तथा जनजीविकाका समस्यालाई लिएर सङ्घर्ष अगाडि बढाउने, आफ्नै पहलकदमीमा सङ्घर्ष सञ्चालन गर्ने र मिल्न सकिने पक्षसित कार्यगत एकता वा संयुक्त मोर्चा गर्ने निर्णय लिइएको छ ।

६. सङ्घर्षलाई चरणबद्ध रूपमा अगाडि बढाउने ठेगान भएको छ । तदनुसार पहिलो चरणमा पौष महिनामा पार्टी, जवस मोर्चाका बैठक बस्ने, विभिन्न पक्षसित अन्तर्क्रिया गर्ने तथा कार्यगत एकताका लागि छलफल चलाउने र आफ्नै पहलमा देशका विभिन्न शहरहरूमा विरोधप्रदर्शन कार्यक्रम सञ्चालन गर्ने । दोस्रो चरणमा माघदेखि देशव्यापी रूपमा पार्टी, संयुक्त मोर्चा, जवस मोर्चा सहितलाई समावेश गरी विभिन्न संयुक्त अभियानहरू सञ्चालन गर्ने र तेस्रो चरणमा देजमो तथा सबै जनवर्गीय मोर्चाहरूको संयुक्त पहलमा ‘कालापानी जाऔं’ अभियान चलाउने । आवश्यकता अनुसार सङ्घर्षका कार्यक्रमलाई परिमार्जित तथा समृद्ध तुल्याउँदै जान सकिने छ ।

७. सामान्यतः विकसित पुँजीवादी देशहरू र मुख्यतः संयुक्त राज्य अमेरिकाबाट हुने अनियन्त्रित हरित ग्यास उत्सर्जनका कारण विश्वभर पैदा भएको वातावरणीय असन्तुलन र त्यसले निम्त्याउने खतराबारे जनतालाई सचेत गराउने र त्यसका विरुद्ध आवाज उठाउने निर्णय गरिएको छ ।

८. बैठकको अन्तमा महासचिव कमरेड किरणद्वारा बैठक सफलतापूर्वक सम्पन्न भएकोमा सम्बन्धित सबै कमरेडहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै तथा सबै कमरेडहरूसित लिइएका निर्णयहरूको दृढतापूर्वक कार्यान्वयन गर्न विशेष जोड दिंदै बैठकको समापन गरियो । मितिः मङ्सिर २९, २०७६

*किरण*
*महासचिव*
*ने.क.पा. (क्रान्तिकारी माओवादी)*

## सीमा...

दिनुभयो । उक्त ज्ञापनपत्रमा उच्च राजनैतिक एंव कुटनैतिक पहलद्धारा लिम्पियाधुरा सम्मको भुभाग फिर्ता गर्नुपर्ने र कालापानीबाट भारतीय सेना फिर्ता गर्न माग गरिएको छ । त्यस्तै ज्ञापन पत्रका राष्ट्रियता , राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताप्रति भारतीय पक्षबाट नांगो हस्तक्षेप भएको उल्लेख गरिएको छ । सो ज्ञापनपत्रमा राष्ट्रियताको बिषयमा सरकार गम्भिर नभए जनतालाई साथ लिएर जस्तो सुकै संर्घष गर्न तयार हुने चेतावनी समेत दिइएको छ । देजमोको सो ज्ञापन पत्रमा लिम्पियाधुरा बाहेकको भारतद्धारा उत्पादित नक्सा तीनवटै तहका सरकारका कार्यालयमा टाँगिएको भन्दै त्यसलाई दुखद एंव राष्ट्रघाती कदम भनिएको छ । ज्ञापनपत्र बुझेपछि जिल्ला प्रशासन कार्यालय नवलपरासी बर्दघाट सुस्ता पश्चिमका प्रमुख जिल्ला अधिकारी शम्भु प्रसाद मरासिनीले राष्ट्रियताको बिषय गम्भिर रहेको बताउदैं ज्ञापनपत्रलाई तुरुन्त प्रधानमन्त्री कार्यालयमा पठाउने बताउनुभयो ।

ज्ञापनपत्र पछि छलफलका क्रममा नेकपा ( क्रान्तिकारी माओवादी )का जिल्लास्तरका नेताले जिल्लाको रहेको बिकृति बिसंगति एंव भष्ट्रचार तथा बिभिन्न जनताका गुनासोलाई प्रशासन समक्ष राख्दै त्यसका न्युनीकरण गर्न प्रमुख जिल्ला अधिकारी मरासिनीसंग आग्रह गरेका थिए ।

क्रान्तिकारी माओवादीका प्रदेश सदस्य तथा जिल्ला सचिव छविलाल खरेल , प्रदेश सदस्य क्षेत्रबहादुर थापालगायतले जनगुनासोलाई राख्दै न्युनीकरण गर्न आग्रह गर्नुभएको थियो । त्यसको जवाफमा प्रजिअ मरासिनीले नागरिक र प्रशासन मिलेर बिकृति न्युनीकरण गर्न सकिनेमा जोड दिदै आफूले त्यसलाई सकारात्मक र गम्भिरतापुर्वक लिएको बताउनुभयो ।

कार्यक्रममा क्रान्तिकारी माओवादीमा नेताहरू प्रेमलाल रिमाल, युवा नेता सुर्य प्रसाद सापकोटा , थारु मोर्चाका केन्द्रीय सचिव दुर्गा नारायण थारु , रवि पुन, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष रवि पाण्डेय, महासंघका जिल्ला अध्यक्ष संजय तिवारीलगायतका बिभिन्न संचारमाध्यम आबद्ध पत्रकारहरूको उपस्थिति रहेको थियो । त्यस्तै क्रान्तिकारी माओवादी सम्बद्ध अखिल क्रान्तिकारीले ज्योति मावि सुनवल ७ अस्नैयामा सन्दीप उतरकोटीका अध्यक्षतामा ५५ सदस्सीय ईकाई गठन गरेको संगठनका केन्द्रीय सचिव महेश श्रेष्ठले जानकारी दिएका छन् । समितिको उपाध्यक्षमा रोहित पौडेल र माया थापा सचिवमा आशिका श्रेष्ठ , सहसचिवमा सौरहा खाती र कोषाध्यक्षमा विवेक गुरुंग रहेको जनाइएको छ ।

## राष्ट्रिय...

बारेमा सहि निष्कर्ष निकाल्न जरुरी छ ।

नेपालका देशभक्त जनताले नेपालको राष्ट्रिय स्वाधीनता, क्षेत्रीय अखण्डता र सार्वभौमिकतामाथि कुनै पनि पक्षबाट हने हस्तक्षेपको विरुद्धमा सङ्घर्ष गर्दै आएको गौरवशाली इतिहास छ । तर नेपालको शासकवर्गले साम्राज्यवादी तथा विस्तारवादीहरूद्वारा नेपालको राष्ट्रिय स्वाधीनता, क्षेत्रीय अखण्डता र सार्वभौमिकतामाथि हने हस्तक्षेपको विरुद्धमा दृढतापर्वक उभिएर कहिल्यै सङ्घर्ष गरेनन् । त्यसैको परिणाम सन् १९५०को असमान सन्धि, राष्ट्रघाती महाकाली सन्धि, गण्डक, कोशी, उपल्लो कर्णाली र अरुण तेस्रो जस्ता सम्झौताहरू भएका छन् । नेपालका शासकवर्गले राष्ट्रिय स्वाधीनताको पक्षमा बोल्ने कुरा नक्कली र जनताको आक्रोशलाई निस्तेज पार्ने षड्यन्त्रबाट निर्देशित छ । आज नेपालका प्रधानमन्त्रीले लिपुलेक हाम्रो हो कालापानीबाट भारतीय सेना फिर्ता गर्नुपर्दछ भनेका छन् । तर त्यो कति इमान्दारीतापूर्वक भनेका छन् भन्ने कुरा भोलिका दिनले बताउने छ । हिजो राष्ट्रघाती महाकाली सन्धिको पक्षमा, उपर कर्णाली र अरुण तेस्रो जस्ता नेपालको विपरीत काम गरेको पक्षमा रहेका प्रधानमन्त्रीको कामलाई हेर्दा उनको अहिलेको बोलाइमा शङ्का गर्न पर्ने ठाउँ छ ।

साम्राज्यवादी तथा विस्तारवादी देशहरूले अन्य कमजोर देशहरूमाथि आक्रमण गर्दा त्यस देशका कम्युनिष्टहरूले शासकवर्गको त्यो कदमलाई विरोध गर्दछन् । दोस्रो विश्वयुद्धमा साम्राज्यवादी देशहरूको बिचमा उपनिवेशकोलागि भएको लडाइमा दोस्रो अन्तर्राष्ट्रियका नेताहरूले मातृभूमिको रक्षा गर भन्ने नारामा आ-आफ्ना देशका सरकारलाई समर्थन गर्न पुगे ।क. लेनिनको नेतृत्वमा रुसी कम्युनिष्टहरूले रुसको जारहरूले जापानी साम्राज्यवादसङ्ग गरेको युद्धमा साथ दिएनन् उल्टै जारहरूको विरुद्धमा सङ्घर्ष गरे र सन् १९१७को अक्टोबर समाजवादी क्रान्ति सफल पारे । अर्धसामन्ती र अर्ध-औपनिवेशिक देशमा त्यहाँका कम्युनिष्टहरूले साम्राज्यवादी आक्रमणको विरुद्धमा लड्ने सरकारको पक्षमा उभिन्छन् भने साम्राज्यवादी तथा विस्तारवादी दलालहरूको विरुद्धमा सङ्घर्ष छेड्छन् ।चिनमा त कामरेड माओले अमेरिकी साम्राज्यवादी दलाल च्याङ्काइ सेकलाईसमेतआफ्नो पक्षमा ल्याएर साम्राज्यवादी जापानको विरुद्धमा लडाई लडे । पछि जापानलाइ परास्त गरेपछि च्याङ्काइ सेकको विरुद्ध पनि युद्ध गरेर नयाँ जनवादी क्रान्ति सफल पार्नु भएको थियो । यसरी अर्धसामन्ती र अर्ध-औपनिवेशिक देशहरूमा साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेपको विरुद्धमा सङ्घर्ष नगर्ने सरकारको विरुद्ध सङ्घर्ष गर्ने नीति लिनु पर्ने हुन्छ ।

जनतन्त्र, जनजीविकाका समस्याहरू यथावत् हुँदा हुँदै पनि अहिले मुख्यतः राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न मुखरित भएर आएको छ । भारत सरकारले नेपालाको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई आफ्नो देशको भूगोलमा पारेर पुनः नक्सा प्रकासित गरेपछि यो स्थिति आएको हो । सीमा अतिक्रमणको विरोध र नेपालको कालापानीबाट भारतीय सेना फिर्ता गर्ने प्रश्नलाई लिएर जनस्तरमा विरोध तथा आक्रोशका आवाजहरू उठिरहेको छ । यो प्रश्न राष्ट्रिय स्वाधीनताको प्रश्न हुँदा हुँदै पनि मुख्यतः क्षेत्रीय अखण्डतासङ्गको प्रश्न हो । यो प्रश्नलाई उठाएर सङ्घर्षलाई विकास र विस्तार गर्नु पर्दछ ।


क्षेत्रीय अखण्डता र सार्वभौमिकताको रक्षाको लागि सरकारले नै जनतालाई गोलबन्द गरेर राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउनु पर्ने हो । तर अहिलेको सरकारले त्यो काम गरिरहेको छैन । यो सरकारले आफैले हाम्रो हो भनेको लिम्पियाधुरालाईसमेत समेटेर नेपालको राजनैतिक नक्सा प्रकाशन गर्न सकेको छैन । यो विषयलाई अन्तर ाष्ट्रिय मुद्दा बनाउन चाहिरहेको छैन । कालापानीबाट भारतीय सेना फिर्ता हुनुपर्दछ भन्ने, लिम्पियाधुरा हाम्रो हो भन्ने तर लिम्पियाधुरासमेतलाई मिलाएर नेपालको राजनैतिक नक्सा प्रकाशन गर्न नसक्ने आदि सरकारको व्यवहारले यो सरकारले दृढतापूर्वक आफ्नो अतिक्रमित भूमि फिर्ता गराउन पहलकदमी गर्दछ भनेर आशा गर्ने ठाउँ छैन । त्यसकारण राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई सहि दिशा दिनको लागि सबभन्दा पहिले भारतीय सरकारको अतिक्रमणको विरोध गर्नुको साथै मुख्यतः यो सरकारलाई दबाब दिने कार्यक्रम हुनुपर्दछ । जनदबाबको बाबजुद पनि यो सरकारले नेपालको भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षाको लागि काम गर्दैन भने यो सरकारलाई अपदस्थ गरेर देशभक्त जनगणतान्त्रिक शक्तिहरूको सरकार गठन गरेर नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा गर्न सकिने छ । दोस्रो कुरा राष्ट्रिय स्वाधीनताको पक्षमा आउने सबै राजनैतिक शक्ति, व्यक्ति, सङ्घ सङ्गठनहरूको व्यापक मोर्चा बनाएर आन्दोलनलाई विस्तार गर्न पर्दछ । तेस्रो कुरा यो समस्यालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्दछ । यसरी मात्र नेपालको राष्ट्रिय स्वाधीनताको रक्षाको लागि हुने सङ्घर्षलाई सहि दिशा दिन सकिन्छ । *०७६/०९/०५*

## क्रान्तिकारी...

केसीले सरकार फांसीवादी बन्दैं गएको आरोप लगाउदैं गृहमन्त्री रामबहादुर थापाको राजिनामा माग गरेका थिए । त्यस्तै अखिल क्रान्तिकारीका केन्द्रीय सचिव महेश श्रेष्ठले सरकार असफल बन्दैं गएपछि दमनमा उत्रिएको दावी गदैं विद्यार्थीमाथि भएको आक्रमण तत्काल रोक्न माग गरे । उनले नीजि तथा सामुदायिक विद्यालयबीचमा भएको विभेद अन्त्य हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा अखिल क्रान्तिकार ी,रूपन्देहीका अध्यक्ष सग्राम पुन,सचिव ध्रुव तरामु थापा लगायतले बोल्दैं विद्यार्थीमाथिको दमन नरोकिए सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिएका थिए । कार्यक्रम पूर्व सिद्धार्थ गौतम बुद्ध क्याम्पसबाट शुरु भएको विद्यार्थीको ऱ्याली पुलचोक,गोलपार्क,क्याम्पस रोड,विटिआई,दरबारमार्ग,मिडिया चोक भएर बुटवलको पुष्पलालपार्कमा आइपुगेर विरोध सभामा परिणत भएको थियो ।

# उपनिवेशवादको नयाँ रूपमा एनजीओ



● हुकुमबहादुर सिंह ●

***एनजीओहरूले जनताका विचारहरूलाई परिवर्तन गर्न, विचार निर्माण गर्न र पुँजीवादी शोषणको स्थायीत्वका लागि आवश्यक पर्ने भ्रमहरू र विचार निर्माण गर्न एउटा माध्यमको रूपमा काम गर्दछन् । तिनीहरूले यसरी जनताका विचारहरूमा प्रभाव पार्न सक्छन् कि राज्य र शासक वर्गीय पार्टीहरू प्रत्यक्ष रूपले सक्दैनन । आफूहरूलाई स्वार्थरहित लोककल्याणकारीका रूपमा प्रस्तुत गर्ने कोसिस गरेर र जनताको भलाइमा प्रतिबद्ध देखाएर, तिनीहरूले जनताको सहानुभूति जित्न खोज्दछन । तिनीहरूको कट्टरपन्थी, साम्राज्यवाद विरोधी रेटोरिक र विकासवारेका कुरा, आधुनिकिकरण, र ग्रासरूट लोकतन्त्र, नागरिक समाजको लोकतान्त्रिकरण, सामाजिक न्याय, मानवीयता र मानव अधिकार, सशक्तिकरण र अन्यले प्रगतिशील र केही क्रान्तिकारी क्षेत्रहरूलाई धोखा दिन सक्छन्***

विश्वव्यापीकरणको चरणमा, खासगरी सोभियत संघ र पूर्वी युरोपमा कम्युनिस्ट सत्ताहरूको विघटनपछि, एनजीओहरूले विश्वव्यापीकरण र उदारवादीकरणको खराव असरलाई न्यूनीकरण गर्ने उनीहरूको प्रमुख कामका रूपमा जिम्मा लिए । तिनीहरूले विश्वव्यापीकरणको विरोध त गरेका छैनन तर संयुक्त राष्ट्र संघका कर्मचारीहरूले यसलाई भनेझैं 'सहभागिमूलक विश्वव्यापीकरण' अथवा जनतालाई संलग्न गरेर यसलाई कार्यान्वयन गर्न चाहन्छन । तिनीहरूले मानव अनुहार, टिकाउ विकास र अन्यसित विश्वव्यापीकरणका लागि अभियान चलाउछन । तिनीहरूले जनताको बीचमा भ्रमको निर्माण गर्दछन कि बिश्व बैंक, आइएमएफ, डब्लुटिओ, एडिबी र अरूहरूजस्तै साम्राज्यवादी संस्थाहरूलाई सुधार गर्न सम्भव छ । यसरी तिनीहरूले साम्राज्यवादका विरूद्ध जनसमूहको क्रोधलाई कम पादै लैजाने कोशिस गर्दछन र उनीहरूलाई सुधारवादी विचारधारातिर मोडी दिन्छन् ।

यी एनजीओहरू जसलाई हामी जनमैत्री छन भन्ने सोंच्दछौ, लोकपृय असन्तुस्टीलाई संवैधानिक माग, शान्तिपूर्ण र कसैलाई नोक्सानी नगर्ने तरिकाले 'सुरक्षित निकास'का रूपमा काम गरेर त्यससंगै मिलाउने काम गर्दछन् । तिनीहरूले उत्पीडित जनतालाई विभिन्न शाखामा विभाजित गर्न खोज्दछन र पहिचानले त्यसकारण वर्गीय एकताको विकासलाई रोक्छ । तिनीहरूले वर्गीय विभाजनलाई मेटाउन र अध्यारो पार्न खो्ज्दछन र सामाजिक समूहहरूभित्र फरक गर्न खोज्छन। तिनीहरूले पहिचानको आधारमा मात्रै जस्तै लिंग, महिला, जात, जाति, र राष्ट्रियताका आधारमा उत्पीडत र उत्पीडक बिचमा एकता गरेर अझ वर्ग विभाजन मेटाउन चाहन्छन र सामाजिक समूहहरूभित्र विभेद गर्न खोज्छन र वास्तवमा, एनजीओहरूले उत्पीडीतहरूको बिचमा गलत विश्वास मनमा पारिदिन कोशिस गर्छन कि पुँजीवादको विकल्प छैन र पुजीवादले अन्तीम बिजय पाइसकेकोछ । तिनीहरूले घोषणा गर्छन कि मार्क्सवाद समय सिद्धिएको एउटा औषधी जस्तै भइसकेकोछ र साम्यवाद मरिसकेको छ, र त्यसैले जो कोहीले पनि नागरिक समाजको लोकतान्त्रिकरणद्धारा र मानव अनुहारलाई हसिलो बनाउने विश्वव्यापीकरणद्धारा वर्तमान विश्वमा सुधार गर्ने कोशिस गर्नु पर्छ । तिनीहरूले एउटा राज्य विरूद्धको कदम लिन्छन जुन बाहिरी रूपले प्रगतिशील बृतमा आकर्षक देखिन्छन । यद्यपि, स-सानो स्तरमा नीजीकरणलाई पुरा गर्ने कोशिस गर्छन, जवकि उनीहरूका मालिकहरूले ठूलो स्तरमा गर्छन । यसरी, जव अन्तराष्ट्रिय पुँजी अर्थतन्त्रको नियमन गर्नमा राज्यको भूमिका कठोर बन्दछ र बजारले राज्यको हस्तक्षेप विना(वास्तविकतामा यो कति गलत छ भन्ने वेग्लै हो ) स्वतन्त्रता पूर्वक कामगर्न चाहन्छ। एनजीओहरूले सेल्फ हेल्प, पारस्परिक सहयोग,सामुदायिक बिकास र अरूहरूको बारेमा कुरा गर्दछन् । राज्य यसरी जागिर, सिंचाई, स्यानीटेसन, सफा खानेपानी, स्वाथ्य हेरचाहा, शिक्षा प्रदान गर्नेआदिजस्ता जनताका सामाजिक उत्तरदायित्वबाट उन्मुक्त भएपछि ,यसको सञ्चालन एनजीओको सहयोगको नामबाट व्यक्तिहरू र निजी समूहहरूका हातमा राखिन्छ ।

यसरी एनजीओहरूले नीजीकरणको सन्दर्भमा साम्राज्यवादसित साझा सवाल बनाउछन । र तिनीहरूले ग्रामीण क्षेत्रहरू र सहरीया फोहर र दुर्गन्धीत वस्तीहरू खासगरी गरीवीले सताइएका जनताका बिचमा ध्यान केन्द्रीत गर्दछन् । उनीहरूको तथाकथित च्यारिटेबुल काम र बिकास योजनाहरूका लागि यस्ता पिछडिएका क्षेत्रहरूलाई प्राथमिकता दिन्छन। यद्यपि यसो गरेर उनीहरूले पिछडिएका जनताहरूको क्रोधलाई प्रभावहीन गर्ने कोशिस गर्दछन् । तिनीहरूले दलीय सक्रियता नभएकाको कुरा गरेर जनताहरूलाई अराजनीतिक बनाउन खोज्छन । तिनीहरूले दावा गर्छन कि तिनीहरू अराजनीतिक छन् र जनताहरूलाई सबै राजनीतिक दलहरूदेखि टाडा रहन आव्हान गर्दछन्, कि तिनीहरूले आफै तिनीहरूका समस्याहरूको समाधान सेल्फ हेल्प, आपसी सहयोगआदिमार्फत समाधान गर्नु पर्छ । यसरी, यस्ता एउटा भद्र अराजनीतिक रणनीतिको वोकालत गरेर एनजीओहरूले वास्तवमा यथास्थितिलाई नै संरक्षण गर्छन र जनतामाथि शासकवर्गको विचारको प्रभाव र राजनीतिलाई जोगाएर राख्न चाहन्छन् । तिनीहरूले आफैलाई राजनीतिक दलहरूको विकल्पको रूपमा देखाउछन् र गरीबहरूको मित्रको रूपमा आफूहरूलाई देखाएर क्रान्तिकारी पार्टीहरूलाई विस्थापित गर्ने कोसिस गर्दछन् ।

तिनीहरूले संघर्षको मार्गबाट अर्कैतर्फ मोडिदिएर, स्थापना र सुधारवादभित्र सबैभन्दा राम्रालाई टिपेर जनतालाई परिचालन गर्नबाट रोक्न खोज्छन । पुजीको सन्दर्भमा तिनीहरू एउटा प्रगतिशीलतालाई र कट्टरपन्थी अनुहार कायम गर्दै वाम बुद्धिजीवीहरूमाथि अत्यधिक मात्रामा निर्भर रहन सफल देखिन्छन । उनीहरूको वितरणमा रहेको विशाल आर्थिक स्रोतलाई एनजीओहरूले वाम बुद्धिजीवीहरूलाई सेमिनारहरू, कार्यशाला गोष्ठिहरू, कनफरेन्सहरूमा सहभागि गराएर र उनीहरूलाई परियोजनाहरूमा सहभागी गराएर र अनुसन्धान र नीति सम्वन्धी इन्स्टिच्युटमा सहभागी गराएर आकर्षण गर्न र टप्प टिप्न सफल भएका छन् । साम्राज्यवादी पुजीद्धारा विश्वभरी सयौको संख्यामा परियोजनाहरू र इन्स्टिच्युटहरू स्थापना गरिएका छन्, जसले साम्राज्यवादीहरूको आवश्यकताअनुसार यिनीहरूको उत्पादन गर्दछन् । आफूहरूलाई यी परियोजनाहरूमा सम्वन्धीत गराएर बुद्धिजीवीहरूले उनीहरूलाई गुन लगाउने काम गर्दछन् र जनताको बीचमा भ्रम सृजना गर्दछन् ।

एनजीओहरूले जनताका विचारहरूलाई परिवर्तन गर्न, विचार निर्माण गर्न र पुँजीवादी शोषणको स्थायीत्वका लागि आवश्यक पर्ने भ्रमहरू र विचार निर्माण गर्न एउटा माध्यमको रूपमा काम गर्दछन् । तिनीहरूले यसरी जनताका विचारहरूमा प्रभाव पार्न सक्छन् कि राज्य र शासक वर्गीय पार्टीहरू प्रत्यक्ष रूपले सक्दैनन । आफूहरूलाई स्वार्थरहित लोककल्याणकारीका रूपमा प्रस्तुत गर्ने कोसिस गरेर र जनताको भलाइमा प्रतिबद्ध देखाएर, तिनीहरूले जनताको सहानुभूति जित्न खोज्दछन । तिनीहरूको कट्टरपन्थी, साम्राज्यवाद विरोधी रेटोरिक र विकासवारेका कुरा, आधुनिकिकरण, र ग्रासरूट लोकतन्त्र, नागरिक समाजको लोकतान्त्रिकरण, सामाजिक न्याय, मानवीयता र मानव अधिकार, सशक्तिकरण र अन्यले प्रगतिशील र केही क्रान्तिकारी क्षेत्रहरूलाई धोखा दिन सक्छन् । यसरी तिनीहरूले जनसमुदायको बीचमा वैचारिक रहष्यमणीकरण निर्माण गर्ने गर्छन् र साम्राज्यवादी पुँजीद्धारा सजिलो लुटमारका लागि मार्ग बनाइदिन्छन् ।

केही मानिसले जोड दिन्छन् कि तिनीहरूले एशिया, अफ्रिका र लेटिन अमेरिकी देशहरूको उपनिवेशिकरणका लागि अन्तराष्ट्रिय पुँजीको हतियारको रूपमा काम गर्दछन । तिनीहरूले यी देशहरूभित्र साम्राज्यवादी पुँजीको घुसपेठका लागि जमिन तयार पार्दछन् र बजारको विस्तार र पुँजीको सजिलो कार्यका लागि वातावरण निर्माण गर्दछन् । उनीहरूको कामका लागि सबैभन्दा पिछडिएको क्षेत्रहरूको छनोट गरेर एनजीओहरूले सामुदायीक बिकासको नाममा, सेल्फ हेल्प समूहहरू प्रवर्धन गर्ने नाममा ती क्षेत्रहरूमा बजार सम्वन्धलाई लागुगर्ने र सक्रियतापूर्वक साम्राज्यवादी समर्थित बिकासका योजनाहरूलाई प्रवर्धन गर्ने मामलामा सफलता प्राप्त गरेका छन् । । तिनीहरू विश्वका सबैजसो देशहरूमा खासगरी पिछडीएका आदिवासी क्षेत्रहरूमा तथाकथित बिकास परियोजनाहरूमा सक्रियातापूर्व संलग्न भएर काम गरेका छन् ।

उत्तर आधुनिकतावादीहरू, जसले सामूहिकभन्दा व्यक्तिगतमा ज्यादा विश्वास गर्दछन, पहिचान जस्तै लिंग, जात,जाति र राष्ट्रिय अस्तित्वका वारेमा कुरा गर्छन र वर्गीय एकताको अवधारणालाई इन्कार गर्दछन । एनजीओहरू साम्राज्यवादका निम्ति क्षेमाप्रार्थी हुन, जसले आफूलाई आकर्षक भाषामा छिपाएर राख्दछन् । तिनीहरूले जनताको दर्दनाक गरीबीमा व्यापार गर्दछन् र साम्राज्यवादी दात्री निकायहरू अथवा व्यक्तिबाट तेस्रो विश्वका गरीबीले सताइएकालाई देखाएर आर्थिक सहयोग खोज्दछन् । परजीवीजस्तै तिनीहरू पिछडिएका महिलाहरू, केटाकेटी र अपाङग जनताको नाममा, विकासको नाममा, सशक्तिकरणको नाममा र अरू धेरैको नाममा प्राप्त आर्थिक सहयोगमा आफू बाँच्दछन् ।

तिनीहरूले तेस्रो विश्वका देशहरूभित्र साम्राज्यवादी राजधानीको घुसपेठलाई न्यायोचित वताउदै साम्राज्यवादका लागि वैचारिक खुराक दिनेवालाका रूपमा सेवा दिन्छन र ती देशहरूका अर्थतन्त्रमाथि साम्राज्यवादको बलियो पकडलाई प्रोत्साहन गर्दछन । त्यसैले साम्राज्यवादीहरू, तिनीहरू जुकाजस्तै स्वार्थी हुन्छन, यस्ता सङ्गठनहरूलाई पालान पोषण गर्न ठुलो धन राशी पोख्दछन । फोर्ड फाउन्डेसन, रकफेलर फाउन्डेसन, कार्नेजी फाउन्डेसन, हेनरिक बोल फाउन्डेसन र यस्ता अनेको सम्राज्यवादी संस्थाहरूले यी एनजीओहरूलाई टिकाइराख्न प्रत्येक वर्ष अरवौ रूपीयाँको खोलो बगाउँछन् ।

तिनीहरूले इन्स्टिच्युट, अध्ययन केन्द्रआदि प्रत्येक खालका परियोजनाहरूलाई आर्थिक सहयोग प्रदान गर्छन् । उदाहरणका लागि फोर्ड फाउन्डेसनले १९३६मा यसको स्थापनादेखि अहिलेसम्म १० बिलियन डलर्स विश्वका विभिन्न देशहरूमा अनगिन्ति संस्थाहरू र परियोजनाहरूका लागि आर्थिक सहयोग प्रदान गरेको छ । उक्त फाउन्डेसनले १९३६देखि अहिलेसम्म विभिन्न अनुसन्धानमा काम गर्ने विद्धानहरू र बुद्धिजीवीहरूलाई साम्राज्यवादीहरूका लागि सान्दर्भिक विषयमा अध्ययन गर्न सहयोग दिंदै आएको छ ।

गैर नाफामूलक संस्था भएकाले, यी एनजीओहरूले वास्तवमा साम्राज्यवादीका लागि फाइदा बढाउनका निम्ति काम गर्दछन् । यी भेष बदलेका साम्राज्यवादी दलालहरू र तिनका हीतमा काम गर्नेहरूका विरूद्धको लगातारको र नथाक्ने संघर्ष बीना क्रान्तिकारीहरूले सुधारवाद र संवैधानिक भ्रमबाट जनतालाई बाहिर ल्याउन सक्दैनन । यी प्रतिको सजगताको कमीले क्रान्तिकारी पार्टीहरू र क्रान्तिकारी आन्दोलनहरू कमजोर बनाउँदै लैजानेछ जुन लेटिन अमेरिकी देशहरूमा भएको थियो ।

## सरकारले...

यो विषयमा बुद्धिजीविहरूले समेत सामाजिक सञ्जाल मार्फत आफ्ना धारणाहरू सार्वजनिक गरिरहेका छन् । सम्झौता विवादको पहिलो कारण अमेरिकाले केही समयअघि सारेको इन्डोप्यासिफिक सामरिक रणनीतिको अङ्ग सम्झौता बन्न सक्ने भन्नेबारे आशंका हो भने दोस्रो चाहिँ त्यस सम्झौतामा निहित केही सर्तहरूसँग सम्बन्धित छ जसले निश्चित विषयमा भारतको समेत सहमति खोजेको बुद्धिजीवीहरूको भनाई छ । पहिलो विषयबारे सरकारले अमेरिकाको इन्डो प्यासिफिक रणनीतिमा नेपाल सहभागी हुन नसक्ने र एमसीसीलाई केवल पूर्वाधार विकासका लागि अनुदानको प्रयोग गर्ने हकमा मात्रै मानिने भन्दै आएको छ। दोस्रो विषयको बारेमा भने धेरै जटिलता देखा परेका छन् ।

विसं २०७४ सालको भदौ २९ गते वाशिङ्गटनमा एमसीसी सम्झौतामा नेपालका तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले हस्ताक्षर गरेका थिए ।

यसअन्तर्गत अमेरिकाले लागु भएको पाँच वर्षमा झन्डै ६० अर्ब रूपैयाँ नेपालको पूर्वाधार विकासको लागि अनुदान दिने उल्लेख छ । सोही समयभित्र नेपाल सरकारले चाहिँ ती पूर्वाधार विकासमा आफ्नोतर्फबाट झन्डै १५ अर्ब रूपैयाँ खर्च गर्नुपर्नेछ । अधिकांश अनुदान अर्थात् झन्डै ४५ अर्ब रूपैयाँ विद्युतको अन्तरदेशीय प्रसारण लाइन निर्माणमा खर्च हुनेछ। बाँकी रकम सडक मर्मत र अन्य विषयमा खर्च हुनेछ । तर सो सम्झौताको अनुसूची ५ मा उल्लिखित केही विषयले भने नेपालमा संशय उत्पन्न भएको छ। अनुसूची ५ को (क) मा लेखिएको छ, सरकारले एमसीसीलाई सार र रूपमा चित्त बुझ्ने योजना तयार पारी पठाउनुपर्नेछ र त्यस्तो योजना पठाउँदा, भारत सरकारले सो योजनाको समर्थन गरेको हुनुपर्नेछ। त्यस्तो योजनाले (१) नयाँ बुटवल अन्तरसीमा गोरखपुर प्रसारण लाइन निर्माणको लागि आवश्यक प्रमुख वित्तीय तथा प्राविधिक कार्ययोजना र (२) सो को परिचालनका लागि आवश्यक सिद्धान्त समेटेको हुनुपर्ने छ । अनुसूची १ मा चाहिँ भारतको त्यस्तो समर्थनकै लागि हुनुपर्छ एमसीसी स्वयंले केही पूर्वाभ्यास गरेको पनि भान हुने वाक्यांश परेका छन् ।

त्यसमा उल्लेख छ, सम्झौतामा हुने प्रस्तावित लगानीको लागि व्यापक राजनीतिक समर्थन रहेको र त्यसबाट अपेक्षित नतिजा प्राप्त गर्न एमसीसीले अमेरिकी सहयोग नियोग यूएसएड, अमेरिकी विदेश मन्त्रालय, भारत सरकार र विभिन्न विकास साझेदारहरूसँग निकट रूपमा कार्य गर्दै अनुसूची १ बमोजिमको लगानीको क्षेत्र पहिचान गरी सोको योजना तयार गऱ्यो । एमसीसीको अनुदानको ठूलो अंश सीमावारपार प्रसारण लाइन निर्माणमा लगाइने बताइएको छ । सम्झौताको धारा ७ मा लागु हुनेबारेको प्रावधानमा प्रस्तुत सम्झौता लागु भएपश्चात् प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएमा प्रस्तुत सम्झौता लागु हुनेछ भन्ने पक्षहरूको बुझाइ छ भनिएको छ । नेकपाभित्र चलिरहेको बहसबारे बोल्दै स्थायी समिति सदस्य रघुजी पन्तले भनेका छन्, खासगरी यो सम्झौतामा कतिपय अपमानजनक सर्तहरू अनि हाम्रो निर्णय स्वतन्त्रता प्रभाव पर्न सक्ने केही कुरा छन् । सच्याउन सकिन्छ भने अब अनुदान लिँदा तिनलाई सच्च्याएर स्वीकार्नुपर्छ भन्ने मलाई पनि लागेको छ । नसच्याएर अघि बढ्दा भोलि हाम्रो परराष्ट्रनीतिमा वा अन्य देशहरूसँग गर्ने (सम्झौता) सम्बन्धमा नकारात्मक असर पर्छ कि भन्ने कुरा छ, नेता पन्तले भनेका छन। तर सरकारले चाहिँ पार्टीभित्रको छलफलले यो सम्झौतालाई संसद्बाट पारित गर्न कुनै बाधा नपुग्ने बताएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा सरकारका प्रवक्ता गोकुल बाँस्कोटाले इन्डोप्यासिफिक रणनीति सार्वजनिक हुनुअघि नै नेपालले उक्त सम्झौता गरेको भन्दै एमसीसीलाई नेपालले अनुमोदन गर्ने बताएका छन्। विपक्षी कांग्रेसका नेताहरूले पनि उक्त सम्झौता चाँडो अनुमोदन गरिनुपर्ने भन्दै आएका छन् । पूर्वअर्थमन्त्री तथा कांग्रेस नेता डा.रामशरण महतले उक्त सम्झौताले संसारभरिका चुनिएका केही गरिब देशको आर्थिक सम्पन्नताका लागि सघाउ पुर्याउने उद्देश्य राखेको एमसीसी चाँडै अनुमोदन हुनुपर्ने भन्दै ट्वीट गरेका छन् । वास्तवमा सरकारले त यसअघिकै संसद् अधिवेशनबाट एमसीसी अनुमोदन गराउने उद्देश्य राखेको दखिएको थियो।अढाइ महिनाअघि बलात्कार प्रयासका कारण आफ्नो पद गुमाउनुका साथै पक्राउ परेका तत्कालीन सभामुख कृष्णबहादुर महराकै कारण त्यतिखेर सो सम्झौता पारित हुन नसकेको प्रधानमन्त्री ओलीले सार्वजनिक टिप्पणी पनि गरेका थिए । शुक्रवारबाट सुरु भएको संसद्को पाँचौं अधिवेशनमा पुनः एमसीसी अनुमोदनको विषय चर्चामा आउनेछ। यति धेरै चर्चित बनेको एमसीसी आखिर के हो त ? यहाँ केहि विषय प्रस्तुत गरिएको छ ।

विकासशील देशहरूलाई खासगरी ठूला पूर्वाधार आयोजना निर्माण गर्न साझेदारी गर्ने लक्ष्य लिएको एमसीसी परियोजना सन् २००४ मा अमेरिकी संसद्ले स्थापना गरेको हो । मिलेनीअम च्यालेन्ज कर्पोरेशन एक नौलो र स्वतन्त्र अमेरिकी वैदेशिक सहायता निकाय हो जसले विश्वव्यापी गरिबीविरुद्धको लडाइँको अगुवाइ गर्न सघाइरहेको छ, एमसीसीको वेबसाइटमा उल्लेख छ । सन् २०१२ यता भएका शृंखलाबद्ध छलफलपछि सन् २०१७ मा तत्कालीन नेपाली कांग्रेसको सरकार हुँदा वाशिङ्टनमा दुई देशबीच एमसीसीमा सम्झौता भएको थियो । सन् २०१३ मा मन्त्रिपरिषद्को निर्णयमार्फत् एमसीसी कार्यान्वयन गर्ने निकायको रूपमा मिलेनीअम च्यालेन्ज अकाउन्ट नेपाल भन्ने निकाय गठन गरियो जसको सञ्चालक समितिको अध्यक्ष नेपाल सरकारको अर्थसचिव रहेका छन् । साथै, यसै वर्ष सेप्टेम्बर २९ अर्थात् असोज १२ गते एमसीसीको कार्यक्रम कार्यान्वयन सहमतिमा काठमाडौंमा हस्ताक्षर भएको थियो । एमसीसी सम्झौता संसद्बाट अनुमोदन लगाएर लागु गरिने भनिँदै आएको छ ।

## क्रान्तिकारी...

छ । सल्यानको शारदा नगरपालिका ४ शारदाका चालक कुंवरको टाउकोमा गहिरो चोट लागेको थियो । दुर्घटनाग्रस्त जीप अधिकारीको आफ्नै भएको बताइएको छ। डुम्रेधारापानीबाट कटहरे बेंशीतर्फ धान लिन जाने क्रममा जिप सडकबाट १ किलोमिटर तल खस्दा डुम्रेधारापानी रमितेका ४० वर्षीय अधिकारीको घटनास्थलमै निधन भएको प्रहरी जनाएको छ ।

यसैबीच, क्रान्तिकारी माओवादी १ नं. प्रदेश र जिल्लाले वक्तव्य जारी गरी दुर्घटनामा नेता रमेश अधिकारीको निधनको खबरले पार्टी स्तब्ध र मर्माहत बनेको र पार्टीलाई गम्भीर क्षति पुगेको भन्दै दिवंगत अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरिएको छ र शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरिएको छ ।

## नेपालका...

अनुसन्धान गरेको थियो । रुसका १८ वर्ष माथिका मानिसहरूमा १३७ सहरमा सर्वेक्षण गरिएको थियो जसमा ५१ प्रतिशतले स्तालिनलाई रुसको नायक मानेका छन् ।

नेपालमा केही वर्ष अघिसम्म नेपालका धेरै कम्युनिस्टहरूले स्तालिन दिवस मनाउने गरेका थिए तर केही अपवाद बाहेक तीनै कम्युनिस्टहरू आज लेनिन र स्तालिनको विरासत विराएर ख्रुश्चेभ, ब्रेजनेभ र गोर्भाचोभको बाटोमा बरालिएका छन् । नेपालका कम्युनिस्टहरूले बेलाबेला मार्क्स, एंगेल्स, लेनिन, स्तालिन र माओको फोटो टाँगेर कर्मकाण्ड त गर्न खोज्छन् तर स्तालिनलाई बिर्सँदै गएका छन् । दोस्रो विश्वयुद्ध गठबन्धनमा रहेका चर्चिल र रुजबेल्ट नायक बनाइए तर स्तालिनलाई खलनायक बनाउने दुष्प्रयास भइरह्यो । जनताको बहुदलीय जनवाद, एक्काइसौं सताब्दीको समाजवाद र जनताको जनवाद जस्ता संशोधनवादी नाराले नेपाली जनताहरूलाई गुमराह पारिँदै छ । नेपालको कम्युनिस्ट आन्दोलन गुटैगुटको उँट भएको छ । केही कमिकमजोरी भएपनि स्तालिनबाट नेपाली कम्युनिस्ट आन्दोलनले सिक्ने कुरा धेरै छन् ।

# उत्तर-आधुनिकतावादको सारतत्व र जनसांस्कृतिककर्मीहरूको दायित्व

बीसौं शताब्दीको साठीको दशक यता उत्तर-आधुनिकतावाद चर्चामा आएको पाइन्छ। यसलाई नव-मार्क्सवाद, उत्तर संरचनावाद, उत्तर-मार्क्सवाद र उत्तर-उपनिवेशवादको सम्मिश्रण पनि भनिन्छ । उत्तर-आधुनिकवाद मुख्यतः सांस्कृतिक साम्राज्यवादको साहित्य सिद्धान्त हो तर पनि यसले राजनीतिक अर्थशास्त्र, भाषाविज्ञान, समाजशास्त्र, मनोविज्ञान, इतिहास, दर्शन लगायत सामाजिक चेतनाका विविध क्षेत्रमा आफ्नो पखेटा फिँजाउँदै आएको छ। समग्रमा यो साम्राज्यवादी विचारधारा बन्न गएको छ।

उत्तर-आधुनिकतावादभित्र प्रमुख विचारकका रूपमा डेरिडा, फुको, ल्योत्यार्द, बौद्रिलार्द, लकाँ, रोलाँ बार्थ, पाल द मान, रोर्टी आदि आउँछन्। साथै उत्तर-आधुनिकतावादको बहसमा नव-मार्क्सवादी मानिने अल्थ्युसर, इगल्टन, जेमेसन आदि र केही नारीवादी चिन्तक पनि देखा पर्छन्। परन्तु, यस धाराको दार्शनिक केन्द्रमा डेरिडा नै रहेका छन् । यो धारा फ्रान्स, इङ्गल्यान्ड र सबैभन्दा बढी अमेरिकामा नै सल्बलाएको देखिन्छ। यो धारा मार्क्सवादी- लेनिनवादी-माओवादी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिवादी विश्वदृष्टिकोण, साम्यवाद, सामाजिक क्रान्तिको सिद्धान्त, सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न हुने उत्पीडित जनताको एकीकृत आन्दोलन र क्रान्तिको समुज्ज्वल भविष्यका विरुद्ध खडा छ । यसले बहुलवाद, शंकावाद, विसंघटनवाद, र निराशावादको पक्षपोषण गर्दछ। साम्राज्यवादको आर्थिक भूमण्डलीकरणमा आधारित उपभोक्तावादी संस्कृतिको प्रसारण यसको सारभूत विशेषता हो । उत्तर-आधुनिकतावाद साम्राज्यवादी राजनीतिको सेवामा समर्पित रहिआएको छ । नेपालमा पनि विस्तारै यसले आफ्नो प्रभाव फैलाउँदै छ । आज नेपाली क्रान्तिको विकासका लागि उत्तर-आधुनिकतावादका विरुद्ध सशक्त वैचारिक सङ्घर्ष चलाउन नितान्त जरुरी भएको छ।

उत्तर-आधुनिकतावादको आर्थिक, सामाजिक र वैचारिक स्रोत सङ्कटग्रस्त साम्राज्यवाद हो । कतिपय विचारकहरूले दोस्रो विश्वयुद्धयता मुख्यतः साठीको दशकसँगै उत्तर-औद्योगिक समाज अस्तित्वमा आएको र यहीँबाट उत्तर-आधुनिकतावादको थालनी भएको कुरा बताएका छन् । परन्तु यस प्रकारको उत्तर-औद्योगिक समाज कुनै नयाँ युग नभएर मरणासन्न पुँजीवादकै निरन्तरता हो। वास्तविक अर्थमा यसका सैद्धान्तिक जरा उन्नाइसौं शताब्दीको अन्तिम समयदेखि बीसौं शताब्दीको उत्तरार्द्धसम्मका अनगिन्ती वैचारिक प्रदूषण र सांस्कृतिक मूल्यसङ्कटमा गडेका छन् । नित्सेको अतर्कबुद्धिवाद, हाइडेगरको भाष्यशास्त्र, हुस्सर्लको आभासवाद, फ्रैङ्कफर्ट स्कुलको निषेधात्मक द्वन्द्ववाद, नवप्रत्यक्षवादी बहुलवाद तथा विट्गेन्स्टाइनको भाषा-विश्लेषणात्मक दर्शन, रूपवादी भाषासमीक्षा तथा संरचनावाद यसका प्रमुख वैचारिक स्रोत रहेका छन्।

डेनियल बेलको विचारधाराको अन्त, डेरिडाको पाठखेल र विघटन, ल्योतार्दको मानव प्रगति र महावृत्तान्तको अन्त, बौद्रिलार्दको यथार्थको अन्त, रोलाँ बार्थको लेखकको मृत्यु र बहुल पाठ, फुकोको प्रोक्ति (विमर्श), लकाँको विखण्डित मानव, फुकोयामाको इतिहासको अन्त जस्ता मान्यताहरू मिलेर उत्तर-आधुनिकतावाद बनेको छ।

ज्ञान-प्रसारण कालदेखि देकार्त, न्यूटन, कान्ट, हेगेल र मार्क्स हुँदै विकसित समस्त वैचारिक तथा दार्शनिक सिद्धान्तलाई आधुनिकतावाद बताउँदै त्यसको विरोध गर्नु उत्तर-आधुनिकतावादको मूल विशेषता हो । उत्तर-आधुनिकतावादलाई विभिन्न विचारकहरूले विभिन्न ढंगले परिभाषित गर्दै आएका छन्। कतिले यसलाई आधुनिकतावादकै निरन्तरता बताएका छन् । कतिले यसलाई वृद्ध पुँजीवादको सांस्कृतिक तर्क भनेका छन्। कतिले यसलाई वितण्डाको शास्त्र, कतिले समस्याको शास्त्र, कतिले शङ्काको शास्त्र र कतिले सङ्कटको शास्त्र भन्ने गरेका छन् । कतिले यसलाई उत्तर र अन्तमा आधारित मृत्युमुखी विचारको शास्त्रका रूपमा पनि चिनाउने काम गरेका छन्। सारमा उत्तर-आधुनिकतावाद साम्राज्यवादका समस्या र सङ्कटको शास्त्र हो। साम्राज्यवाद भनेको पुँजीवाद, संशोधनवाद, फासिवाद, सामाजिक फासिवाद, साम्प्रदायिकतावाद, धार्मिक पुनरुत्थानवाद सबैको घुलन हो । उत्तर-आधुनिकतावादले यी सबैलाई समेटेको छ।


उत्तर-आधुनिकतावादको दार्शनिक पद्धतिको नाम हो - विसङ्घटनवाद (Deconstructionalism) । यस वादका प्रणेता र प्रवक्ता डेरिडा हुन्। उनको विसङ्घटनवाद सस्युरको संरचनावादको अध्ययन र आलोचनाबाट शुरु हुन्छ। सस्युरको संरचनावादमा भिन्नता र सङ्केतको उल्लेख गरिएको छ । यी दुवै शब्दलाई डेरिडाले अर्कै अर्थ प्रदान गर्छन् । सस्युरको भिन्नता (Difference) लाई डेरिडाले फ्रान्सेली भिन्नता (Differance) मा बदले र त्यसलाई शब्दका दुई भिन्न अर्थ बुझाउने भेद (Differ) र परसराइ (Deffer) का रूपमा प्रयोगमा ल्याए । यसरी भिन्नताको अर्थ असहमत हुनु र परसराइ जारिराख्तै जानु हुन्छ। यसरी नै विसङ्घटनवाद बन्दछ । डेरिडा यस विसङ्घटनवादलाई सबै क्षेत्रमा लागु गर्छन्।

सस्युरले सङ्केत (Sign)- लाई सङ्केतक (Signifier) र सङ्केतित (Signified)-मा विभाजित गरेका थिए । उनले भाषाको तुलनामा बोलीलाई प्राथमिकता दिए । उनका लागि सङ्केत भनेको शब्द थियो। त्यसका दुई पाटा थिए - सङ्केत र संकेतित अर्थात, शब्द र अर्थ । सस्युरले के पनि बताएका थिए भने शब्दको अर्थ भिन्नतामा आधारित छ र सन्दर्भ अनुसार शब्दका धेरै अर्थ लाग्छन् । सस्युरको प्रणाली संरचनावाद हो र संरचनाभित्र शब्द हुन्छन्, शब्दभित्र अर्थ हुन्छन्। अब ठीक यहींनेर डेरिडा संरचनावादको विघटन गर्न पुग्दछन्। डेरिडाको दृष्टिमा संरचना (Structure) शब्दभित्र कुनै न कुनै चिजको उपस्थिति हुन्छ । त्यहाँ सारतत्व, अस्तित्व, द्रव्य, विषयी, पारलौकिकता, चेतना, ईश्वर, मानिस जस्ता कुराको उपस्थितिका रूपमा सत्ता (Being) को निर्धारण भएको हुन्छ। संरचना वा शब्द भित्रको अर्थको यो उपस्थितिलाई डेरिडा वाक्-केन्द्रवाद (Logocentrism) भनेर विरोध गर्दछन् र त्यसको विसंघटन गर्दछन्। अनि उनी सस्युरको संरचना, शब्द वा सङ्केतलाई लेखन बताउँछन् र त्यसलाई पाठ भन्न पुग्दछन्। अब डेरिडा कहाँ भाषा, संरचना, सङ्केत वा शब्द सबै पाठमा बदलिन्छन्। यति मात्र होइन डरिडा त्यस पाठलाई भाषा, संरचना, सङ्केत वा शब्दबाट पनि अलग्याउँछन् र स्वतन्त्र पाठखेल बनाइदिन्छन्। डेरिडा सस्युरको वाक्-केन्द्रवादबाट भिन्न छन्, असहमत छन्, यो उनको भिन्नता (Difference) हो। त्यस्तै उनी पाठ-विपाठ हुँदै निरन्तर अघि बढ्दछन्, यो उनको परसराइको मान्यता हो । यसरी वाक्-केन्द्रवादलाई विघटन गर्नु अर्थात् सत्ता (Being) को निषेध गर्नु, उनको विसंघटनवाद हो।

डेरिडाका लागि सबै थोक पाठ हो । इतिहास, चेतनाका विविध रूपहरू, ज्ञान-विज्ञानका विविध हाँगाहरू सबै पाठ हुन् । डेरिडाको विसंघटनवाद यी सबै पाठमा लागू गरिन्छ। उनी आधुनिकतावादी दर्शनका सबै मान्यताहरू अर्थात् समग्रता, तादाम्य, एकता, केन्द्रीयता, तार्किकता, वैचारिकता, वाक्-केन्द्रीयता लगायत सबैलाई टुक्राउने, ती सबैबाट असहमत हुँदै जाने र तिनलाई पाठ-विपाठका रूपमा निरन्तर भेदन गर्दै अघि बढ्ने कुराको पक्षपोषण गर्दछन् । यो विसंघटनवाद बहुलवादी विश्वदृष्टिकोण हो । डेरिडाको विसंघटनवाद हेगेल र मार्क्सको द्वन्द्ववादभन्दा पूरै भिन्न छ। यो फ्रैंकफर्ट स्कुलका मार्क्युज र एडोर्नोहरूको निषेधात्मक द्वन्द्ववादबाट प्रेरित र मिल्दोजुल्दो रहेको छ। हेगेल र मार्क्सको द्वन्द्ववादमा वाद, विवाद र संवादको प्रक्रिया चल्दछ । त्यसमा विपरीतहरूबीच एकता र सङ्घर्ष हुन्छ। त्यहाँ विश्लेषण र संश्लेषणको द्वन्द्वात्मक एकत्व हुन्छ तर फ्रैंकफर्ट स्कुलको निषेधात्मक द्वन्द्ववादमा भने वाद र विवाद मात्र हुन्छन्। त्यहाँ विपरीतहरू लड्छन्, दुवै ध्वस्त हुन्छन्, नयाँ जन्मन पाउँदैन । त्यहाँ संवाद, विपरीतहरूको रूपान्तरण र संश्लेषण हुँदैन । ठीक त्यस्तै डेरिडाको विसंघटनवादमा पनि दुई पक्ष लड्छन् र ध्वस्त हुन्छन्। त्यहाँ पनि संवाद, नयाँ रूपान्तरण वा संश्लेषणका लागि कुनै ठाउँ हुन्न । यस अर्थमा डेरिडाको विसंघटनवाद निषेधवाद बन्न पुग्दछ । यो हाइडेगरको भाष्यवादमा पनि आधारित रहेको छ। यसले पाठको टीका, उप-टीका गर्दै भाष्यवादी ढंगले पाठलाई सिध्याउँदै जान्छ। यहाँ हरेक ठाउँमा द्वैतवाद खडा गरिन्छ र दुवैलाई सिध्याउँदै जाने काम हुन्छ। यो अन्तिम अर्थमा सर्वशून्यवादमा फँस्न पुग्दछ।

डेरिडाको विसंघटनवादले आधुनिकतावादी दर्शनका मान्यतालाई संरचना, सङ्केत, भाषा, शब्द वा पाठभित्र सारतत्व, अस्तित्व, द्रव्य, मानिस, चेतना जस्ता अर्थको उपस्थिति रहेको भनी ध्वस्त पार्दै त्यहाँ अनुपस्थितिको शून्य खोज्दछ।

यद्यपि उत्तर-आधुनिकतावादीहरू आफूलाई आदर्शवाद र भौतिकवादको विवादबाट तटस्थ देखाउन खोज्दछन् तर सारमा उनीहरू आदर्शवादकै प्रवक्ता हुन्। आदर्शवाद र भौतिकवादको विवादबाट पृथक रहन खोज्ने दार्शनिक सिद्धान्तको नाम प्रत्यक्षवाद (Positivism) हो र यो आत्मनिष्ठ आदर्शवादको एउटा रूप हो। यो आदर्शवाद कोम्तेको प्रत्यक्षवाद, नित्सेको शून्यवाद, हुस्सर्लको आभासवाद, विट्गेन्स्टाइनको भाषा-चिन्हको खेलमा आधारित रहेको छ। डेरिडा लगायतका विचारकहरू भाषा-चिन्ह, प्रोक्ति (विमर्श) वा पाठ अर्थात् शब्दलाई प्राथमिक मान्दछन् । शब्द र संसारमा कुन पहिलो भन्ने



● चैतन्य ●

प्रश्नको जवाफमा उनीहरू शब्दलाई पहिलो मान्दछन् । त्यसैले यो स्पष्टतः भाषावादी आदर्शवाद हो । उनीहरू वस्तुजगत् अर्थात् संसारलाई अज्ञेय ठान्दछन् र उनीहरूको ज्ञान-सिद्धान्त अतर्कबुद्धिवादमा आधारित छ। साथै उनीहरू बहुलवादी रहेका छन् । तिनको भनाइमा भाषा, चिन्ह, पाठ, शब्द सबै बहुल छन्।

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण अनुसार भाषाको स्वरूप भौतिक, सामाजिक र ऐतिहासिक हुन्छ । भाषाको प्राण र आधारविन्दु बोली हो। भाषा चेतनासँग अभिन्न रूपमा गाँसिएको छ र त्यसको भूमिका सिर्जनशील हुन्छ । भाषा मानिसको सामाजिक रूपमा स्वीकृत त्यो सङ्केत हो जसले वस्तुगत जीवनको वैचारिक प्रतिबिम्बन, संवहन, सम्प्रेषण र पारस्परिक सम्पर्कका लागि माध्यम बन्ने सामर्थ्य राख्दछ। उत्पादन-प्रक्रियामा उत्पादनका औजारहरूले श्रमिकहरू र श्रमको वस्तुबिचको संयोजनमा जुन माध्यमको भूमिका निर्वाह गर्दछन्, भाषाले श्रमिकहरू बिचको पारस्परिक संयोजनमा ठिक त्यही भूमिका खेल्दछ। डेरिडासहितका आदर्शवादी र अधिभूतवादीहरू भाषासम्बन्धी यस प्रकारको मान्यताका विरुद्ध खडा भएका छन्।

उत्तर-आधुनिकतावाद अतर्कबुद्धिवादमा आधारित रहेको छ । नित्से ज्ञान-प्रसारण कालदेखि शुरु भएको तर्कबुद्धिवाद, उदारतावादी पुँजीवाद र मार्क्सवादका विरुद्ध खडा भई साम्राज्यवादको लागि वैचारिक आधार तयार पार्न लागिपरे । उनले भने- "अब हामीलाई आवेगको रसायनशास्त्र चाहिएको छ ।" उनले यसै आवेगको रसायनशास्त्रलाई आधार बनाउँदै सत्ताको कामना, स्वामी नैतिकता र महामानवहरूको जातिको साम्राज्यवादी सिद्धान्त तयार पारेका थिए। उत्तर-आधुनिकतावादीहरूले नित्सेको यो सिद्धान्त अङ्गीकार गरेका छन्।

फ्रायडले यौनग्रन्थी र अचेतन मनलाई सबैथोक ठान्दै समाजको यथार्थ-सिद्धान्तका विरुद्ध कामनाको आनन्द-सिद्धान्त पेश गरी अतर्कबुद्धिवादलाई अझै अगाडि बढाए। नित्से र फ्रायडको अतर्कबुद्धिवादलाई अङ्गीकार गर्दै अस्तित्ववादीहरूले आफ्नो ढंगको लघुमानवतावादी अतर्कबुद्धिवादलाई स्थापित गरे । फ्रैंकफर्ट स्कुलले अराजकतावाद, फ्रायडवाद र अस्तित्ववादमा नित्से र मार्क्ससमेत मिसाई नयाँ खाले अतर्कबुद्धिवाद तयार पारेर यथार्थ-सिद्धान्त तथा आनन्द-सिद्धान्तलाई मिलाउनु पर्ने कुरामा जोड दियो। उत्तर-आधुनिकतावादीहरूका लागि यी सबै कुरा ग्राह्य भए । नित्सेले दर्शन आलङ्कारिक हुनु पर्ने कुरामा जोड दिएका थिए। ती सबै कुरालाई अँगाल्दै उत्तर-आधुनिकतावादीहरूले ज्ञान-विज्ञानका सबै सैद्धान्तिक मान्यताहरूलाई आलङ्कारिक देख्न पुगे र विसंघटनवादी बहुलवादमा अतर्कबुद्धिवाद मिसाएर आलङ्कारिक एवम् लीलामय आवेगको नयाँ रसायनशास्त्र तयार पारे । अनि त डेरिडाका लागि साहित्य नै दर्शनको अध्ययन गर्ने राम्रो विषय बन्न पुग्यो । बार्थका लागि पाठ उपभोगको आनन्द-सिद्धान्त बन्यो र पाल द मानका लागि आख्यान, यथार्थ, विचारधारा आदि सबै आलङ्कारिक अभिरुचिका विषय बन्न गए । यसको अर्थ वस्तुगत तथ्य तथा यथार्थमा आधारित सत्यबाट भाग्नु र दर्शनलाई भ्रमको शास्त्र बनाउनु हो।

इतिहास, समाज र मान्छेका बारेमा अतर्कबुद्धिवादको सहारा लिई उत्तर-आधुनिकतावादीहरूले तीन नकार पेस गरे- इतिहासको नकार, मानवीय प्रगतिको नकार र चेतनाको नकार । उनीहरूको यस प्रकारको नकारको प्राथमिक आधारविन्दु नित्से नै थिए। उनले प्राचीन युनानी नाटकका अपोलो र डायनिसस जस्ता दुई प्रतिनिधि पात्रको चर्चा गरेका थिए। अपोलो अर्थात् सूर्य शान्ति र बुद्धिका प्रतिनिधि देवता थिए। परन्तु डायनिसस भने आवेग, सहजवृत्ति, कला, नाटक र आमोद-प्रमोदका प्रतिनिधि देवता । नित्सेले तर्कबुद्धिवादको विरोध गर्दा डायनिससलाई आधार बनाएका थिए । उनले मूल्यहरूको पुनःमूल्याङ्कनको माग गर्दा यसै कुरामाथि ध्यान दिएका थिए। स्पेंगलरको "पश्चिमी सभ्याताको पतन" नित्सेको यसै मान्यतामा आधारित रहेको छ । फ्रैंकफर्ट स्कुलका होर्खिमर, अडोर्नो र मार्क्युजहरूले मानव सभ्यता र इतिहासको कुरा गर्दा फासिवादी सर्वसत्तावादको जन्मका लागि ज्ञान-प्रसारण काललाई जिम्मेवार ठहऱ्याएका थिए र यसरी नै ज्ञान-प्रसारण कालको पुनः मूल्यांकनमा जोड दिएका थिए । पचासको दशकभन्दा पहिले नै टायनबीले पश्चिमको इतिहास चौथो र अन्तिम चरणका रूपमा अतर्कबुद्धिवाद, चिन्ता र निःसहायता जस्ता कुरा लिएर उत्तर-आधुनिकतावाद आउने कुराको घोषणा गरेका थिए । यसै क्रममा डेनियल बेलले १९६० मा विचारधाराको अन्त्यको घोषणा र १९७३ मा उत्तर-औद्योगिक समाजको परिकल्पनासहित प्रविधिका सामु मानिस तथा उसको चेतना अनावश्यक भएको कुरा बताएका थिए। उत्तर-आधुनिकतावादीहरू ठिक यसै वैचारिक विरासतलाई स्याहार्दै मैदानमा आए। सोभियत संघको विघटनलाई विश्वमा साम्यवादको पतन र उदारवादी लोकतन्त्रको अन्तिम विजयका रूपमा पेस गर्दै १९९२ मा फुकोयामाले भने- "इतिहासको अन्त भयो" । उत्तर-आधुनिकतावादीका यस प्रकारका घोषणाका पछाडि इतिहास र मानव सभ्यताको प्रगतिको गतिलाई साम्राज्यवादको चरणमा सीमावद्ध गर्ने, त्यसलाई चक्राकारका रूपमा घुमाइराख्ने र अन्ततः प्राचीन युनानको डायनिसियाली आमोद-प्रमोदको सभ्यता तथा मध्ययुगीन धार्मिक रहस्यतर्फ फर्कने अतीतमुखी दृष्टि रहेको कुरा स्पष्टै छ।

वस्तुगत यथार्थ, इतिहास, विचारधारा, मानवीय प्रगति आदिबारे उत्तर-आधुनिकतावादी मान्यता निम्न प्रकार रहेका छन्- पहिलोः वस्तुगत, सामाजिक तथा ऐतिहासिक यथार्थ र तिनको नियमसङ्गतिको विरोध तथा विकल्पमा भाषा, चिन्ह र पाठ-खेलसहित अतियथार्थ, मिथक, जादु-टुना जस्ता कुरालाई सर्वोपरि स्थान दिनु। दोस्रोः मानिसको पहिचान वर्ग (ऋबिकक) का रूपमा नभई वंश, जात, जाति, लिङ्ग, वर्ण, धर्म आदिका आधारमा र अन्ततः विखण्डित व्यक्ति (Decentered Subject)- का रूपमा पेस गर्नु। तेस्रोः मानवता, न्याय, प्रगति, मुक्ति, क्रान्ति, वर्गसङ्घर्ष जस्ता अवधारणा र प्रवर्गहरूलाई परम्परावादी तथा अधिभूतवादी कथन (Discourse) र महावृत्तान्त (Grandnarretives) बताई तिनको विरोध गर्नु, उत्पीडित जनता तथा वर्गको सामूहिक प्रतिरोध क्षमताको विरोधमा "योग्यतमको विजय"- को जीवशास्त्रीय फासिवादी मान्यता अँगाल्नु र इतिहास निर्माणमा मानिसको सचेत तथा क्रियाशील भूमिकाको निषेध गर्नु। चौथोः एकरूपता, व्यवस्था, तार्किकता, मूल्य-मान्यता, नियम, विचारधारा र सिद्धान्तको विरोधमा अनेकता, अव्यवस्था, अतार्किकता, मूल्यहीनता, अराजकता, अनिश्चितता, विचार तथा सिद्धान्तहीनताको पक्षपोषण गर्नु। सारमा भन्नु पर्दा उत्तर-आधुनिकतावाद पुँजीवादी ज्ञान-प्रसारण कालको प्रगतिमुखी र ऐतिहासिक भौतिकवादको क्रान्तिकारी इतिहासदृष्टिका विरुद्ध परिलक्षित तथा घोर प्रतिक्रियावादी रहेको छ । यो क्रान्ति, साम्यवाद र मानव जातिको उज्ज्वल भविष्यको विरोध र साम्राज्यवाद एवम् फासिवादको पक्षमा आधारित आदर्शवादी तथा अज्ञेयवादी इतिहासदृष्टि हो।

उत्तर-आधुनिकतावादको इतिहासदृष्टि र ज्ञान-सिद्धान्तमा देखापरेको सङ्कटले उनीहरूको सांस्कृतिक मूल्यदृष्टि र मूल्यचेतनामा भयावह सङ्कट पैदा गरिदिएको छ । उत्तर-आधुनिकतावादले संज्ञानात्मक, नैतिक र सौन्दर्यात्मक मूल्यलाई परम्परागत वा अधिभूतवादी भनेर पुरै निषेध गरेको छ। यो मूल्यनिषेधवाद नित्सेको शून्यवाद, फ्रायडको यौनवाद, अस्तित्ववादीहरूको निराशावाद, फ्रैंकफर्ट स्कुलको निषेधात्मक द्वन्द्ववादसहित कलावाद, दादावाद, अतियथार्थवाद, नयाँ समीक्षा र भाषावाद-सबैलाई समेट्दै अतर्कबुद्धिवादको चरमचुलीमा खडा भएको छ । आज उत्तर-आधुनिकतावादीहरूले जुन परायथार्थको कुरा गर्छन्, त्यो दादावाद तथा अतियथार्थवादमै पाइन्छ । आज उत्तर-आधुनिकतावादीहरूले समस्त सैद्धान्तिक मान्यता र सौन्दर्यशास्त्रको जुन निषेध गरेका छन्, त्यो काम भाषावादी प्रत्यक्षवाद र विश्लेषणात्मक दर्शनले (जे. आयर र बिट्गेन्स्टाइनसहितले) सत्यापन गर्न नसकिने अधिभूतवादी छद्म अवधारणाको मान्यता पेस गरी पुरा गरेका थिए । आज उत्तर-आधुनिकतावादले भाषा, सङ्केत, शब्द वा पाठमा जुन अभाव र अनुपस्थितिको पुर्पक्ष गरेको छ, त्यो आधुनिकतावादी कलावादले विमानवीकारण, अकविता, अकथा, अउपन्यासका रूपमा प्रस्तुत गरेको थियो । आज उत्तर-आधुनिकतावादीहरूले आफूलाई जतिसुकै नयाँ देखाउन खोजे पनि वास्तवमा त्यसो नभई उनीहरूले साम्राज्यवादी युग सुरु भएयताका समस्त वैचारिक, सांस्कृतिक प्रदूषण र विकृतिहरूलाई समेट्दै आएको र तिनै सङ्कटग्रस्त मान्यतामा खडा भएर झनै सङ्कटग्रस्त सांस्कृतिक मूल्यहीनताको मान्यता पेशगर्दै गइरहेको कुरा स्पष्टै छ।

यद्यपि उत्तर-आधुनिकतावादीहरू आफूलाई आधुनिकतावादी अभिजातवाद, प्राधिकारवाद, अहंवादविरोधी देखाउँदै सौन्दर्य र उदात्तसम्बन्धी परम्परागत सौन्दर्यशास्त्रीय अवधारणाको निषेध गरेको स्वाङ रच्दछन्, परन्तु सारमा कुरा यस्तो होइन । उनीहरू सौन्दर्य, उदात्त, पूर्णता, सङ्गति र आदर्शसहित सबै उत्कृष्ट जीवनमूल्यका विरुद्ध कुरूपता, नीचता र विखण्डनको पक्षमा खडा छन् । वास्तवमा उनीहरू मानवजातिले वर्गसङ्घर्ष, उत्पादनका निम्ति सङ्घर्ष र वैज्ञानिक प्रयोगको लामो ऐतिहासिक प्रक्रियाका बिचबाट ज्ञान-विज्ञान, नैतिकता र सौन्दर्य चेतनासहितका जुन सकारात्मक मूल्यहरूको सृष्टि र विकास गर्दै आएको छ, ती सबैलाई ध्वस्त पार्न गइरहेका छन्। वास्तवमा यो अतर्कबुद्धिवाद र शून्यवादमा आधारित सांस्कृतिक टढसाम्राज्यवादको गम्भीर सङ्कट र मूल्यविघटनको चरम अभिव्यक्ति हो । आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना, उत्पीडक वर्ग र उत्पीडित वर्ग बीचको सङ्घर्ष तमाम् आरोह-अवरोहका बिचबाट जुन नयाँ उचाइमा विकसित हुँदै गइरहेको छ त्यसले क्रान्ति, साम्यवाद र मानव जातिको समुज्ज्वल भविष्यको नयाँ यथार्थ सशक्त रूपमा सन्निकट बन्दै गइरहेको अकाट्य ऐतिहासिक तथ्य प्रस्तुत गरिरहेको छ । आज साम्राज्यवाद आफ्नो यस प्रकारको महाविनाश टुलुटुलु हेर्न बाध्य भइरहेको छ। परन्तु, त्यो यसरी विकसित हुँदै गइरहेको नयाँ यथार्थको सामना गर्न र आफ्नो चिहान खनिन लागेको कुरा अङ्गीकार गर्न भने पुरै असमर्थ रहेको छ। ठिक त्यसै कारण आज साम्राज्यवादले आफ्नो अस्तित्व र मूल्यबोधको सङ्कटलाई भयानक शून्यवादको दर्शनमा अभिव्यक्त गर्ने काम गरिरहेको छ।

उत्तर-आधुनिकतावादको अर्को कडीका रूपमा उत्तर-उपनिवेशवाद १९७८ यता चर्चामा आएको पाइन्छ । यस अन्तर्गत एडवर्ड सइद, होमी भाभा, गायत्री स्पिवाक लगायतका विचारकहरू आउँछन् । सइद फुकोवादी प्रबन्ध विश्लेषण, स्पिवाक डेरिडावादी विखण्डन र भाभा लकाँवादी मनोविश्लेषणबाट प्रभावित मानिन्छन् । उत्तर-उपनिवेशवाद युरोप-अमेरिकास्थित प्रवासी बुद्धिजीवीहरूको सांस्कृतिक वर्णसंकरता वा सांस्कृतिक उभयचरताको मान्यतामा आधारित छ । यसको अर्थ आर्थिक तथा सांस्कृतिक भूमण्डलीकरणको युगमा युरोप, अमेरिका र तेस्रो विश्वका देशबिचको पर्खाल तोडिई दुवै थरी देशका संस्कृतिहरू एकै ठाउँमा मिसिंदा वर्णसंकरता वा उभयचरता पैदा हुन गएको छ भन्ने हो। उत्तर-उपनिवेशवादले अविकसित वा औपनिवेशिक देशहरू साम्राज्यवादको आर्थिक, सांस्कृतिक र विद्युतीय भूमण्डलीकरणमा समेटिएको कुरा दर्साउँदै ती देशहरूमा साम्राज्यवाद र राष्ट्रिय मुक्ति आन्दोलनबिच अन्तर्विरोध नरहेको, त्यहाँ साम्राज्यवादी श्रेष्ठता स्थापित भइसकेको र ती देशहरूको स्वतन्त्र राष्ट्रिय पहिचान समाप्त भएको कुरा पेस गर्दछ । यसले साम्राज्यवादी उत्पीडनका विरुद्धको सङ्घर्षमा उपनिवेशका जनता सङ्घर्ष गर्न असमर्थ रहेको र सांस्कृतिक साम्राज्यवादी वर्चस्वका सामु घुँडा टेक्न बाध्य बनेको कुरा बताएको छ। उत्तर-उपनिवेशवादले अविकसित देशका उत्पीडित जनतामा उत्पीडनका विरुद्ध सङ्घर्ष र मुक्ति होइन साम्राज्यवादको दासत्वलाई मूकदर्शक बनेर सहिरहनु पर्ने प्रभुत्ववादी विचारधारा थोपर्ने काम गरेको छ।

कतिपय नारीवादी विचारकहरू शब्दकेन्द्रवादका विरुद्ध परिलक्षित डेरिडाको विसङ्घटनवाद, इतिहास र समाजको नियम-सङ्गतिका विरुद्ध प्रस्तुत फुकोको प्रोक्ति र लकाँको विखण्डित व्यक्ति लगायतका विचारहरूद्वारा प्रभावित भई लिङ्ग-केन्द्रवाद र शब्दकेन्द्रवादलाई मिलाई पुलिङ्ग-शब्दकेन्द्रवाद (Phallogocentrism), नारी अस्मिताको विलुप्ति, आदि कुरा गर्दछन् र त्यसका लागि मार्क्सवादमाथि पनि सारभूतवाद (Essentialism), सर्वसत्तावाद( Phallogocentrism) को आरोप लगाउँछन् । केही नारीवादीहरू पितृसत्तावादी उत्पीडनलाई वर्गसङ्घर्षको कडीका रूपमा नहेरी विशुद्ध पुरुषकेन्द्रित रहेको देख्ने गर्दछन्। यो नारीवादी आन्दोलनमा देखापरेको गम्भीर वैचारिक विचलन हो।

उत्तर-आधुनिकतावादको बहसमा आउने गरेका नव-मार्क्सवादी र उत्तर-मार्क्सवादीहरू संशोधनवादकै विकृति हुन् । यिनमा फैंकफर्ट स्कुलदेखि युरोकम्युनिज्मसम्म र ट्राटस्कीपन्थदेखि आधुनिक संशोधनवाद हुँदै हालसम्मका कैयौं अवसरवादी र पलायनवादीहरू आउँछन् । यी सबैले मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओद्वारा विकसित क्रान्तिकारी सिद्धान्तलाई *बाँकी ७ पेजमा*

## गण्डकी...

थियो । यसकारण पनि प्रदेश अधिवेशन गर्न अपरिहार्य थियो । प्रदेश अधिवेशन गर्नपर्नाका अन्य धेरै कारणहरू छन् । ति सबै कारणहरूको सप्रसङ्ग व्याख्या गर्न त यहाँ सम्भव नहोला तर केहि सङ्क्षिप्त रूपमै भएपनि यसबारे केहि व्याख्या गर्न जरुरी देखिएकोले मैले यहाँ चर्चा गर्ने जमर्को गरेको हुँ । (क) २०७६ असार २२ गते हाम्रो पार्टीका श्रद्धेय पोलिटव्युरो सदस्य तथा यस प्रदेशका सेक्रेटरी श्रीनाथ अधिकारी (क. श्याम) को असामयिक निधन हुन पुग्यो । उहाँको निधनले सिङ्गो पार्टीलाई नै अपुरणीय क्षति पुग्यो भने हाम्रो प्रदेशले त मूल नेतृत्व नै गुमाउन पुग्यो । यसैगरी २०७५ कार्तिक २२गते हाम्रो पार्टीका प्रदेश समितिका सदस्य कुस्भाखर भुसाल (क. आशिष) को निधन हुन पुग्यो । यसरी हेर्दा प्रदेश समितिकै दुइजना जिम्मेवार नेतृत्वको निधनले पनि प्रदेश समितिलाई पुनर्गठनमा लैजानुपर्ने अवस्था आयो । (ख)यस प्रदेशमा कार्यरत जिम्मेवार क. अनुकूल, क. आइ.डि. र क. भि. पाण्डेको जिम्मेवारी परिवर्तन हुन पुग्यो । आदरणीय अनुकूल कमरेड पोलिटव्युरो सदस्यमा पदोन्नति हुनु भएर यहाँबाट स्थानान्तरण भएर सुदूर पश्चिम प्रदेशको इन्चार्जको जिम्मेवारी लिएर जानु भयो भने क. आइ.डि. र भि. पाण्डे केन्द्रिय सल्लाहकारमा पदोन्नति हुनु भयो । प्रदेश सङ्गठन पुनर्गठन गर्न पर्नाको एउटा यो पनि कारण हुन पुग्यो

(ग) पार्टी क्रान्तिमा अवसरवादीहरू जटिलकालमा पलायन हुने कुरा नौलो होइन । अवसरवादी तत्वहरूको पलायन हुने प्रक्रियाबाट हाम्रो प्रदेश पनि अछुतो रहेन । वाग्लुङ्बाट दे.ज.मो. को केन्द्रिय सदस्य हेमेन्द्र घर्तिमगर, दे.ज.मो. प्रदेश कोषाध्यक्ष गुज्जबाहादुर भण्डारी, जिल्ला सेक्रेटरी ऋषिराम रोका, लमजुङ्बाट सुरेश न्यौपाने र गोवर्द्धन गौलि, गोरखाबाट दिलबहादुर भुजेलहरूको पलायनले पनि पार्टीमा केहि समस्या पैदा भयो । आगामी दिनमा नेतृत्व चयन गर्दा क्रान्तिकारी पङ्क्तिमा अवसरवादीहरूको घुसपैठ नहोस भनेर पाठ सिक्दै अगाडि बढ्नाकोलागि पनि प्रदेश अधिवेशन गर्न आवश्यक ठानियो ।

(घ) प्रदेश अधिवेशनभन्दा अगाडि जिल्ला सम्मेलन र भेलाहरू आयोजना गरिए । केहि जिल्लाहरूमा सहज ढङ्गले सम्मेलनहरू सम्पन्न भए भने केहि जिल्लाहरूमा समस्याहरू देखा परे । पर्वत जिल्लामा केहि अराजक तत्वहरू भेला बहिष्कार गरेर हिँडे । उनिहरूले पार्टी सदस्यता नवीकरण समेत गरेनन् । २ वर्ष अगाडीदेखि नै प्रदेश समितिको सम्पर्कमा नभएको व्यक्तिलेसमेत आफुलाई स्वघोषित प्रदेश हो भन्दै हिँडेको पाइयो । यस्ता प्रकृतिले पनि पार्टी र आन्दोलनमा समस्या पार्ने नै भयो । यस्ता प्रकृतिलाई समयमै ठेगान लगाउन पनि प्रदेश अधिवेशनको आवश्यता पर्न गएको थियो ।

(ङ) हाम्रो प्रदेश अन्तर्गतको कास्की जिल्ला शहरी आन्दोलनको हिसाबले अग्रभाग हो । यहाँ एकपटक पार्टी सदस्य सङ्ख्या १५०० नाग्यो र तुरुन्तै फेरि घटेर ६० मा झर्‍यो । एक डेढ वर्षमै ५० जनाबाट बढेर १५०० मा पुग्नु अनि फेरि तुरुन्तै घटेर ६०मा झर्नु यो अस्वाभाविक हो । यसो हुनुमा यहाँ ठगि र किर्तेधारी भोजराजहरूको पार्टी प्रवेश र बहिर्गमन नै मुख्य हो । ठगि र किर्ते धन्दाले पैदा गरेको समस्याको वैज्ञानिक समीक्षा जरुरी थियो । ठिक समयमा ठिक संश्लेषण गरेरमात्र अगाडी बढ्न सकिञ्छ त्यसकारण पार्टीको बदनाम गराउँदै हिँड्ने ठगि र कितर्को माफियाहरूलाई पार्टीले नियन्त्रणमा लिइ उचित एक्सन लिनको लागि पनि एक एकताबद्ध पार्टी निर्माण गर्नु पर्ने थियो । यसकारणले पनि हामीले प्रदेश अधिवेशनमा जान ठानियो ।

(च) प्रदेश सदस्यहरूबाटै करिब २ वर्षदेखि लेवि आएको छैन । यो के हो ? हो यो समस्या हल गर्न पनि अधिवेशन र बलियो सङ्गठन चाहिएको थियो ।

(छ) पार्टी विसर्जन हुने कारण मध्ये निष्क्रियता पनि एउटा हो । यो अवधिमा केहि कमरेडहरूको निष्क्रियता अलि चर्कैरूपमा देखा पर्‍यो । उहाँहरू रूपान्तरणको प्रक्रियामा रहनु भएकोले नाम उल्लेख गरिएन । यस्ता प्रवृत्तिको भण्डाफोर सञ्चालनकालागि पनि अधिवेशनकको आवश्यकता देखियो ।

(ज) कास्की जिल्लामा क्रियाशील युवा लिगका केन्द्रिय सदस्य कमरेड इन्द्रबाहादुर गुरुङ गिरफ्तारीमा पर्नु भयो । गिरफ्तार हुने सम्मलाई त स्वाभाविक नै मानियो तर अत्यन्तै कमजोर केसमा ५७ दिनसम्म जेल हिरासत वस्नु पर्नाको कारणलाई भने स्वाभाविक मान्न सकिँदैन । यसले पनि पार्टीको आन्तरिक पङ्क्तिमा रहस्यताको मात्रालाई नै बढावा दिन पुग्यो । आगामी दिनमा यस्तो नहोस भन्नको लागि पनि सुदृढ सङ्गठन जरुरी छ । अधिवेशनपछिको समितिले यो पनि हल गर्ने छ ।

**निष्कर्ष**

प्रदेश अधिवेशन सम्पन्न हुनु नै यो प्रदेश पार्टीको ठुलो उपलब्धि हो । पहिलेभन्दा अधिकार सम्पन्न प्रदेश समिति बनेको छ । यो समितिको जिम्मेवारी अत्यन्तै धेरै छ । जस्तै पार्टीको केन्द्रिकृत नेतृत्वलाई सुदृढ र बलियो बनाउने सवाल, पूर्णकालिन कार्यकर्ताको आवश्यक व्यवस्थापनको ठोस निर्णय,, पार्टीको नाममा ठगि र किर्ते काममा पोखरामा देखिएको समूहलाई नियन्त्रण तथा दण्ड दिने काम, निष्क्रिय र पलायनको मात्रा घटाउने पहल, जिल्ला सदस्यसम्मले पनि पार्टी सदस्यता नवीकरण नगर्नेसम्मको अराजकताको नियन्त्रण, मनाङ्-मुस्ताङ्-लमजुङ्सम्म पार्टी सङ्गठन विस्तार, पोखरालाई अग्र भाग र बाँकीलाई आधार भागमा विकास गरी दुबै भागलाई संयोजन गराउने कौशलपूर्ण योजना लागु गर्ने कार्यक्रम आदि छन् । माथि धेरै ठाउँमा उल्लेख गरे जस्तै मुख्य सवाल हो नयाँ समितिकोरूपमा आएको प्रदेशसमितिलाई एकीकृत र केन्द्रिकृत सामूहिक नेतृत्वमा बुझ्दै बलियो पार्टी बनाउने हुनुपर्दछ । *२०७६ मार्ग-३०*

## उत्तर...

परम्परावादी भएको आरोप लगाउँछन् र मार्क्सवादको पुँजीवादीकरण गर्दछन् । त्यसैले तिनलाई उत्तर-मार्क्सवादी भनिने गरिएको छ ।

नव-मार्क्सवादको थालनी फ्रैंकफर्ट स्कुलवाट भयो । नव-मार्क्सवाद अन्तर्गत पहिले म्याक्स होर्खेइमर, अडोर्नो, मार्क्युज, हाबरमास, अल्थ्युसर, गोल्डमान, रेमन्ड विलियम्स आदि र पछि जेमेसन, इग्लटन आदि समावेश हुँदै आएका छन् । फ्रैंकफर्ट स्कुलमा निषेधात्मक द्वन्द्ववाद तथा आलोचनात्मक सिद्धान्तलाई स्वीकार गरी वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्तलाई विरोध गरिएको थियो । यिनले स्टालिनको मार्क्सवादलाई जडसूत्रवादी तथा रुढिवादी मार्क्सवाद वताउँदै आएका छन् । रेमण्ड विलियम्सले एकातिर सांस्कृतिक भौतिकवादको मान्यता पेस गरेका छन् भने अर्कोतिर मार्क्सको आर्थिक आधारले उपरिसंरचनालाई निर्धारित गर्दछ भन्ने मान्यतालाई निर्धारणवाद भनी विरोध गरेका छन् । जेमेसन, इग्लटनले उत्तर-आधुनिकतावादको आलोचना पनि गरेका छन् । इग्लटनका गुरु विलियम्स हुन् र यिनले स्टालिन तथा माओको कडा आलोचना र विरोध गरेका छन् ।

नव-मार्क्सवादपछि उत्तर-मार्क्सवाद जन्मिएको हो । जेमेसनले बर्नस्टाइनलाई उत्तर-मार्क्सवादी बताएका छन् । कतिपयले पहिलेका मार्क्सवादी र पछि उत्तर-आधुनिकतावादी बन्न गएका फुको, ल्योतार्दलाई पनि उत्तर-मार्क्सवादी बताउने गर्दछन् । वस्तुतः उत्तर-मार्क्सवादलाई सिद्धान्तका क्षेत्रमा व्यवस्थित रूपमा प्रस्तुत गर्ने काम अर्नेस्टो लक्लाउ र च्यान्टल मुफबाट भयो । उनीहरूले एकातिर मार्क्सवादका विरुद्ध नव-आदर्शवाद, बहुलवाद तथा रेडिकल डेमोक्रेसीको मान्यता पेस गरे भने अर्कोतिर वर्गको विरोधमा पहिचानको मान्यतालाई स्वीकार गरे । उनीहरूले आर्थिक आधार होइन उपरिसंरचनालाई प्राथमिकता दिए । नव-मार्क्सवादीहरू आफूलाई मार्क्सवादी बताउँछन् र उत्तर-मार्क्सवादीहरू मार्क्सवादलाई नै पुनः परिभाषित गर्नुपर्ने कुरा बताउँदै त्यसको विरोध गर्दछन् । अव मार्क्सवाद र उत्तर-मार्क्सवादका बिचको सीमारेखा समाप्त हुँदै गएको छ । बैज्यु, जिजेक, नेग्री, हार्ट लगायतका कैयौं यस्ता नाम छन् जसलाई कतिपयले मार्क्सवादी र कतिपयले उत्तर-मार्क्सवादी भन्ने गरेका छन् । समग्रमा यिनको उतर-आधुनिकतावादसित घुलमिल हुँदै गएको छ । नेपालमा पनि संशोधनवादी, नव-मार्क्सवादी तथा उत्तर-मार्क्सवादीहरूको प्रतिक्रियवादीकरण र उत्तर-आधुनिकतावादसितको घुलमेल हुँदै आएको छ ।

यी सबैले सर्वसत्तावाद र अधिभूतवादी एकत्ववादको विरोधका नाममा फासिवाद र स्टालिनवाद तथा अधिभूतवादी र द्वन्द्वात्मक भौतिकवादी सबै खाले अद्वैतवाद (ःयलष्क) लाई एउटै ठाउँमा घालमेल पार्दछन् र तिनको विरोधमा बहुलवाद (Pluralism) को पक्षपोषण गर्दछन् । यी सबैको सैद्धान्तिक मान्यता वर्गसङ्घर्ष, सर्वहारा अधिनायकत्व र साम्यवादका विरुद्ध बहुलवादी संसदवादी व्यवस्थाको पक्षपोषण गर्नु र त्यसका लागि साम्राज्यवादसँग साँठगाँठ गर्नु रहेको छ। यो स्थितिको एउटा गम्भीर पाटो हो ।

नव-मार्क्सवादी, उत्तर-मार्क्सवादी तथा उत्तर-आधुनिकतावादीहरूले मार्क्सवाद र क्रान्तिकारी कम्युनिस्टहरूमाथि जुन आरोपहरू लगाउँदै आएका छन् तिनको कुनै औचित्य छैन । धर्मले विज्ञानको खण्डन गर्न नसके जस्तै साम्राज्यवादका प्रवक्ताहरूले मार्क्सवादको खण्डन गर्न सक्तैनन् । मार्क्सवाद सामाजिक क्रान्तिको विज्ञान हो । यसले सबै खाले आदर्शवाद, अधिभूतवादी एकत्ववाद, द्वैतवाद, बहुलवाद आदिका विरुद्ध द्वन्द्वात्मक भौतिकवादी एकत्ववाद (Monism)को पक्षपोषण गर्दछ । मार्क्सवाद सर्वहारा वर्गको विचारधारा हो । यसले वर्तमान युगका संगीन समस्याहरूको विज्ञानसम्मत समाधान गर्दै उत्पीडित जनता र सम्पूर्ण मानव जातिकै लागि मुक्ति दिलाउने सामर्थ्य राख्दछ ।

साम्राज्यवादी शासक वर्गले आफूलाई जतिसुकै उदारवादी बहुलवादीका रूपमा पेस गर्दै आए पनि वास्तवमा त्यो आर्थिक, राजनीतिक र सांस्कृतिक भूमण्डलीकरणका बिचबाट घोर एकाधिकार पुँजीवादको एकध्रुवीय विश्वव्यवस्थाको प्रवर्तकका रूपमा प्रकट भयो । आर्थिक रूपमा यो विश्व बजारको एकाधिपत्य, प्रविधिका रूपमा विद्युतीय सञ्चार माध्यमहरूको एकाधिपत्य, वैचारिक रूपमा सांस्कृतिक प्रभुत्ववाद र राजनीतिक रूपमा फासिवादी दमन., हस्तक्षेप र युद्धको आतंकवादी अधिनायकवादमा आधारित रहेको छ । दार्शनिक रूपमा आफूलाई बहुलवादको पक्षधर बताउने तर व्यवहारमा अधिभूतवादी एकत्ववादको अभ्यास गर्ने, आर्थिक रूपमा मुक्त बजार तथा खुल्ला प्रतियोगिताको कुरा गर्ने तर व्यवहारमा वित्तीय पुँजीको एकाधिकारवाद कायम गर्ने, मुखले मानवअधिकार, मानवीय मूल्य-मान्यता, लोकतन्त्र तथा कानुनी राजको कुरा गर्ने तर व्यवहारमा ती सबैलाई ध्वस्त पारी फासिवाद अँगाल्ने गरेर आफ्नै द्वैतवादी चरित्रद्वारा साम्राज्यवादले स्वयम् आफैलाई नाङ्गो पार्दै लगिरहेको छ ।

विज्ञान र प्रविधिको क्षेत्रमा हुँदै आएको अपूर्व विकास र सूचना तथा सञ्चारको भूमण्डलीकरणका बिचबाट एकाधिकार पुँजीवाद थप विकसित हुँदै गयो । त्यसले अर्थतन्त्रको क्षेत्रमा भूमण्डलीकरण, नव-उदारवाद, वित्तीयकरण तथा अतिकेन्द्रीयकरणको प्रक्रियालाई अगाडि बढायो र एकध्रुवीय विश्वव्यवस्थालाई जन्म दियो । यसै क्रममा उत्तर-आधुनिकतावादले भूमण्डलीकृत साम्राज्यवादको नव-उदारवादी विचारधारालाई अङ्गीकार गर्दै अगाडि बढ्यो । अहिले एकध्रुवीय विश्वव्यवस्थाको विरोधमा बहुध्रुवीय विश्वव्यवस्था विकसित हुँदै गएको छ । यसै गरी साम्राज्यवादले विज्ञान र प्रविधिमाथि एकलौटी कब्जा जमाएर विश्वमा जुन एकाधिकारवादी उत्पादन सम्बन्धलाई स्थापित गर्ने काम गर्दै आएको छ, त्यसले साम्राज्यवादको एकाधिकारवादी आकांक्षा विपरीत र त्यसकै विरुद्ध विश्वका उत्पीडित जनता तथा सर्वहारा वर्गलाई वैचारिक र सांगठनिक रूपमा एकीकृत तुल्याउँदै क्रान्तिको भूमण्डलीकरणका लागि राम्रो भौतिक आधार तयार पार्ने काम गरिरहेको छ ।

यद्यपि स्तालिन र माओको निधनपश्चात् सोभियत रुस, चीन लगायतका समाजवादी देशहरूमा प्रतिक्रान्ति हुनु क्रान्ति र साम्यवादका लागि एउटा गम्भीर धक्का अवश्यै हो, परन्तु त्यो अस्थायी वा क्षणिक रूपमा मात्र । क्रान्तिको लामो प्रक्रियामा जीत-हारका यस प्रकारका आरोह-अवरोहहरू इतिहासमा भइरहने गर्दछन् र यो कुनै अस्वाभाविक कुरा होइन । यहाँ मुख्य प्रश्न क्रान्तिको अस्थायी धक्काबाट निराश बन्ने नभई त्यसबाट आवश्यक शिक्षा लिँदै क्रान्तिको अर्को प्रक्रियामा सशक्त रूपमा लाग्नु हो । यस सन्दर्भमा माओद्वारा विश्व कम्युनिस्ट आन्दोलन, क्रान्तिकारी पङ्क्तिभित्रकै कमी कमजोरी, समाजवादी देशमा प्रतिक्रान्तिका सम्भावना तथा तिनको रोकथाम आदिबारे गहन विश्लेषण गर्दै महान् सर्वहारा सांस्कृतिक क्रान्तिको शिखरमा पुगी सर्वहारा क्रान्तिको सिद्धान्तलाई मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा नयाँ उचाइ प्रदान गर्ने जुन युगान्तकारी भूमिका प्रस्तुत भयो, त्यसको विशेष ऐतिहासिक महत्व रहेको छ । सोभियत संघ, पूर्वी युरोप लगायतका देशहरूमा संशोधनवादी सत्ताहरूको पतनलाई आधार बनाई साम्राज्यवाद तथा त्यसका प्रवक्ताहरूले साम्यवाद मरिसक्यो भनेर जति फलाको हाले पनि विश्वका विभिन्न देशहरूमा मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा नयाँ जनवादी र समाजवादी क्रान्ति नयाँ ढंगले संगठित र विकसित हुँदै गए । पेरु, भारत, नेपाल लगायत कैयौं देशहरूमा जनयुद्धका आँधिबेहरीहरू चले । अफ्रिका, दक्षिण अमेरिका, एसियामा राष्ट्रिय मुक्ति आन्दोलनहरू सशक्त रूपमा विकसित हुँदै गए ।

साम्राज्यवादको अराजक, अतार्किक, विश्रृङ्खलित र फासिवादी चरित्रमाथि पर्दाहाल्दै नव-उदारवाद, बहुलवाद र संसदीय जनवादको आदर्शीकरण गरेर उत्तर-आधुनिकतावाद स्वयम् ध्वस्त बन्दै गइरहेको छ । उत्तर-आधुनिकतावाद आफ्नै वैचारिक अराजकतावाद, बहुलवाद र विसंघटनवादको कारण छरपस्ट बन्दै गएको छ । पश्चिममा समेत कैयौं विचारकहरूले उत्तर-आधुनिकतावादी बुद्धिजीवीहरूलाई मायावी बुद्धिजीवी भनेर विरोध गरेका छन् र कैयौं विचारकहरूले उत्तर-आधुनिकतावाद अब मरिसक्यो भनेर त्यसको पनि अन्त्यको घोषणा गरिसकेका छन् । उत्तर-आधुनिकतावादभित्रै पनि गम्भीर मतभेद चर्किंदै गएका छन् । कैयौं नारीवादीहरूले उत्तर-आधुनिकतावादमा समेत पुरुष-केन्द्रवाद देख्न पुगेका छन् र उनीहरूको क्रान्तिकारी राजनीतिप्रतिको चासो बढ्दै गएको छ । यद्यपि गलत रूपमै किन नहोस्, उत्तर-आधुनिकतावादीहरूको पङ्क्तिभित्रै नव-इतिहासवाद जन्मिएको छ । यसरी यो स्वयम् आफ्नै भूमिबाट ओरालो लाग्दै गइरहेको छ ।

परन्तु त्यस स्थितिमा भारतमा डेरिडाको विसंघटनवादलाई बौद्ध नागार्जुनको शून्यवाद, भर्तृहरिको भाषादर्शन र वेदान्ती मायावादको शब्दब्रम्हमसँग जोड्ने काम सुधीश पचौरी आदिबाट भइरह्यो । भारतीय नेपाली साहित्यमा इन्द्रबहादुर राई बौद्ध शून्यवाद, जैन स्यादवाद, वेदान्ती मायावाद, डेरिडाको विसंघटनवाद लगायतका सारसंग्रहवादी विचारहरूलाई एकै ठाउँमा जोडेर विनिर्माणवादी लीलालेखनमा व्यस्त रहिआएका छन् । त्यो समग्र प्रभाव नेपालमा पनि पर्दै आयो र शैलीविज्ञानमा कार्यरत मोहनराज शर्मा लगायतका समालोचकहरू पनि उत्तर-आधुनिकतावादतर्फ ढल्किन पुगे । अमेरिका, युरोपमा उत्तर-आधुनिकतावाद सरकारी आधिकारिक समालोचना बन्न भयो र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले पनि त्यसलाई अङ्गीकार गर्न पुग्यो । अनि नेपालमा संसदीय बहुदलीय व्यवस्था र बहुलवादी दर्शनका हिमायतीहरूलाई उत्तर-आधुनिकतावादको साम्राज्यवादी विचारधाराले सैद्धान्तिक रूपमा एउटै ठाउँमा उभ्याइदियो ।

नेपालमा मार्क्सवाद-लेनिनवाद-माओवाद, नेकपा (माओवादी), क्रान्तिकारी राजनीतिक कार्यदिशा, एकीकृत कम्युनिष्ट आन्दोलन, जनताको एकीकृत देशभक्त तथा जनवादी आन्दोलन, क्रान्तिको उज्ज्वल भविष्य तथा उच्च आदर्श, जनसमुदायको मुक्तिको दिशामा विकसित हुँदै गइरहेको महान् जनयुद्ध सबैमाथि विसंघटनवादी तथा बहुलवादी कोणबाट विरोध, अनास्था, आशंका र निराशाको कठोर पञ्जा हान्ने काम गरियो । त्यस्तै नेपालमा तमाम प्रतिगामी, संशोधनवादी र साम्राज्यवादी शक्तिहरू एकीकृत जातीय मुक्ति, नारीमुक्ति र सिंगो जनमुक्ति आन्दोलनका विरुद्ध लागिपरे । त्यो 'फुटाउ र शासन गर' भन्ने साम्राज्यवादी षड्यन्त्र थियो । यी सबै कुरालाई उत्तर-आधुनिकतावादी बहुलवाद, अतर्कबुद्धिवाद र विसंघटनवादले प्रश्रय दिइरहेको कुरा स्पष्ट थियो । त्यस स्थितिमा हाम्रो उत्तर-आधुनिकतावादका विरुद्धको वैचारिक सङ्घर्ष एकैसाथ सामन्तवाद, साम्राज्यवाद, संशोधनवाद, फासिवाद र हिन्दू साम्प्रदायिकतावादका विरुद्धको सङ्घर्ष बन्न गयो र सच्चा मार्क्सवादीहरूबाट उत्तर-आधुनिकतावादका विरुद्ध सशक्त वैचारिक सङ्घर्ष चलाउने काम हुँदै आएको छ ।

साम्राज्यवादको इसारामा फासिवादी शासक वर्गद्वारा नेपाली क्रान्तिको गला रेट्नका लागि जतिसुकै कसरत गरिदै आए पनि ती असफल बन्दै गए र अन्ततः पूर्ण असफल हुने कुरा निश्चित छ । किनभने ती वैचारिक र भौतिक दुवै रूपमा ऊर्जाहीन बन्न पुगे । ती स्वयम् आफैले घोषित र स्वीकृत गरेका मानव अधिकार, स्वतन्त्रता, कानुनी राजसहितका मूल्यमान्यताका विरुद्ध जनताको दमनमा जुन फासिवादको अभ्यास गर्दै आए, त्यो वस्तुतः विचारधाराको अन्त र इतिहासको अन्तको साम्राज्यवादी मान्यताकै एक अभिन्न कडी थियो । अर्कोतिर नेपाल विचारधाराको क्षेत्रमा मार्क्सवाद-लेनिनवाद-माओवाद र नयाँ इतिहास निर्माणको क्षेत्रमा महान् जनयुद्धको प्रक्रिया सशक्त रूपम विकसित र स्थापित हुँदै गएको थियो । त्यो नेपाली प्रतिक्रियावाद र संशोधनवादका लागि मात्र होइन, विश्व साम्राज्यवाद र संशोधनवादका लागि पनि सर्वहारा विश्वक्रान्तिको भूमण्डलीकरणको दिशामा परिलक्षित एक सानदार ऐतिहासिक चुनौती पनि थियो ।

सिंगो बीसौं शताब्दीको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिबीचको भीषण वर्गयुद्धको शताब्दी थियो । त्यस शताब्दीमा एकातिर प्रथम विश्वयुद्ध, द्वितीय विश्वयुद्ध र शीतयुद्ध जस्ता भीषण साम्राज्यवादी युद्ध छेडिए भने अर्कोतिर त्यस प्रकारका अन्यायपूर्ण युद्धका विरुद्ध रुसी समाजवादी क्रान्ति, चिनियाँ नयाँ जनवादी क्रान्ति तथा सर्वहारा सांस्कृतिक क्रान्ति जस्ता युग प्रवर्तक क्रान्तिहरू पनि सम्पन्न भए । त्यो शताब्दी साम्राज्यवाद र सर्वहारा क्रान्तिबीचको वर्गयुद्धमा शक्तिसन्तुलन र जीत-हारका अनेकौं वक्ररेखा र भीषण प्रक्रिया पार गर्दै अघि बढ्यो । त्यो विसौं शताब्दीको अवधिमा उत्पीडिक वर्ग र उत्पीडित वर्गबीच, साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबीच, अन्धराष्ट्रवाद र जातीय मुक्ति-आन्दोलनबीच, पितृसत्तावाद र महिला मुक्तिबीच, उच्च जात र दलित आन्दोलनबीच, साम्राज्यवाद-संशोधनवाद-सामाजिक साम्राज्यवाद र मार्क्सवाद-लेनिनवाद-माओवादबीच, भीषण प्रतिक्रान्ति र महान् क्रान्तिबीच जीवन मरणका वर्गसङ्घर्षहरू चल्दै आए । आज हामीले एक्काइसौं शताब्दीमा प्रवेश गरेका छौं । यद्यपि अहिले विश्व कम्युनिष्ट आन्दोलन कमजोर भएको छ र नेपालमा जनयुद्धका बिचबाट विकसित हुँदै आएको नयाँ जनवादी क्रान्तिले गम्भीर धक्का खाएको छ । परन्तु, यी सबै अस्थायी तथा क्षणिक कुरा हुन् । यस प्रकारका कमजोरी, धक्का तथा अस्थायी हारबाट अवश्यक शिक्षा लिदै अव एक्काइसौं शताब्दी साम्राज्यवादको हार र आम जनसमुदाय, सर्वहारावर्ग तथा विश्व क्रान्तिको भौतिक विजय समेतको शंखघोष गर्दै अघि बढ्ने छ । एक्काइसौं शताब्दी महान् क्रान्ति र जनयुद्धको शताब्दी हुनेछ किनभने साम्राज्यवाद चौतर्फी सङ्कटग्रस्त बन्दै महाविनाशको अन्धकारतर्फ धकेलिँदै छ र विश्वस्तरमै उत्पीडित जनसमुदाय तथा सर्वहारावर्ग क्रान्तिकारी शक्तिहरू वर्गयुद्धका समुज्ज्वल अग्निशिखाहरू प्रज्ज्वलित पार्दै अघि बढिरहेका छन् । क्रान्तिको यो दावानल साम्राज्यवादको अन्त र ध्वंशको दिशामा परिलक्षित रहेको छ । यही नै एक्काइसौं शताब्दीको सारभूत विशेषता हो ।

अब, अन्तमा उक्त अध्ययनका आधारमा कुन निष्कर्षमा पुग्न सकिन्छ भने एक्काइसौं शताब्दी विश्वक्रान्तिका लागि उर्वर बनेर प्रस्तुत हुँदैछ । यो स्थितिमा आफूलाई इमान्दार ठान्ने बुद्धिजीवीहरूले के बुझ्न जरुरी छ भने साम्राज्यवाद विरुद्धको सांस्कृतिक प्रतिरोध आन्दोलन उत्तर-आधुनिकतावादको विरुद्धको विचारधारात्मक आन्दोलनसँग अभिन्न रूपमा गाँसिएको छ । क्रान्ति र साम्यवादका विरुद्ध साम्राज्यवादी भूमण्डलीकरणको पक्षपोषण र आदर्शीकरण गर्ने उत्तर-आधुनिकतावादप्रति नरम बन्नु वस्तुतः साम्राज्यवादकै सेवा गर्नु हो । इतिहासले इमान्दार मानिने बुद्धिजीवीहरूसँग कथित स्वच्छन्दवरण र तटस्थताको नाममा साम्राज्यवादको सेवा होइन, वर्तमान युगका सारभूत विशेषताहरूको पहिचान गर्न बौद्धिक क्षमता र क्रान्तिप्रति पक्षधर बन्ने दृढ संकल्पबद्धताको माग गर्दछ ।

*(यो लेख करिव २०५८ मा अभानेविसंघको मुखपत्र 'जनमानस' मा छापिएको थियो । त्यसपछि 'कलम' : साहित्यिक त्रैमासिक, पूर्णाङ्क ३१, भाद्र-कार्तिक २०५९ मा छापियो । त्यसपछि एउटा संकलित समालोचनामा केही अंश मात्रै छापिएको र सिंगो लेख छापिन नसकेका कारण अहिले यस लेखलाई एकाध ठाँउमा आंशिक रूपमा केही परिमार्जन गरी सम्पूर्ण रूपमा प्रकाशित गरिएको छ । ले.)*

*२०७४ साउन १७*


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,** ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।


**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०

चाबहिल- ९८५१२४५६८०

दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

**रोयल बुईपा A/C जम्बो हाईस**



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

**काठमाडौं सम्पर्क नम्बर**

बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७

ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**

फोन नं. ०३५-४२१६४३

पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

रिभर्ज चाहिएमा सम्पर्क

सानोभाई थापा - ९८४२५२३८५

**सानोभाई फलफूल एण्ड जुस भण्डार**

सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

**टाटासुमो बोलेरो**

| काठमाडौं फोन | सिन्धुली फोन |
|---|---|
| ०१-५१००४९४ | ०४७-५२११६९ |
| ९८४११०६९६७ | ०४७-६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| | ९८४४२५२३८५ |
| यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ । | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

## आलोपालो

# गण्डकी प्रदेशको पार्टी अधिवेशनबारे

*भारतीय शासक वर्गले नेपालमाथि गर्दै आएको थिचोमिचो र अवहेलानाका विरुद्ध नेपाली जनताले ठूला ठूला आन्दोलन र संघर्ष गर्दै आएका छन् । राष्ट्रिय स्वाधीनताको रक्षाका लागि नेपालका कम्युनिस्ट पार्टीहरूले ठूला ठूला संघर्ष चलाउदै आएका छन्*

**● निश्चिल**

२०७४ फागुन ४ गते विधिवत् रूपमा तात्कालिन ४ नं प्रदेशले आफ्नो नामाकरण गण्डकी प्रदेश राख्यो । उक्त नामाकरणप्रति हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले विमति राख्यो । हामीले तत्कालीन अवस्थादेखि नै सङ्घर्ष र विरोध गर्दै आइरहेका छौं । तथाकथित गण्डकी प्रदेश कुनै पनि तथ्य, प्रमाण र ऐतिहासिक तर्कहरूले गण्डकी प्रदेश नामाकरण गर्न सुहाउँदैन । यो प्रदेशभित्र कम्तिमा ३ वटा ऐतिहासिक भूगोलहरू छन् । गोरखा, लमजुङ, मनाङ, कास्की, पर्वत र मुस्ताङ तमुवान्भुमिमा पर्दछ । तनहुँ, स्याङ्जा नवलपुरको पहाडी क्षेत्र, वाग्लङ र म्याग्दी मगरात भुमिमा पर्दछ । नवलपुरसम्मको भाग अवधभुमिमा पर्दछ । ऐतिहासिक पहिचानको आधारमा आत्मनिर्णयको सिद्धान्तलाई स्वीकार गरिसकेपछि जस्तो भौगोलिक ढाँचा आउँछ सो अनुसार सङ्घीय संरचना निर्माण गर्ने जनयुद्धको मूल मान्यता मध्ये एक हो । एकप्रतिशत वा सो भन्दा बढि जनसङ्ख्या भएका जातिहरूको ऐतिहासिक भुगोलहरूलाई समेटेर प्रदेश निर्माण गर्ने जनयुद्धको म्याण्डेड हो । हाम्रो पार्टी आजसम्म सो नीति र सिद्धान्तमा दृढ छ ।समग्र क्रान्तिपछि हामी हाम्रो नीति अनुसार नै राज्यलाई ऐतिहासिक पहिचानको आधारमा सङ्घीय ढाँचामा जान्छौं । यसरी जाँदा हाम्रो सिङ्गो देसलाई १४ प्रदेशमा नक्साङ्कन गर्नु पर्ने देखिन्छ तर यो सबै काम क्रान्तिपछि नै हुने हो । वर्तमान प्रतिक्रियावादी राज्यसत्ता र संविधानले हाम्रो विरोध र सङ्घर्षका बाबजुद गण्डकी प्रदेश नामाकरण गरि छोड्यो । हामी बस्ने त यहिँ हो । यहिँ बसेर सङ्घर्ष गर्ने हो । हाम्रा पुर्खाहरूले राणा शासनमा यहिँ बसेर सङ्घर्ष गरे । पञ्चायतकालमा पनि हामी यहिँ बसेर सङ्घर्ष गर्‍यौं । राजाहरूको सबै निरङ्कुश राजतन्त्रकालमा हामीले यहि भुमिमा बसेर यहिँ सङ्र्ष गर्‍यौं । विगतको महान् जनयुद्धसमेत यहि भमिमा लडिएको थियो त्यसकारण यहिँ बस्ने हो र अधिकारका लागि यहिँ व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्ने हो । यसरी हेर्दा हाम्रो सङ्घर्ष कहिँ कसैगरि रोकिनेवाला छैन । प्रतिक्रियावादीहरूले कामकाजको रूपमा प्रयोग गर्दै आएको गण्डकी प्रदेश हिजोको श्री ५ को सरकार एकात्मक राज्य जस्तै काम नलाग्ने बस्तु हो तर यतिवेला क्रान्तिको नेतृत्वगर्ने क्रान्तिकारीशक्ति कमजोर छ । यस्तो वेलामा क्रान्तिको कार्यक्रम, सिद्धान्तमा दृढता र व्यवाहारमा लचकताको सिद्धान्त अनुसार हुनुपर्दछ । सिद्धान्तमा दृढ र व्यवहारमा लचक हनुपर्ने र परिस्थिति अनुसार क्रान्ताको तयारी गर्नुपर्ने वाध्यता र आवश्यकताले गर्दा हाम्रो पार्टीको सङ्गठनात्मक संरचना गण्डकी प्रदेशको भुगोलसमेटेर निर्माण गर्नु नै उपयुक्त हन आउँछ । त्यसकारण अब हामीले याहाँको पार्टी समितिलाई नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) गण्डकी प्रदेश समिति, नेपाल भन्ने निर्णय गरेका छौं । मंसिर १८ र १९ मा भएको प्रदेश अधिवेशनले गरेको महत्वपूर्ण निर्णय मध्ये यो पनि एक हो । सर्वविदितै भएको कुरा के पनि हो भने हाम्रो पार्टी यसभन्दा अगाडि धेरै पटक विभाजन हुने एकता हुने हुँदै असाध्यै आरोह अवरोहको वक्र बाटोबाट अगाडि बढिरहेको छ । यसभन्दा अगाडि हामीले पार्टीको सङ्गठनात्मक संरचनालाई कैयौं पटक गठन र पुनर्गठन गर्‍यौं यसरी गठन पुनर्गठन गर्दा केन्द्रिय समितिले मनोनयन गर्ने विधिमात्र प्रयोग हुँदै आयो । यसो गर्दा तत्कालीन समस्या त हल भयो तर लेनिनवादी सङ्गठनात्मक सिद्धान्त अनुसारको जनवादीकेन्द्रियताको वैज्ञानिक विधि कुण्ठित हुन पुग्यो । सँधैं यसो भइनरहोस् पार्टीको विधान अनुसार आवधिक रूपमा सम्मेलन वा अधिवेशनबाट समिति निर्वाचित भएर आउने संस्कार र पद्धतिको विकास गर्न तथा पार्टीको पछिल्लो पोखरा राष्ट्रिय सम्मेलनको मर्म र भावना अनुसार तिन/तिन वर्षमा अनिवार्यरूपमा प्रदेश सम्मेलन हुनपर्ने नियमका कारणले पनि हामी अधिवेशन मार्फत प्रदेश समिति निर्माण गर्नुपर्दछ भन्ने जिम्मेवारी वोध गर्न पुग्यौं । हामीमा पैदा भएको यहि दायित्ववोधले गर्दा पनि मंसिर १८ र १९मा गण्डकी प्रदेश अधिवेशन हुन पुगेको हो । मुल प्रवाहको दृष्टिले हेर्दा ने.क.पा. (क्रान्तिकारी माओवादी) पुर्व ने.क.पा. माओवादी र पूर्व ने.क.पा.एकीकृत दुइ पार्टीको २०७२ साल कार्तिक २२गते एकता भएर बनेको थियो । हाम्रो पार्टीका श्रद्धेय महासचिव क. किरणले एक प्रसङ्गमा भन्नु भएको थियो कि मुलरूपमा दुइ पार्टीको एकिकरण देखिए पनि ऐतिहासिक कम्युनिष्ट समुहहरूको अध्ययन गर्दा ने.क.पा. (क्रान्तिकारी माओवादी) को निर्माणसम्म आइपुग्दा १४ वटा कम्युनिष्ट समुहको एकीकृत रूप हो । १४/१४ वटा समुहको ध्रुवीकरणबाट यो रूपको पार्टी बनाउनु भनेको अग्रजहरूको मेहनतलाई कम आँक्नै सकिने कुरा होइन । यसरी पछिल्लो २०७२ कार्तिक २२ पछाडि पार्टी केन्द्रले राष्ट्रिय सम्मेलन गर्ने आफ्नो दायित्व पुरा गरेपनि हाम्रो प्रदेशले प्रदेश सम्मेलन गर्न सकिरहेको थिएन । यसभन्दा अगाडि प्रदेश सम्मेलन आयोजक समिति मार्फत काम चलाउँदै आइएको *बाँकी ७ पेजमा*

## भारतीय...

भारतीय विस्तारवादद्वारा बनाइएको नयाँ नक्सामा लिम्पियाधुरा, कालापानी र लिपुलेकसहितको नेपाली भू-भागलाई भारतमा गाभिएको गंभीर स्थितिमा मुख्यतः राष्ट्रिय स्वाधीनता र पहिचान सहितको सङ्घीयता लगायत उत्पीडित वर्ग र समुदायका जनतन्त्र तथा जनजीविकाका समस्यालाई लिएर सङ्घर्ष अगाडि बढाउने, आफ्नै पहलकदमीमा सङ्घर्ष सञ्चालन गर्ने र मिल्न सकिने पक्षसित कार्यगत एकता वा संयुक्त मोर्चा गर्ने निर्णय लिइएको उल्लेख गरिएको छ ।

२९ मंसिरमा जारी विज्ञप्तिमा भनिएको छ, "२०७६ मङ्सिर २६ देखि २९ गतेसम्म नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको पूर्ण बैठक महासचिव कमरेड किरणको अध्यक्षतामा सम्पन्न भयो । बैठकले भयो । बैठकमा लिइएका महत्वपूर्ण निर्णयहरूबारे प्रेस विज्ञप्ति मार्फत निम्नानुसार सार्वजनिक रूपमा जानकारी गराइएको छ :

१. बैठकको प्रारम्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका विभिन्न जनआन्दोलन, क्रान्ति र दश वर्षको जनयुद्धमा सहादत प्राप्त गरेका सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति एक मिनेट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२. बैठकमा पोलिट ब्युरो सदस्य कमरेड श्रीनाथ अधिकारीको गत असार र केन्द्रीय सल्लाहकार कमरेड राममणि अधिकारीको गत भाद्र महिनामा दुःखद निधन भएकोमा उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकप्रस्ताव पारित गरिएको छ । यसैगरी एक नं प्रदेश समितिका सदस्य क. रमेश अधिकारीको दुर्घटनामा परी असामयिक तथा दुःखद निधन भएकोमा १ मिनेट मौन धारण गरी उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

३. महासचिव कमरेड किरणद्वारा वर्तमान राजनीतिक परिस्थिति, पार्टी कामको समीक्षा र आगामी कामको रूपरेखाबारे उल्लेख गरिएको राजनीतिक प्रतिवेदन प्रस्तुत गरियो । व्यापक छलफल गरी आवश्यक संशोधन तथा परिमार्जन सहित सो प्रतिवेदन सर्बसम्मत रूपमा पारित भयो ।

४. सो प्रतिवेदनमा गत समयमा सङ्गठन र सङ्घर्षका क्षेत्रमा भएका कामको आवश्यक समीक्षा सहित कतिपय सीमा, समस्या र कमी कमजोरी रहे पनि पार्टी काममा प्रगति हुँदै गएको कुरा दर्शाइएको छ ।

५. वर्तमान कम्युनिस्ट नामधारी सरकार राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या समाधान गर्न असफल बन्न गएको र भारतीय विस्तारवादद्वारा बनाइएको नयाँ नक्सामा लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नेपाली भू-भागलाई भारतमा गाभिएको गंभीर स्थितिमा मुख्यतः राष्ट्रिय स्वाधीनता र पहिचान सहितको सङ्घीयता लगायत उत्पीडित वर्ग र समुदायका जनतन्त्र तथा जनजीविकाका समस्यालाई लिएर सङ्घर्ष अगाडि बढाउने, आफ्नै पहलकदमीमा सङ्घर्ष सञ्चालन गर्ने र मिल्न सकिने पक्षसित कार्यगत एकता वा संयुक्त मोर्चा गर्ने निर्णय लिइएको छ ।

६. सङ्घर्षलाई चरणबद्ध रूपमा अगाडि बढाउने ठेगान भएको छ । तदनुसार पहिलो चरणमा पौष महिनामा पार्टी, जवस मोर्चाका बैठक बस्ने, विभिन्न पक्षसित अन्तर्क्रिया गर्ने तथा कार्यगत एकताका लागि छलफल चलाउने र आफ्नै पहलमा देशका विभिन्न शहरहरूमा विरोधप्रदर्शन कार्यक्रम सञ्चालन गर्ने । दोस्रो चरणमा माघदेखि देशव्यापी रूपमा पार्टी, संयुक्त मोर्चा, जवस मोर्चा सहितलाई समावेश गरी विभिन्न संयुक्त अभियानहरू सञ्चालन गर्ने र तेस्रो चरणमा देजमो तथा सबै जनवर्गीय मोर्चाहरूको संयुक्त पहलमा "कालापानी जाऔं" अभियान चलाउने । आवश्यकता अनुसार सङ्घर्षका कार्यक्रमलाई परिमार्जित तथा समृद्ध तुल्याउँदै जान सकिने छ ।

७. सामान्यतः विकसित पुँजीवादी देशहरू र मुख्यतः संयुक्त राज्य अमेरिकाबाट हुने अनियन्त्रित हरित ग्यास उत्सर्जनका कारण विश्वभर पैदा भएको वातावरणीय असन्तुलन र त्यसले निम्त्याउने खतराबारे जनतालाई सचेत गराउने र त्यसका विरुद्ध आवाज उठाउने निर्णय गरिएको छ ।

८. बैठकको अन्तमा महासचिव कमरेड किरणद्वारा बैठक सफलतापूर्वक सम्पन्न भएकोमा सम्बन्धित सबै कमरेडहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै तथा सबै कमरेडहरूसित लिइएका निर्णयहरूको दृढतापूर्वक कार्यान्वयन गर्न विशेष जोड दिँदै बैठकको समापन गरियो ।"

धमाधम सम्पन्न हुँदै ब्यूरो र प्रदेशका पार्टी बैठक र प्रशिक्षणहरू

पार्टीको केन्द्रीय समितिको बैठक सकिएलगत्तै क्रान्तिकारी माओवादी ब्यूरो र प्रदेशका बैठक र प्रशिक्षण कार्यक्रमहरूमा जुटेको छ । केन्द्रीय समितिले लिएका संगठन र संघर्षका निर्णयहरूका बारेमा पार्टी पंक्तिको बुझाइमा एकरूपता कायम गर्न र प्रभावकारी कार्यान्वयन गर्न पूर्वी, मध्य, पश्चिम, गैर भौगोलिक ब्यूरोको बैठक र २ नं. प्रदेशको बैठक र राजनीतिक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिसकेको छ भने आइतबार ३ नं. प्रदेशको राजनीतिक प्रशिक्षण पार्टी कार्यालय कुपण्डोल, ललितपुरमा सम्पन्न गरेको छ । प्रदेश पार्टीको बैठक सोमबार (आज) सम्पन्न हुँदैछ ।

त्यसैगरी ८ र ९ मा ४ नं. प्रदेश, ११ र १२ मा ५ नं. प्रदेश र १४ र १५ मा ७ नं. प्रदेशमा बैठक तथा प्रशिक्षणहरू सम्पन्न हुँदैछन् । पार्टी प्रदेश सम्मेलनहरू सम्पन्न हुन बाँकी प्रदेशहरू १ र ६ नं. प्रदेशमा भने बैठकहरू सम्पन्न हुने क्रममा रहेका छन् ।

पार्टी कमिटिहरूका बैठकहरूसँगै संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, जनजर्गीय तथा जातीय मोर्चाहरूका केन्द्रीय समिति तथा प्रदेश कमिटिका बैठकहरू पनि पौष महिनाभित्र सम्पन्न गर्ने गरी तीव्र रूपमा सम्पन्न हुने क्रममा रहेका छन् । पार्टीले लिएका संघर्षका कार्यक्रमहरूलाई आ-आफ्नो सोपक्षतामा कार्यान्वयनका निम्ति पार्टी सम्बद्ध जबस तथा मोर्चाहरू यतिखेर संघर्षका कार्यक्रमहरूको खाका कोर्नमा व्यस्त बनेका छन् ।

**वृहत् संयुक्त आन्दोलन उठानका निम्ति पहल**

क्रान्तिकारी माओवादीले राष्ट्रिय स्वाधीनताको आन्दोलनमा मुद्दा मिल्नेहरूसँग (सत्तारुढ पार्टीबाहेक)सँग सहकार्य गर्ने नीति लिएको छ र त्यस दिशामा पनि पहल एकसाथ अगाडि बढाएको छ । त्यसका लागि नेत्रविक्रम चन्द विप्लव नेतृत्वको प्रतिबन्धित नेकपादेखि मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल)सम्म कार्यगत एकता तथा संयुक्त मोर्चा निर्माणका निम्ति पहल अगाडि बढाएको बुझिएको छ । वृहत् राष्ट्रिय राजनीतिक आन्दोलन उठान गर्नका निम्ति दायरा फराकिलो पारी क्रान्तिकारी माओवादीले नागरिक स्तरबाट गठित सीमा बचाउँ अभियान तथा अन्य राजनीतिक पार्टी सम्बद्ध संघ संगठनहरूबाट सञ्चालित राष्ट्रिय स्वाधीनताका आन्दोलनहरूलाई वृहत् आन्दोलन उठानका निम्ति पहल थालिसकेको छ र उसले सच्चा देशभक्तहरूलाई एकजुट भएर अतिक्रमित भूमि फिर्ताको आन्दोलनमा अगाडि बढ्न आव्हान समेत गरिसकेको छ ।

## नारायण पोलिटेक्निकमा विद्यार्थीको इकाई समिति गठन



चितवन / नारायणी पोलिटेक्निक इन्ष्टिच्युटमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)को एक भेला आयोजना गरियो । उक्त भेलाले सिद्धान्त मगरको अध्यक्षतामा इकाई समितिको गठन गरेको जनाइएको छ । जसमा उपाध्यक्षमा साइमन प्रजा, सचिवमा शिव मल्ल, सहसचिवमा सन्दिप सेन्चुरी, कोषाध्यक्षमा राजन थापा रहेका छन् भने सदस्यहरूमा जितेश कुमार ठाकुर, रजित साह, भरत कँडेल, नवीन पौडेल, सागर पुरी, विभुषण गिरी, सचिन याख्वा, विक्रम राय, श्रीकृष्ण थापा, सन्देश घिमिरे, रोशन पौडेल, रोहन लामिछाने, दिपशन पौडेल, अर्जुन थापा, सञ्जिव यादव र राजेन्द्र ठाकुर रहेका छन् ।

## हार्दिक श्रद्धाञ्जली



यही मंसिर २८ गते नेकपा (क्रान्तिकारी माओवादी)का रावा बेसी गाउँपालिका वडा नं ४, डुम्रे धारापानी, खोटाङ निवासी तथा जिल्ला सहसचिव र प्रदेश नं १ सदस्य **श्री रमेश अधिकारी**को आफ्नै गाडी दुर्घटनामा परी निधन भएको हुँदा त्यस दुर्घटनाले पार्टी तथा क्रान्तिको निमित्त अपूरणीय क्षति पुगेको तथा सिङ्गो पार्टीपंक्ति दुःखित हुन पुगेको यस घडीमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सुनिल चौलागाई**
**सेक्रेटरी तथा जिल्ला संगठन परिवार**
**नेकपा (क्रान्तिकारी माओवादी)**


गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी काठमाडौं
३ नं. प्रदेश नेपाल

सूचना

१. स्वास्थ्य र पौस्टिक खान खाऔं, नियमित स्वास्थ्य जाच गरौं
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऔ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔ उपभोक्ताको जीवनसंग खेलवाड नगरौं
६. बोट बिरुवा रोपौं गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाऔं ।

भिम बहादुर शाही
प्रशासन, योजना तथा अनुगमन शाखा
गोकर्णेश्वर नगरपालिका












**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।